# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली साहित्यमा कविता र निबन्ध विधामा कलम चलाउने कवि तथा निबन्धकार दिनेश सेवाचार्य सामान्य व्यक्ति भन्दा फरक व्यक्तित्व भएका साहित्यकार हुन् । दिनेश सेवाचार्यको जन्म काभ्रे जिल्ला बनेपा न.पा. वडा नं. ३ को भोलखाटोलमा वि.सं.२०१६ सालमा भएको हो । नेपाली साहित्यमा युवा अवस्थामा कवि र निबन्धकारका रूपमा देखिएका दिनेश सेवाचार्यले सानैदेखि साहित्य रचना गर्न थालेको देखिन्छ । उनको हालसम्म प्रकाशित कविता विधाको एकमात्र **कृति शब्दहरूको भूमि** त्यस्तै **मनस्विताको खोजी** पत्रात्मक निबन्ध सङ्गह र अक्षर सम्मेलन चिन्तन सङ्ग्रह गरी जम्मा तीन वटा कृतिहरु प्रकाशित भएका छन् । कवि तथा निबन्धकार दिनेश सेवाचार्यको व्यक्तित्वमा जीवनका सम्पूर्ण पाटाहरू, दुःख-सुख, प्राप्ति-अप्राप्ति, जीवन भोगाइका अनुभव र उनले नेपाली साहित्यका क्षेत्रमा गरेका योगदानका पक्षहरूलाई सूचनाप्रद ढङ्गले प्रकाश पार्न दिनेश सेवाचार्यको जीवनी व्यक्तित्व र कृतित्व नामक यो शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्या कथन

कविता विधाको एकमात्र **शब्दहरूको भूमि (कविता सङ्ग्रह)** त्यस्तै **मनस्विताको खोजी** (पत्रात्मक निबन्ध सङ्गह) र **अक्षर सम्मेलन** (चिन्तन सङ्ग्रहका) रचयीता सेवाचार्य सफल स्रष्टाका रूपमा परिचित छन्। सेवाचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गर्न आवश्यक देखिएका पक्षहरू समस्याहरू नै मूल समस्याका रूपमा देखापर्ने हुनाले तिनै समस्याहरूलाई केन्द्रीय रूपमा उपस्थापन गरेर निम्नलिखित समस्याहरूमा केन्द्रित रही तिनको स्वरूप प्रस्तुत गरिएको छ :

(क) दिनेश सेवाचार्यको जीवनी पक्षको अध्ययन के कसरी गर्न सकिन्छ ?

(ख) दिनेश सेवाचार्यका व्यक्तित्वका पाटाहरू के कस्ता थिए ?

(ग) दिनेश सेवाचार्यको साहित्यिक यात्रा के कस्तो छ ?

(घ) दिनेश सेवाचार्यका कृतिहरूको अध्ययन के कसरी गर्न सकिन्छ ?

(ङ) दिनेश सेवाचार्यको नेपाली साहित्यमा के कस्तो योगदान रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

शोधकार्यको क्रममा शोध समस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेकाले समस्याको समाधान के-कसरी गर्ने ? भन्ने कुरामा रहेर निम्नलिखित उद्देश्यहरू राखी सोको परिपूर्तिका लागि यो शोधपत्र सम्पन्न गरिएको छ ।

(क) दिनेश सेवाचार्यको जीवनी पक्षको अध्ययन गर्नु,

(ख) दिनेश सेवाचार्यको व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु,

(ग) दिनेश सेवाचार्यको साहित्यिक यात्रा निरूपण गर्नु,

(घ) दिनेश सेवाचार्यका उपलब्ध कृतिहरूको विश्लेषण गर्नु,

(ङ) दिनेश सेवाचार्यको नेपाली साहित्यमा योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

कविता तथा निबन्ध विधामा आफ्नो रचना सिर्जना गर्ने कवि तथा निबन्धकार दिनेश सेवाचार्य नेपाली साहित्यका एक प्रतिभा भएर पनि ओझेलमा परेका व्यक्तित्व हुन् । नेपाली साहित्यको श्रीवृद्धिका लागि आफ्नो उमेरको परवाह नगरी निरन्तर लागिपरेका सेवाचार्यका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत रूपमा उनका बारेमा अध्ययन गरिएको पाइँदैन । यिनका कृतिको विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा जेजति अध्ययन भएको छ त्यो केवल परिचयात्मक मात्र छ । यसै क्रममा दिनेश सेवाचार्यका बारेमा भएका चिनारी र अध्ययनका केही पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

**मनस्विताको खोजी** कृतिको भूमिकामा शिवप्रसाद सत्याल 'पीठ' (२०६४)ले दिनेश सेवाचार्यको बारेमा "दिनेश सेवाचार्यले यस प्रकारका कृति नेपाली वाङ्मयमा दिएर अत्यन्त ठूलो कामको प्रारम्भ गर्नु भएको छ' भनेका छन् ।

**मोहन दुवाल (२०६४)ले मनस्विताको खोजी** कृतिको भूमिका पृष्ठमा "अनुकरणत्मक र अविस्मरणीय पद चिह्न छोडने व्यक्तित्व" भनेका छन् ।

**डा. कुलप्रसाद कोइराला (२०६४)ले मनस्विताको खोजी** कृतिको **कवितत्मक पुट दिइएका विचारहरू** शीर्षकको भूमिका पृष्ठमा 'दर्शनका सोपानक्रममा रहेका ध्यान, धारणा, समाधि र ऐन नियमादिलाई विभिन्नपारमा व्याख्यागर्दै मृत्यञ्जयी बन्नका निम्ति व्यक्तिभित्र रहेको उंज्जागरुक बन्नु पर्ने कुराको प्रतिपादन गरिएको छ । कवितात्मक लचकातायुक्त कोमल पदावली र कल्पनाश्रित वैचारिक पुटले गर्दा उनी गम्भीर निबन्धकार बनेका छन् ।' भनेका छन् ।

**हरि मञ्जुश्री (२०६४)ले मनस्विताको खोजी** कृतिको **अमत्यताका लागि आग्रह** शीर्षकको भूमिका पृष्ठमा सेवाचार्य आधुनिकताबाट अत्याधुनिकतातर्फ लागेका स्रष्टा हुन् भनेका छन् ।

**मधु आचार्य (२०६४)ले मनस्विताको खोजी** कृतिको **भवसागरभित्र जो देखें** शीर्षकको भूमिकामा सत्यलाई छोएर सत्यको वकालत गर्ने स्रष्टा भनेका छन् ।

**श्यामदास वैष्णव** (२०६४)ले **शब्दहरूको भूमि** कृतिको **भक्तपुरका झिल्काहरू** शीर्षकको भूमिकामा आजको समयमा सचेत बनेर इमन्दारीपूर्ण जागृतितर्फ उत्प्रेरित गर्न खोज्ने कवि भनेका छन् ।

**हरिप्रसाद पराजुली** (२०६४)**ले शब्दहरूको भूमि** कृतिको **शब्दहरूको भूमि माथिको छोटो सुस्केरा** शीर्षकको भूमिकामा व्यक्ति जीवन, समाज र सिङ्गो राष्ट्रको गरिमामय अस्तित्वका पक्षमा बोल्ने कवि भनेका छन् ।

**मुकुन्दप्रसाद उपाध्याय** (२०६४)**ले अक्षर सम्मेलन** कृतिको **मनको ऊहापोहको दस्तावेज** शीर्षकको भूमिकामा नवीन दर्शनका संस्थापक भनेका छन् ।

यसरी केही व्यक्ति तथा समालोचकहरूले दिनेश सेवाचार्यका बारेमा सामान्य जानकारी दिए तापनि उनका बारेमा व्यापक र विस्तृत रूपमा अध्ययन हुन सकेको छैन । उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको व्यवस्थित अनुसन्धान भने भएको देखिँदैन । उनका बारेमा आजसम्म भएका पूर्वअध्ययनहरू केवल परिचयात्मक मात्र भएकाले अधुरा र अपूर्ण नै रहेका छन् । त्यसकारण यिनै

अभावलाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य तयार गरिएको छ र उस शोधपत्रमा कवि तथा निबन्धकार दिनेश सेवाचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र विवेचना गर्ने प्रयास गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

शोधकार्यको अध्ययनबाट कवि तथा निबन्धकार दिनेश सेवाचार्यलाई नेपाली साहित्यिक क्षेत्रका माध्यमबाट साहित्यका पाठकमाझ चिनाउने प्रयास गरिएको छ साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा अध्ययन तथा विश्लेषण गरिने हुनाले भावी पुस्तालाई सेवाचार्यका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा यथार्थ एवम् वस्तुगत जानकारी उपलब्ध हुनेछ । यस शोधपत्रको अध्ययनबाट दिनेश सेवाचार्यका बारेमा जान्न चाहने जिज्ञासु एवम् पाठकवर्गलाई थौरै मात्रामा भए पनि लाभान्वित हुने तथ्य प्रस्तुत गरिएको हुनाले अनुसन्धान क्षेत्रमा उसको महत्व स्वतः देखिने छ । नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यस शोधपत्रले आवश्यक सहयोग पुऱ्याउनेछ साथै सेवाचार्यका बारेमा व्यक्तिगत तथा संस्थाले सुव्यवस्थित, प्रामाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोधकार्यले वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याएने भएकाले यस शोधकार्यको महत्व, औचित्यपूर्ण रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिपरेका दिनेश सेवाचार्यको जीवनी र व्यक्तित्वका साथै उनका प्रकाशित र अप्रकाशित कृति वा रचनाको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । मध्यमवर्गीय परिवारमा जन्मेर पनि नेपाली साहित्यको कविता तथा निबन्ध विधालाई थप ईंटा प्रदान गर्न सेवाचार्यको योगदान अविस्मरणीय छ । त्यसै गरी यिनका जीवनी र व्यक्तित्वका विविध आयामलाई समेत यस अध्ययनमा समेटिएको छ । समग्रमा उनका जीवनका सम्पूर्ण पाटाहरू तथा साहित्यिक योगदानको निरूपणमा यो शोधपत्र सीमित रहेको छ ।

## १.८ शोधविधि तथा सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय विधि र स्वयम् शोधनायकका आफन्तसँग अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायकसँग सम्बद्ध समकालीन साथीहरू, उनीलाई चिन्ने विभिन्न विद्वान् तथा समालोचक र गुरुहरूसँग पनि मौखिक शोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ । यसरी सामग्री सङ्लनका क्रममा प्राप्त भएका सबै तथ्य र सूचनाहरूलाई आवश्यकतानुसार वर्गीकरण र विश्लेषण गरिएको छ । सेवाचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गर्ने क्रममा मूलतः जीवनीपरक समालोचना र प्रभावपरक समालोचना पद्धतिलाई अँगालिएको छ । साथै उनका विभिन्न कृतिहरूको विश्लेषण गर्ने क्रममा आवश्यकतानुसार विभिन्न सिद्धान्तलाई पनि अँगालिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र वैज्ञानिक रूपमा सम्पन्न गर्नका लागि निम्नलिखित ५ परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : दिनेश सेवाचार्यको जीवनी

तेस्रो परिच्छेद : दिनेश सेवाचार्यको व्यक्तित्व

चौथो परिच्छेद : दिनेश सेवाचार्यको लेखनयात्रा

पाँचौ परिच्छेद : दिनेश सेवाचार्यका कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदहरू पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यो शोधपत्र सम्पन्न गरिएको छ र अन्त्यमा सन्दर्भसामग्री सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# दिनेश सेवाचार्यको जीवनी

## २.१ नामाकरण तथा बाल्यकाल

दिनेश सेवाचार्यको जन्म काभ्रे जिल्लाको बनेपा न.पा. वडा नं. ३ को भालेखा टोलमा, वि. सं. २०१६ साल पुसमा भएको थियो .[1] उनको जन्म पिता विष्णुप्रसाद सेवाचार्य र माता ज्वालादेवीका कोखबाट भएको हो ।[2] ज्वालादेवीको पहिलो कोखबाट एक छोरीको जन्मपश्चात् दिनेश सेवाचार्यको जन्म दोस्रो सन्तानको रुपमा भएको हो । विष्णुप्रसाद र ज्वालादेवीका यिनी एकमात्र छोराका रूपमा रहेका देखिएका छन् भने यिनका एक दिदी निर्मला र एक बहिनी सुस्मा रहेका छन् ।[3]

दिनेश सेवाचार्यको नामकरण पूर्वीय हिन्दु संस्कार अनुसार गरिएको पाइन्छ ।[4] यिनले साहित्यका क्षेत्रमा कुनै उपनाम राखेको पाइँदैन ।[5] विष्णुप्रसाद सेवाचार्य र ज्वालादेवीका गर्भबाट जन्मेका दिनेश सेवाचार्य त्यस परिवारका पुत्ररत्न हुन् । त्यस परिवारले यिनलाई चाहिनेभन्दा बढ्ता माया प्रदान गरी हुर्काएको देखिन्छ .[6] सेवाचार्य बाल्यकालमा अति चञ्चले स्वभावका थिए ।[7] हजुरआमा, आमाका साथै सम्पूर्ण सेवासुश्रूषा पाएका यिनी जन्मँदा मोटा र गोरा थिए ।[8] विभिन्न बालसङ्गातीहरूसँग विभिन्न बालस्वभाव अनुसारका खेल खेल्दै यिनको बाल्यकाल जन्मस्थान वनेपाकै सेरोफेरोमा बितेको थियो .[9] बाल्यकालमा पौडी खेल्न, उफ्री खेल्न र पढ्न मन पराउने यिनी विभिन्न साथीभाइ र दिदीहरूका साथमा

---

[1] ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[2] ऐजन ।
[3] ऐजन ।
[4] ऐजन ।
[5] ऐजन ।
[6] विष्णुप्रसाद सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[7] ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[8] ऐजन ।
[9] ऐजन ।

जन्मस्थानका प्राकृतिक वातावरणको रमाइलो संसारमा खेल्दै हुर्केका थिए ।[10] यसरी दिनेशको बाल्यकाल सुखसाथै बितेको पाइन्छ ।

## २.२ शिक्षादीक्षा

गाउँका सबै केटाकेटी स्कुल गएको देखेर आफू पनि स्कुल जाने भनी झगडा गर्ने सेवाचार्यलाई ५ वर्षको उमेरमा उनका बुबा विष्णुप्रसाद सेवाचार्यले हिमालय माध्यामिक विद्यालयमा भर्ना गरिदिएका थिए ।[11] भर्ना भएपछि उनले यसै स्कुलबाट अक्षरारम्भ गरेका हुन् । अनुत्तीर्ण नभई कक्षा चढ्दै गएका यिनले १५ वर्षको उमेरमा पिताले पढाउने आजाद माध्यामिक विद्यालयबाट कक्षा दशसम्मको अध्ययन पूरा गरी २०३२ सालमा द्वितीय श्रेणीमा एस्. एल्. सी. उत्तीर्ण गरेका थिए । एस्. एल्. सी. उत्तीर्ण गरेपछि उनी उच्चशिक्षका लागि काठमाण्डौं आई काठमण्डौं पब्लिक युथ कलेजमा भर्ना भए । उनले त्यहाँबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको पाइन्छ ।[12] उनको पढाइको रुचि वाणिज्य तर्फ भएकाले उनी स्नातकोत्तर तहको शिक्षाका लागि शङ्करदेव क्याम्समा भर्ना भए र त्यहाँबाट उनले स्नातकोत्तर तह उत्तीर्ण गरे ।

## २.३ पारिवारिक स्थिती र दाम्पत्य जिवन

पूर्वीय पद्धतिअनुसार आर्य संस्कृतिमा उपनयन संस्कार षोडश संस्कारभित्र पर्दछ । काश्यप गोत्रमा जन्मिएका दिनेश सेवाचार्यको उपनयन संस्कार पनि हिन्दू विधिअनुसार ९ वर्षको उमेरमा सुसम्पन्न भएको थियो ।[13]सेवाचार्यको शुभ विवाह २०४१ साल असारमा २५ वर्षको उमेरमा भयो ।[14] सेवाचार्यको विवाह घरपरिवारको योजनामुताविक काभ्रे जिल्लाकै बनेपा न.पा.का पिता गङ्गा बहादुर बादे(श्रेष्ठ) माता भुवनेश्वरी बादे (श्रेष्ठ) का सुपुत्री रीता बादे श्रेष्ठसँग भएको पाइन्छ ।[15] त्यसबेला छोरीलाई पढाउन हुँदैन भन्ने चलन भए तापनि उनले आइ.ए सम्मको शिक्षा हासिल गरेकी छिन् ।

---

[10] ऐजन ।
[11] विष्णुप्रसाद सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[12] ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[13] रीता सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[14] ज्वाला देवी बाट प्राप्त जानकारी अनुसार ।
[15] ऐजन ।

रीता सानै उमेरदेखि मृदुभाषी, सरल, स्वभाव र सहयोगी भावना भएकी नारी थिइन् र वर्तमानमा पनि उनको बानीव्यवहार यस्तै रहेको पाइन्छ ।[16]

## २.४ आर्थिक अवस्था

सेवाचार्यको वंशज परापूर्वकाल देखिनै काभ्रेको बनेपा ३ भोलखाटोलमा बस्दे आएको भएपनि पछि सेवासदनमा आई बसोबास गर्न थालेको पाइन्छ ।[17] त्यहाँ उनीहरूको प्रसस्त जग्गा रहेको कारण खेतिपाती गरेर बसेकाले दिनेश सेवाचार्यको पारिवारिक स्थिति निम्नमध्यम स्तरको रहेको देखिन्छ । परम्परित कृषि पेसालाई अँगालेका उनका परिवारको आर्थिक स्थिति सेवाचार्यको जन्म भएपश्चात् केही राम्रो हुँदै गएको कुरा सेवाचार्यकी आमा ज्वालादेवीले बताउनुभयो ।[18] त्यसपछि कृषि व्यवसायबाटै प्रशस्त आम्दानी गर्दै गएका कारण उनको परिवारको आर्थिक स्थिति वर्तमानमा सन्तोषजनक खालको रहेको देखिन्छ ।

## २.४ स्वभाव

दिनेश सेवाचार्य बाल्यकालमा अन्तर्मुखी स्वभावका थिए ।[19] यिनलाई परिवारले बालबालिकाहरूलाई दिने माया चाहिने भन्दा बढी प्रदान गरेको कारणबाट यिनको स्वभाव नरम र भद्र प्रकारको भएको देखिन्छ .[20] घरमा उनी चाँडै नरिसाउने उनको बाल्यकालीन स्वभाव रहेको देखिन्छ । आफूले भनेको कुरा गरेर छाड्ने प्रवृत्ति भएका उनी बाल्यकालदेखि नै मनका कुराहरू बाहिर नओकल्ने गर्थे ।[21] १३-१४ वर्षको उमेरदेखि नै उनी एकान्तमा बस्न मन पराउने शिष्ट र सभ्य स्वभाव उनमा रहेको देखिन्छ ।[22] यसै कारणले गर्दा उनले बहिर्जगत्सँग र अन्तर्जगतसँग सम्बन्ध राख्दै जीवनका अनभुतिहरूलाई साहित्यमार्फत बाहिर निकालेको देखिन्छ । उनी बाल्यकालदेखि नै अर्काको भलाइमा लागेका थिए । अर्काको कल्याण हुन्छ भने जस्तोसुकै कार्य गर्न पनि तत्पर देखिने सेवाचार्यले जागीरका क्रममा एक कुनै दु:खीको वेदना खप्न नसकी आफूले लगाएका ज्याकेट

---

16 ऐजन ।
17 ऐजन ।
18 ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
19 ऐजन ।
20 ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
21 ऐजन ।
22 ऐजन ।

दिई आफू स्वीटरमात्र लगाएर घरमा आएको कुरा उनकी श्रीमती रीता सेवाचार्य बताउछिन् ।[23] सबैलाई दिएर खाऊँ भन्ने सेवाचार्य परोपकारी भावना भएका व्यक्ति थिए ।[24] घरमा आएका मानिसको सोधीखोजी गर्ने, झर्को नमानी बोल्ने, बिना कुनै काम कतै नहिँड्ने स्वभाव सेवाचार्यमा रहेको पाइन्छ ।[25] सेवाचार्य मध्यम स्वरमा मीठो बोल्ने र सधैँ चिन्तनशील रहने व्यक्ति हुन् ।[26] कामप्रति लगनशीलता भएका सेवाचार्य विद्यार्थी कालमा अत्यन्तै विनयशील, मृदुभाषी, नम्रस्वभाव, मिलनसार र स्वभिमानी स्वभाव भएका व्यक्ति थिए ।[27] महत्वाकाङ्क्षाभन्दा आफूलाई टाढा राखी साहित्यको सेवामा जीवन नै समर्पित गरी नेपाली साहित्यको समृद्धिका लागि मरिमेट्ने सेवाचार्यको विशेष गुण रहेको देखिन्छ ।[28] सबैप्रति समान व्यवहार गर्नु, जातीयताका आधारमा कसैमाथि भेदभाव नराख्नु, सदाचार र सत्कर्म तथा धार्मिक महत्वमा विश्वास राख्नु उनका चारित्रिक विशेषता रहेको पाइन्छ .[29] अनावश्यक कुराको वास्ता नगर्ने, बोल्दाखेरि केही हाँसेर बोल्ने स्वभाव सेवाचार्यमा रहेको पाइन्छ .[30] चर्को एवम् उग्रस्वर र अहङ्कारपूर्ण शैली, उनको बोली वा गफ र लेखाइमा पाइँदैन .[31] सेवाचार्य घरको कामसँगै साहित्यका कुनै पनि पक्षको अध्ययन तथा सिर्जनामा नै समय बिताउने गर्दथे ।[32] समग्रमा भन्नुपर्दा शिष्टता, भद्रता, विनयशीलता एवम् सहयोगी भावना सेवाचार्यमा पाइने चारित्रिक विशेषता हुन् ।

## २.६ रुचि

दिनेश सेवाचार्यका रुचिका विषय समाजसेवा, अध्ययन र साहित्य सिर्जना रहेको पाइन्छ । साहित्यिक कृतिहरूको रचना गर्नाका अतिरिक्त विभिन्न विशिष्ट

---

23 ऐजन ।
24 ऐजन ।
25 ऐजन ।
26 रीता सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
27 ऐजन ।
28 ऐजन ।
29 ऐजन ।
30 ऐजन ।
31 ऐजन ।
32 ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।

साहित्यकारहरूको रचनाको अध्ययन गर्न तथा देश-विदेशका समसामयिक विषयहरूको अध्ययन गर्न रुचि राख्दथे । उनी स्कुले जीवन देखि नै समाजसेवामा लागेको उनकी आमा ज्वालादेवी बताउनु हुन्छ ।[33]

सेवाचार्य घरको अत्यावश्यक कामबाहेक अन्य समय खेल्न, साथीहरूको नेतृत्व गर्न, साहित्यको अध्ययन, विश्लेषण तथा साहित्यसिर्जना गर्न रुचि राख्ने भएकाले उनका कृति गम्भीर, समसामयिक, सामाजिक विकृतिको जरा उखेल्न सक्ने खालका देखिन्छन् । पाश्चात्य संस्कृतिको विरोध गर्दै पूर्वीय अध्यात्मवादी दर्शनलाई आत्मसात् गर्दै सेवाचार्यले सम्पूर्ण नेपाली जनमानसलाई आफ्नो संस्कृतिको रक्षा गर्न आफ्ना कृतिहरूमार्फत आह्वान गरेका छन् । घरको काममा दैनिक ३-४ घन्टा खट्ने सेवाचार्यले अन्य समयमा साहित्यका कविता र निबन्ध विधामा सशक्त रूपमा कलम चलाएको पाइन्छ । जे लेखे पनि अनवरत स्वतःस्फूर्त रूपमा एकै बसाइमा लेख्न सक्ने सेवाचार्यको लेखाइमा केही कसरमसर रहने गरेको पाइन्छ ।[34] दोस्रो, तेस्रोपटकसम्म साफी गर्नुपर्ने उनको लेखाइ रहे पनि मझौला खालका एकै नासका अक्षरहरू लेख्ने गर्दथे । केही केरमेट भए पनि व्यवस्थित र गुणात्मक लेखाइ सेवाचार्यका लेखनगत विशेषता रहेको पाइन्छ ।[35]

धर्ममा गहिरो आस्था राख्ने सेवाचार्य बिहानबेलुका नित्यकर्म तथा मर्निङ्वाक गर्ने गर्थे । कवि शिरोमणि लेखनाथ पौड्याल र महाकवि लक्ष्मीप्रसाद देवकाटा एवम् संस्कृत साहित्यका महाकवि कालिदासका साहित्यिक रचनाहरू अध्ययन गर्न रुचि राख्ने सेवाचार्य विशेष गरी दुर्गा, आफ्ना कुलदेवता र शिवको पूजा गर्न मन पराउँथे । हिन्दु तथा बौद्ध संस्कृतिलाई आत्मसात् गर्ने उनलाई सङ्गीतको धुन सुन्न अत्यन्त मन लाग्ने गरेको पाइन्छ ।[36]

मिष्ठान्न खान निकै मन पराउने उनी साधारण पोसाक सर्ट, पाइन्ट लगाउन मन पराउँथे । उनी समय समयमा कपडा फेरी फेरी लगाउँन मन पराउँथे । उनी अरू कुराभन्दा पढ्न र लेखनमै बढी रुचि राख्ने भएका व्यक्तित्व थिए ।[37] साथीहरूसँग अत्यन्तै मिल्ने हुनाले उनी धेरै साथी बनाउन मन पराउँथे । स्कुलको

---

33 ऐजन ।
34 रीता सेवचार्यबाट प्राप्त जानकारीअनुसार ।
35 ऐजन ।
36 ऐजन ।
37 ऐजन ।

कार्यक्रममा सानैदेखि भाग लिने र कविता वाचन गर्ने उनको रुचि थियो । उनको नयाँ नयाँ मोबाइल चलाउँने ,अरुको फोटो खिच्ने ,नयाँ नयाँ सामान प्रयोग गर्ने उनको सौख थियो । अझ उनमा समाज सेवा गर्ने ठूलो रुचि रहेको पाइन्छ । उनलाई खानामा सबैभन्दा बढी केराउ ,मुला ,गाजर ,काँक्रो मन पर्दथ्यो । उनलाई खेलमा भलीवल मन पर्दथ्यो ।

## २.७ पेशा र संस्थागत संलग्नता

साहित्यसेवामा जीवन नै समर्पण गरेका सेवाचार्यले छोटो जीवन यात्रामा धेरै कार्यहरू गर्न सफल भएको देखिन्छ । समाज तथा साहित्यसेवा नै जीवनको प्रमुख लक्ष्य लिई अगाडि बढेका उनी विभिन्न संघ संस्थासँग आबद्ध रहेका छन् ।[38] त्यसै गरी समाजको विकास भएन भने राष्ट्रको विकास हुन र सामाजिक परिवर्तन हुन असम्भव छ; त्यसैले सामाजिक परिवर्तन नै राष्ट्रको विकासको पहिलो खुड्किलो ठान्ने सेवाचार्य नुजभुमी युवा क्लबका सचिव दिमा रहेर काम गर्दै सामाजिक क्षेत्रमा प्रवेश गरेपछि उनी रोटरी क्लव अफ काभ्रे तथा जेसिस फ्यामली प्लानिङका संस्थापक अध्यक्षका रूपमा रही कार्य गरेको देखिन्छ ।[39] सेवाचार्य २०५६ सालमा प्रस्तावित तथा २०५७ सालमा स्थापित रोयल मर्चेन्ट बैङ्कका संस्थापकमध्ये एक हुन् । उनी जीवन भर यही संस्थाको विकासमा लागी परे । आफ्नो कार्यकालको समयमा यथाशक्य तन, मन र धनले योगदान दिई उनले आफू सम्बद्ध संस्थाका कार्यकाल राम्ररी पूरा गरेको देखिन्छ ।[40]

## २.८ भ्रमण

दिनेश सेवाचार्य सानै उमेरदेखि भ्रमणप्रति रुचि राख्ने व्यक्ति हुन् । विभिन्न स्थानको भ्रमण गरी नयाँनयाँ कुरा जान्ने सौख सेवाचार्यमा रहेको पाइन्छ ।[41] त्यसैअनुरूप दिनेश सेवाचार्यले विभिन्न उद्देश्य लिएर नेपाल, भारतका साथै विभिन्न

---

38 ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
39 ऐजन ।
40 ऐजन ।
41 ऐजन ।

देशको विभिन्न ठाउँको भ्रमण गर्नुका साथै नेपालको सोलु, काठमाडौँ, पाँचथर, फिदिम आदि स्थानहरूको पनि भ्रमण गरेको देखिन्छ ।[42] सेवाचार्यले आफ्नो जीवनको अन्तिम अवस्थातिर देशबाहिर भारतका विभिन्न तीर्थस्थल हरिद्वार, वाराणासी, अयोध्या आदिको भ्रमण गरेका थिए ।[43]

सेवाचार्यले उपर्युक्त भ्रमणहरूमा अनुभव गरेका, भोगेका र देखेका विविध विषयलाई आफ्ना रचनामा चित्रण गरेको पाइन्छ । उनका भ्रमणहरू प्रायः शुद्ध यात्रामा आधारित रहेका छन् । पूर्वीय आर्य तथा बौद्ध संस्कृतिलाई नेपालीमाझ चिनाउने प्रयासमा जुटेका सेवाचार्य भ्रमण गर्दा त्यहाँको प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा सौन्दर्य र आधुनिक विकासको अवलोकन गर्ने, विभिन्न तीर्थस्थलहरूमा भएका देवीदेवताको स्वरूपको अध्ययन गर्ने र त्यसैका आधारमा रचना गर्ने गरेको कुरा अवगत हुन्छ । विभिन्न विशिष्ट विद्वान्हरूसँगको भेटघाट, विभिन्न नयाँ कुराहरूको अवलोकन, विभिन्न विकासको अवस्था, सामाजिक संरचनाको अवस्थालाई भ्रमणका समयमा हृदयङ्गम गर्दै विभिन्न क्षेत्रमा देखिएका विकृतिहरूलाई निर्मूल पार्न उनी साहित्यका तर्फबाट लागेका देखिन्छन् ।[44] यसरी उनका भ्रमणहरू शुद्ध यात्रामा आधारित भए पनि सार्थक हुन पुगेको पाइन्छ ।

## २.९ साहित्यिक र जीवनसम्बन्धी मान्यता

आफ्नो जीवन साहित्य र समाजसेवामै समर्पित गरेर जीवन उत्सर्ग गरेका सेवाचार्यका हरेक क्षेत्रमा आफ्ना मौलिक धारणा वा मान्यता रहेका छन् । विचारको प्रस्तुति नै साहित्य भएकाले विभिन्न साहित्यकारले आ-आफ्ना विचारहरू आफ्नै तरिकाले प्रस्तुत गरेका हुन्छन् । दिनेश सेवाचार्य पनि एक साहित्यकार भएकाले हरेक क्षेत्रमा आफ्ना धारणा वा दर्शन एवम् मान्यतालाई प्रस्तुत गर्दै जीवन सञ्चालन गर्ने गरेको पाइन्छ । सेवाचार्य जीवन नै कविता हो, जीवन आध्यात्मिक भौतिकवादमा आधारित रही सञ्चालन गर्नुपर्दछ, काव्य प्रयोगवादी हुनुपर्छ, काव्यको प्रयोजन स्वान्त सुखयमा आधारित हुनुपर्दछ, काव्य राजनीतिदेखि टाढा हुनुपर्दछ, काव्यमा सौन्दर्य अङ्गालिएको हुनुपर्दछ, काव्य भन्नु वर्णनात्मक विषय हो र

[42] ऐजन ।
[43] ऐजन ।
[44] ऐजन ।

कविको कर्म नै काव्य भएकाले कुनै विषयवस्तुसँग सम्बन्धित रहेर व्याख्यात्मक वा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको रचना नै साहित्य हो भन्ने उनको ठहर रहेको पाइन्छ ।[45] साहित्य सत्यम्, शिवम् र सुन्दरम्मा आधारित हुनुपर्दछ । यिनै तत्त्वको भूमिकामा साहित्यको जन्म हुने कुरा उनी ठान्दथे । जीवन र साहित्यको नङ र मासुको जस्तै सम्बन्ध हुनुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ ।[46] मानवीय संवेदनालाई चरितार्थ गर्दै जीवनको सुन्दर भावलाई काव्यको प्रमुख रूप मान्ने सेवाचार्य प्रेषक र पाठकका माध्यमबाट नै साहित्यको जन्म हुन्छ भन्ने कुरामा विश्वास राख्दथे ।[47]

दिनेश सेवाचार्य जातीय सद्भावको संस्कारलाई नराम्रो दृष्टिकोणले हेर्ने गर्दथे । समाजमा महिलाहरू शोषित र पीडित छन् उनीहरूको मुक्तिका लागि युवा पुस्ता नै अग्रसर हुनुपर्दछ भन्ने उनको धारणा रहेको थियो ।[48] मानिसले कर्म गर्नु पर्दछ तर फलको आशा गर्नु हुँदैन । कुनै आशा नगरी गरिएको कर्म नै शुद्ध कर्म हो र यही कर्मले मानिसलाई गन्तव्यस्थलमा पुऱ्याउन सफल हुन्छ भनी उनी भन्दथे ।[49] मानवले कर्म गर्दा भगीरथ प्रयत्न गरेर भए पनि सफल भई छाड्नु पर्दछ । कर्म गरेर बीचमा छोड्नु हुन्न भन्ने उनको धारणा रहेको पाइन्छ ।

लेखकले उद्देश्यपूर्ण भएर साहित्य लेख्नुपर्दछ । साहित्यले मानवसमाजको परिवर्तन गर्न सक्नु पर्दछ । प्रयोजन बिना मूर्ख पनि कुनै कार्यमा प्रवृत्त नहुने हुँदा साहित्य रचनाको प्रयोजन साहित्यकारमा हुनै पर्दछ भनी उनी ठान्दथे ।[50] जीवनमा धर्म र आर्यसंस्कृतिलाई मानवले कहिल्यै बिर्सनु हुँदैन । यदि बिर्सियो भने ऊ नैतिक चरित्रबाट तल गिर्दछ भन्ने उनको मान्यता रहेको पाइन्छ ।[51]

पूर्वीय आर्यसंस्कृति नै संसारको सबैभन्दा उत्तम संस्कृति हो । आफू हिन्दु भएर जन्मन पाएकोमा गौरव गर्ने उनी अरूलाई पनि हिन्दु धर्म नछोड्न अनुरोध गर्दथे । नेपाल बहुजाति, बहुभाषा, बहुसंस्कृति आदिले भरिपूर्ण देश भएकाले आ-

---

[45] ऐजन ।
[46] ऐजन ।
[47] ऐजन ।
[48] ऐजन ।
[49] ऐजन ।
[50] ऐजन ।
[51] ऐजन ।

आफ्नो मौलिक जाति, संस्कृति र भाषाको प्रयोग गर्नु प्रयोग कर्ताको मौलिक आधिकार हो । त्यसैले त्यस अधिकारलाई कसैले हनन् गर्नु वा मेटाउन खोज्नु हुँदैन भन्ने उनको धारणा वा मान्यता रहेको देखिन्छ ।[52] आफ्नो व्यवहार राम्रो भए मात्र अरूले आफूलाई सम्मान गर्दछन् । आफू सम्मानित हुन अरूलाई सम्मान गर्न जान्नु पर्दछ भन्ने उनको मान्यता रहेको पाइन्छ ।[53] विशेषतः यिनै मूल धारणा वा मान्यतालाई उनले जीवनमा अङ्गालेको पाइन्छ ।

## २.१० सुखदुःखका क्षण

जीवनलाई सार्थक बनाउन साहित्य सेवामा जीवन व्यतीत गरेका सेवाचार्य साहित्यको रचना गर्दा आफू अत्यन्त सुखी भएको अनुभव गर्दथे । आफूले एक कुशल शिल्पी भगवान्को वरदानद्वारा पाएको भन्ने उनी आफ्नो प्रतिभा देखेर आफैं छक्क  पर्दथे ।

जीवनमा उनीलाई दुःख लाग्ने कुरा चाहिँ नेपालमा साहित्यकारहरूको अवस्थालाई लिन्थे । आफ्नो जीवनलाई नै समर्पित गरेर साहित्यको सेवामा लागेका आफूजस्ता साहित्यकारहरूको उचित मूल्याङ्कन नभएकाले यस कुरामा म ज्यादै दुःखी छु भनी उनी भन्दथे .[54]

---

[52] ऐजन ।
[53] ऐजन ।
[54] ऐजन ।

## २.११ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्यिक क्षेत्रमा आकर्षित भएको घटना र कारण सम्झन सक्दिनँ[55] भन्ने सेवाचार्यले साहित्यिक लेखनको प्रेरणा आफ्नो बुबाबाट पाएको देखिन्छ । बुबा गाउँका प्रख्यात व्यक्तित्व भएका कारण उनले साहित्य लेखनमा मौका पाएकाले उनी साहित्यतिर प्रवृत्त भएको पाइन्छ ।[56] यसरी साहित्यतिर झुकाव राखेका सेवाचार्यले एस्. एल्. सी. को पढाइपछि उच्च शिक्षा पढ्न थालेको र साहित्यरचना गर्न थालेको पाइन्छ । १४ वर्षको कलिलो उमेर देखिनै साहित्यिक रचना गर्न थालेका सेवाचार्यलाई[57] देवकोटाका **'शाकुन्तल, सुलोचना'** र अङ्ग्रेजी फुटकर कविता पढेका कारण सेवाचार्यलाई यी कविता सङ्ग्रह तथा देवकोटाका रचनाहरूले पनि साहित्यरचना गर्न आकर्षित पारेको पाइन्छ ।[58] त्यस्तै कालिकासका **'कुमारसम्भव'** र **'रघुवंश'**को अध्ययन तथा लेखनाथीय काव्यहरूले पनि उनलाई साहित्य रचना गर्न प्रेरित गरेको स्पष्ट हुन्छ ।[59] सबैभन्दा मुख्य कुरा चाहिँ उनी जन्मजात रूपमा साहित्य रचना गर्ने प्रतिभा लिएर यस धर्तीमा आएको देखिन्छ । उनीभित्र रहेको विपूल कल्पनाशक्तिका कारण उनले कविता र निबन्ध सङ्ग्रह रच्न सकेको कुरा उनका कविता र निबन्ध सङ्ग्रहहरूको अध्ययनबाट थाहा हुन्छ । यसरी विभिन्न कारणहरूले गर्दा उनी साहित्य रचनातिर प्रवृत्त भएको पाइन्छ ।

## २.१२ पुरस्कार तथा सम्मान

दिनेश सेवाचार्य सामाजिक तथा साहित्यको क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याउने स्रष्टा हुन् । उनले सामाजिक तथा साहित्यिक क्षेत्रमा योगदान गरेबापत उनको नाममा २०६५ सालमा रु चार लाखको अक्षयकोष खडा गरी दिनेश सेवाचार्य नामक मानवअधिकार पुरस्कार दिइदै आइएको छ । सामाजिक तथा साहित्यिक क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिलाई रु पच्चिस हजारको दरले प्रदान गरिदै आइएको छ । यो पुरस्कार प्रत्येक डिसेम्बर १० तारिखका दिन प्रदान

[55] ऐजन ।
[56] ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[57] ऐजन ।
[58] ऐजन ।
[59] ऐजन ।

गरिदै आइएको छ भने यसको सम्पूर्ण व्यवस्था मानव अधिकार संगठनले गर्दै आएको छ ।

## २.१३ मृत्यु

दिनेश सेवाचार्यलाई २०६२ सालमा पेटको क्यानसर भएको प्रमाणित भएको पाइन्छ । कयौं प्रयास गरे पनि उनको रोग निको हुन सकेन तर अप्रेशन पछि क्यानसरको किटाणु भेटिएन त्यस पछि उनी विभिन्न ठाउँको भ्रमणमा निस्किए । तर २०६४ सालमा पुनः परीक्षण गराउने क्रममा उनको लिभरमा क्यानसरका किटाणु देखियो । तर उनको यस पटक कुनै पनि उपचार लाग्न सकेन र २०६४साल माघ २१ गते यस धर्तीबाट सदाका लागि विदा भए ।[60] यसरी नेपालका एक होनाहर साहित्यकार दिनेश सेवाचार्यका अवशान भएको देखिन्छ ।

यिनको मृत्युले सबैलाई दुःखी तुल्याउँछ र मर्माहत पनि बनाउँछ । नेपालमा यिनीजस्ता साहित्यकारको योगदानको मूल्य नहुनु तथा विभिन्न साहित्यकारहरूले रचना गरेका बहुमूल्य कृतिहरू त्यसै कुहिएर जानु, आजका युवा साहित्यकारहरूको अवस्था रहेको छ । यस्तो अवस्थालाई आत्मसात् गर्दै साहित्यकारहरूका उत्कृष्ट कृतिहरू प्रकाशन गर्ने कार्य सरकारी तवरबाट हुनु जरूरी देखिन्छ ।

---

[60] ऐजन ।

# तेस्रो परिच्छेद

# दिनेश सेवाचार्यको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[61] यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथीसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।[62]

दिनेश सेवाचार्यको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको पाइन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक तथा शैक्षिक पक्षले महत्वपूर्ण भूमिका खेलेको छ ।

दिनेश सेवाचार्यले नेपाली साहित्यको समुन्नतिका लागि अथक मिहिनेत गरेका थिए । नेपाली राष्ट्र र राष्ट्रियताका लागि विशिष्ट काम गरेका सेवाचार्यले आफ्नो गाउँघरदेखि नेपाल तथा भारतका विभिन्न तीर्थस्थल आदि क्षेत्रको भ्रमणका समयमा अनुभव गरेका विषय, त्यहाँको साहित्यिक वातावरण एवम् आफ्नो जीवन भोगाइका सन्दर्भमा विभिन्न ठाउँका सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान्, इष्टमित्र, हजुरबा, पिता आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका

---

61 केशवप्रसाद एपाध्याय, मोतीरामको व्यक्तित्व र योगदान', **मोतीमनीस्वताको ग्रन्थ**, (काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९) ।

62 वीरेन्द्र नेपाल, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६४), पृ. ३३ ।


थिए । यी प्रभाव र प्रेरणाबाट निर्मित सेवाचार्यको व्यक्तित्वका केही पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको  छ :

## ३.२ आन्तरिक व्यक्तित्व


दिनेश सेवाचार्य करिब पाँच फुट, ४ इन्च उचाइ भएका शान्त प्रकृतिका व्यक्तित्व थिए । गहुँगोरो वर्ण, ठूला आँखा, मोटोघाटो शरीर, चेप्टो र हलुका गोलो परेको नाक, ठूलो निधार, ठिक्कका कान, मिलेका दाँत, मझौला कद, गम्भीर मुखाकृति, मध्यम स्वरको बोली आदि अङ्गहरूले दिनेश सेवाचार्यको शारीरिक बनोट निर्माण भएको देखिन्छ । जीवनको सञ्चालनमा वा दैनिक खानपिनमा केही ध्यान दिने सेवाचार्यलाई बाँचुन्जेल सामान्य प्रकृतिका विपरीत समयमा आइपर्ने ज्वरो, रुघा, खोकी आदि रोग केही दिन लागे तापनि पछिल्लो समयमा क्यानसर जस्तो गम्भीर रोग भने लागेको पाइन्छ ।[63] सरल, विनम्र, मृदुभाषी र मिलनसार स्वभावका सेवाचार्य त्यत्तिकै गम्भीर र मनोबलयुक्त थिए । उनी कुनै पनि काम गर्दा अत्यन्त धैर्यका साथ कार्यप्रति लगनशील देखिन्थे र आफ्नो हैसियतभन्दा माथिको कार्य नगर्ने तथा हात हालेको कार्य फत्ते गरेरै छाड्ने प्रवृत्ति उनमा रहेको पाइन्छ ।[64]

## ३.३ बाह्य व्यक्तित्व

केही क्षेत्रमा गरेको भूमिका र योगदानका कारण सेवाचार्यको बाह्य व्यक्तित्व सम्मान गर्न योग्य रहेको पाइन्छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ; ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय रहेको छ । दिनेश सेवाचार्यको व्यक्तित्वलाई निम्नलिखित केही पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ :




[63] ज्वालादेवी सेवाचार्यबाट प्राप्त जानकारीअनुसार ।
[64] ऐजन ।



दिनेश सेवाचार्यका व्यक्तित्वका विविध पाटाहरू

साहित्यिक व्यक्तित्व

निबन्धकार व्यक्तित्व

साहित्येतर व्यक्तित्व

## ३.३.१ साहित्यिक व्यक्तित्व

दिनेश सेवाचार्यले शिक्षा आर्जन गर्दागर्दै २०४८ बाट साहित्यिक लेखन प्रारम्भ भएको पाइन्छ । यिनको साहित्यिक व्यक्तित्व स्रष्टा व्यक्तित्वमा मात्र केन्द्रित रहेको पाइन्छ ।

### ३.३.१.१ निबन्धकार व्यक्तित्व

दिनेश सेवाचार्यले **मनस्विताको खोजी** निबन्ध सङ्ग्रह र **अक्षर सम्मेलन** चिन्तन सङ्ग्रह लेखेका छन् । **'मनस्विताको खोजी'** पत्रात्मक निबन्ध सङ्ग्रहमा सङ्ग्रहित भएका आठवटा पत्रात्मक निबन्धहरू भावहरूसँग सम्बन्धित रहेका छन् । जीवन भोगाइका क्रममा सेवाचार्यले देखेका, भोगेका, अनुभव गरेका र घटेका घटनाहरूको परिस्थितिलाई विषयवस्तु बनाएका छन् । यस्ता विषय बनाएर लेखिएका पत्रात्मक निबन्धहरू विभिन्न समयमा विभिन्न प्रयोजनका लागि गरिएको स्वदेशयात्रा तथा विदेश यात्रासँग सम्बन्धित रहेका छन् ।

निबन्कारका मनमा उठेका विभिन्न प्रयोजनका लागि विभिन्न समयमा सङ्कलन गर्दाका अनुभव गरिएका विषयहरूलाई समेटेर लेखिएका यस सङ्ग्रहमा सङ्कलित पत्रात्मक निबन्धहरूमा **समिधा ,नयना, निहारिका ,दर्शन** र **मनस्विताका** शीर्षकमा पाँच वटा रहेका छन् । **अक्षर सम्मेलन**मा चिन्तनकारका चिन्तनहरू अक्षर वा वर्णहरूको क्रमअनुसार व्यक्त

भएका छन् । प्रस्तुत कृतिमा मानवीय जीवनसँग सम्बन्धित प्रेम, यौन, राजनीति, दर्शन, भाषा, साहित्यजस्ता विविध विषयबाट चिन्तनकारका चिन्तन प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा पूर्वीय एवम् पाश्चात्य अध्यात्म तथा भौतिक दर्शनहरूको समन्वय गरिएको छ । प्रस्तुत कृतिमा स्वरवर्ण र व्यञ्जन वर्गहरूको विन्यासक्रमका आधारमा चिन्तनहरू प्रस्तुत गरिएको छ । कतै कविता, कतै मुक्तक, कतै चम्पू, शैलीको प्रयोगले प्रस्तुत कृति नवीन र मौलिक रहेको छ । प्रस्तुत कृति प्रारम्भ, स्वरसमूह, व्यञ्जनसमूह, संयुक्तक्षरसमूह र उपसंहार गरी पाँच भागमा विभाजित छ ।

### ३.३.१.२. कवि व्यक्तित्व

दिनेश सेवाचार्यले पूर्वीय साहित्यिक मान्यताका आधारमा कविता विधाका तीनवटा रूप फुटकर कविता, खण्डकाव्य र कविता सङ्ग्रहमा कलम चलाएको पाइन्छ । उनले कविता विधामा केन्द्रित भई कविता रचना गरे पनि उनको एकमात्र कृति **शब्दहरुको भूमि** कविता सङ्ग्रह वर्तमानमा प्रकाशित छ । यो कृति प्रयोगवादी ढाँचालाई अनुशरण गरेर रचना गरिएको छ । **शब्दहरूको भूमि** कवितासङ्ग्रहका कविताहरूमा प्रयोगवादी भावावेगका क्रममा देखिएका समाजका अन्याय, रूडि मान्यता, अन्धविश्वास तथा कुसंस्कारहरूको प्रगतिवादी दृष्टिले हेरिएको पाइन्छ । प्रस्तुत कविता सङ्ग्रहका कवितामा प्रयोगवादी विचरणका क्रममा समाजलाई उन्नति र प्रगतिको बाटोमा लैजाने भावका कविता प्रस्तुत गरिएको छ । यस कविता सङ्ग्रहमा लामा छोटा गरी १४४ वटा मुक्तक तथा कविताहरु सङकलित गरिएका छन् ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

रुचि, सहभागिता र प्रतिभाका कारणले निर्माण भएको उनको व्यक्तित्वको अर्को पाटो साहित्येत्तर व्यक्तित्व पनि हो । यस साहित्येत्तर व्यक्तित्वअन्तर्गत उनको एकमात्र सामाजिक व्यक्तित्व देखापर्दछ । उनको सामाजिक व्यक्तित्वलाई निम्नलिखित रूपमा वर्णन गर्न सकिन्छ :

### १. सामाजिक व्यक्तित्व

साहित्यसेवामा जीवन नै समर्पण गरेका सेवाचार्यले छोटो जीवन यात्रामा धेरै कार्यहरू गर्न सफल भएका छन् । साहित्यसेवा नै जीवनको प्रमुख लक्ष्य लिई अगाडि बढेका उनी सार्वजनिक पुस्तकालयमा आबद्ध रहेका थिए । पुस्तकालय नै साहित्यको विकासको प्रमुख आधार हो भन्ने मान्यता उनमा रहेको थियो । त्यसैगरी समाजको विकास भएन भने राष्ट्रको विकास हुन र सामाजिक परिवर्तन हुन असम्भव छ; त्यसैले सामाजिक परिवर्तन नै राष्ट्रको विकासको पहिलो खुड्किलो ठान्ने सेवाचार्यले आफ्नो कार्यकालको समयमा यथाशक्य तन, मन र धनले योगदान दिई उनले आफू सम्बद्ध संस्थाका कार्यकाल राम्ररी पूरा गरेको पाइन्छ ।

## ३.३.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

दिनेश सेवाचार्यले आफ्नो जीवनको यात्रामा केही क्षेत्रमा संलग्न भई कार्य गरेको पाइन्छ । तिनै कार्यहरूले सेवाचार्यको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

साहित्य सेवा नै सबैभन्दा ठूलो सेवा हो भन्ने सेवाचार्यले आफूले भ्रमण गरेका समयमा देखेका विषयहरूको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गएको पाइन्छ । साथै उनले गरेका स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा पर्न गएको पाइन्छ ।

दिनेश सेवाचार्यको कृतिलेखनमा उनको शिक्षाले प्रभाव पारेको देखिन्छ । अङ्ग्रेजी, नेपाली र हिन्दी भाषाका ज्ञाता सेवाचार्यले संस्कृतको अध्ययन गर्न थालेपछि संस्कृतको अथाह ज्ञान र चिन्तन मननले गर्दा उनमा ज्ञान भरिएको पाइन्छ । यही ज्ञानलाई प्रदान गर्न आफ्नो मुख्य कार्यक्षेत्रको रूपमा साहित्य रचना गर्न उनी सफल देखिन्छन् । प्रारम्भमा सरल सिर्जना क्षेत्रबाट बिस्तारै गहन क्षेत्रतिर उनको लेखनकार्य मोडिएको पाइन्छ । अङ्ग्रेजी तथा नेपाली साहित्यको गहन अध्ययन गरी काव्य रचना गर्न थालेका सेवाचार्यले नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय  योगदान गरी विभिन्न कृतिहरू लेखिसकेकाले शैक्षिक जीवनले उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा स्थान ओगटेको छ।

दिनेश सेवाचार्यलको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृतिलेखनमा अर्न्तसम्बन्ध कायम गरेको पाइन्छ । उनी साहित्य रचनामै प्रायः व्यस्त रहेका छन् । उनका प्रकाशित भएका कृति गहन देखिन्छन्; पठनयोग्य छन् । सेवाचार्यको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिमाणस्वरूप उनले साहित्य सिर्जना गर्न सकेका हुन् । उनको कृतिको अध्ययनबाट उनको मस्तिष्क विद्वत्ता र साधनाले भरिपूर्ण रहेको पाइन्छ ।

दिनेश सेवाचार्यले विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा देश तथा विदेशका विभिन्न भागहरूका जातीय, सांस्कृतिक र भाषिक अध्ययन र दृश्यावलोकन गरेका छन् । त्यही भ्रमणका समयमा गरेका अनुभव र दृश्यावलोकनका घटनालाई उनले साहित्य सृजनाको मुख्य विषय बनाएका छन् ।

यसरी हेर्दा दिनेश सेवाचार्यको समग्र जीवनीका मूलभूत पक्षहरू, महत्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षाको ग्रहणस्वरूप उनले नेपाली साहित्यको क्षेत्रमा ठूलो योगदान दिएका छन् । यसरी हेर्दा अत्यन्त परिश्रमी, व्यस्त, गहन अध्ययन गर्ने सेवाचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर एकअर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

# चौथो परिच्छेद

## दिनेश सेवाचार्यको लेखनयात्रा

## ४.१ लेखनयात्रा

दिनेश सेवाचार्य नेपाली साहित्यमा सबैभन्दा छोटो समयमा स्थापित भएका साहित्यकारका रूपमा चिनिँदै आएका छन् । नेपाली साहित्यका निबन्ध र कविता विधामा अमूल्य योगदान दिएका यिनको कृतित्वलेखन नेपाली साहित्यमा समर्पित भएको देखिन्छ । ४८ वर्षको छोटो जीवनयात्रामा दुईवटा निबन्ध सङ्ग्रह र एउटा कविता सङ्ग्रह रचना गरेको देखिन्छ । २०४८ सालबाट उनको लेखनयात्रा प्रारम्भ भएको पाइन्छ । त्यसैले यस परिच्छेदमा उनले लेखेका कृतिहरूका आधारमा उनको लेखन जीवन भोगाइको निरूपण गरी उनका लेखनगत विषयवस्तु र भाषाशैलीका आधारमा लेखन यात्राको चरण विभाजन गरी सम्बन्धित चरणमा लेखिएका वा प्रकाशित भएका कृतिहरूका आधारमा उनको लेखक व्यक्तित्वका प्रवृत्तिहरू केलाइएको छ ।

नेपाली साहित्यको निबन्ध र कविता विधामा कलम चलाई नेपाली साहित्यको श्रीवृद्धिमा लागिपरेका सेवाचार्यले कृतिहरूमा आफ्नो प्रतिभाको प्रदर्शन उत्कृष्ट रूपमा गरेका छन् । कविताकै क्षेत्रबाट सिर्जना कला प्रारम्भ गरेका उनका अधिकांश कृतिहरू अप्रकाशित अवस्थामा रहेका छन् भने उनको हालसम्ममा तीन वटा कृतिहरू प्रकाशित भएका छन् । यस परिच्छेदमा प्रकाशित कृतिको आधारमा भन्दा पनि उनको लेखनको समग्र यात्रालाई समेटेर उनको लेखन यात्राको निरूपण गर्ने काम गरिएको छ ।

## ४.२ दिनेश सेवाचार्यको लेखन यात्राको चरण विभाजन

छोटो जीवनमा धेरै कृतिहरू लेखिसकेका सेवाचार्यले उत्कृष्ट कविता र निबन्ध सङ्ग्रहहरू रचना गरेको देखिन्छ । उनका कविता र निबन्ध सङ्ग्रहहरू पौराणिक, सामाजिक, ऐतिहासिक र धार्मिक विषयवस्तुमा केन्द्रित रहेका छन् । नेपाली साहित्यको विकासका लागि जीवन नै समर्पण गरेका सेवाचार्यलको समग्र साहित्य लेखनको यात्रालाई २ चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१ पहिलो चरण : सुरु देखि २०६३ सालसम्म ।

२. दोस्रो चरण : २०६३ देखि २०६४ सालसम्म ।

**१. पहिलो चरण**

दिनेश सेवाचार्यको लेखनजीवन भोगाइको पहिलो चरण सुरुदेखि २०६३ सालसम्म मान्न सकिन्छ । उनको यो आभ्यासिक रूपबाट परिपक्व रूपमा रूपान्तरित भएको चरण हो । २०५८ सालमा नै विभिन्न फूटकर कविताहरु लेखिसकेका सेवाचार्यलाई आँशुकवि नै भन्दा पनि फरक नपर्ला किनभने उनले सुरुदेखि २०६३ सालसम्मको करिव ४७ वर्षको समयमा विभिन्न विधा अन्तर्गत कविता विधा र निबन्ध विधाका कृतिहरू लेखिसकेको पाइन्छ । यी साहित्यिक कृतिहरुमा पौराणिक, सामाजिक, ऐतिहासिक आदि विषयवस्तुमा केन्द्रित रहेका छन् । पूर्वीय विधागत स्वरूपका आधारमा पूर्ण रहेका यी कृतिहरूमा विधागत तत्त्वको पनि उचित संयोजन गरिएको छ । संस्कृतका तत्सम शब्दहरू अधिक मात्रामा प्रयोग गरिएको यी कृतिहरूको भाषा सरल र मिठासपूर्ण रहेको छ । सबै गुणहरूले सम्पन्न भएका यी कृतिहरू प्रकाशित भएको खण्डमा नेपाली साहित्यको कविता विधाको इतिहासमा उत्कृष्ट स्थान ओगट्न अवश्य सफल हुन्छ । सेवाचार्यको यो आभ्यासिक चरण भए तापनि कृतिहरूको मूल्याङ्कन गर्दा उनको उच्च प्रतिभा र प्रचुर कल्पनाशक्तिको प्रयोगले अभ्यासका चरणमा लेखिएका जस्ता नदेखिई परिपक्व देखिन्छन् । समग्रमा भन्नुपर्दा सेवाचार्यको यो चरण उनको लेखनजीवन भोगाइको प्रथम चरण हो भने दोस्रो चरणमा सेवाचार्यलाई परिपक्क बनाउने अहम् भूमिका पनि यस चरणले खेलेको पाइन्छ । सङ्ख्यात्मक रूपमा पनि यस चरणमा सेवाचार्यले उल्लेख्य कलम चलाएको पाइन्छ ।

**२. दोस्रो चरण**

दिनेश सेवाचार्यको दोस्रो चरण साहित्यिक कृति प्रकाशनको चरण हो । उनका यस चरणमा पहिला लेखिएका विविध विधाका कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा उनका **मनस्विताको खोजी (निबन्ध सङ्ग्रह), अक्षर सम्मेलन** ( **चिन्तन सङ्ग्रह**) **र शब्दहरूको भूमि** कविता सङ्ग्रह प्रकाशित भएका छन् । यो दोस्रो चरणमा उनले लेखनलाई अझ परिष्कृत र तिख्खर बनाउँदै लगेको पाइन्छ । यसै चरणको प्रारम्भमा अर्थात् २०६३ साल भन्दा अगाडि लेखिएका समसामयिक विषयवस्तुमा आधारित कविता सङ्ग्रह **शब्दहरुको भूमि** (२०६४) सालमा प्रकाशित भएकाले पनि उनको लेखन जीवन भोगाइको यो चरण पहिलो चरणको तुलनामा समृद्ध बन्न पुगेको छ । यस चरणमा उनको अन्य कृतिहरुमा **मनस्विताको खोजी**

**अक्षर सम्मेलन**  जस्ता दार्शनिक निबन्धहरू पनि प्रकाशित भएका छन् । यसरी हेर्दा यस चरणमा उनी पहिला लेखिएका कृतिहरूको प्रकाशन गर्ने कार्यमा जुटेको पाइन्छ । यस चरणमा पनि सेवाचार्यले पहिलो चरणको जस्तै विभिन्न विषयमा आधारित भई रचना गरेको देखिन्छ । मुक्त छन्दमा नै रचना गरिएका उनका यी रचनाहरू पहिलो चरणको तुलनामा अधिक परिष्कृत र पारिमार्जित रहेका छन । प्रयोगवादी ढाँचालाई पूर्ण रूपमा पालना गरी यी कृतिहरूको लेखनकार्य समाप्त भएको पाइन्छ । यस चरणमा उनले एउटा कविता सङ्ग्रह र दुई वटा निबन्ध सङ्ग्रह प्रकाशित गराई आफ्नो प्रतिभालाई पाठकसामु पुऱ्याउन सफल भएकाले पनि उनको लेखनजीवन भोगाइको पहिलो चरणको तुलनामा यो चरण उत्कृष्ट रहेको छ । यस चरणमा समसामयिक विषयलाई नै अधिक महत्व दिई काव्य रचना गरिएको छ । समाजको परिवर्तन, आध्यात्मिकता र नेपाली संस्कृतिको संरक्षणलाई कृतिको प्रयोजन बनाइएको छ । समग्रमा उनको लेखन जीवन भोगाइको यसै चरणले सेवाचार्यलाई नेपाली साहित्यको क्षेत्रमा  स्थापित गराएको छ ।

निष्कर्षमा भन्नुपर्दा करिब तीन दशकको लेखनजीवन भोगाइका दौरानमा नेपाली साहित्यको कविता विधाका कविता सङ्ग्रह, निबन्ध विधाका निबन्ध सङ्ग्रहहरु रचना गर्न सफल सेवाचार्य नेपाली साहित्यको परम्परामा स्थापित भएका छन् । उनका कृतिहरूको भाषा सरल र मिठासपूर्ण छ । कविता तथा निबन्धका क्षेत्रमा उनी प्रयोगवादी साहित्कारका रूपमा देखापरेका छन् । उनी एक सफल कवि तथा दार्शनिक निबन्धकार हुन् र उनको यो योगदानले नेपाली साहित्य एक खुड्किलो अगाडि चढ्न सफल भएको छ ।

# पाँचौं परिच्छेद

# lbg]z ;]jfrfo{sf s[ltx¿sf] ljZn]if)f

## ५.१ परिचय

नेपाली साहित्यमा कविता र निबन्ध विधामा कलम चलाउने कवि तथा निबन्धकार दिनेश सेवाचार्य स्रष्टा व्यक्तित्व भएका साहित्यकार हुन् । दिनेश सेवाचार्यको जन्म काभ्रे  जिल्लाअन्तर्गत बनेपा न.पा. वडा नं. ६ को काभ्रे सेवासदनमा वि. सं. २०१६ सालमा भएको हो । नेपाली साहित्यमा युवा अवस्थामा कवि र निबन्धकारका रूपमा देखिएका दिनेश सेवाचार्यले सानैदेखि साहित्य रचना गर्न थालेको पाइन्छ । उनको हालसम्म प्रकाशित कविता विधाको एकमात्र **शब्दहरूको भूमि** त्यस्तै **मनस्विताको खोजी** पत्रात्मक निबन्ध सङ्गह र **अक्षर सम्मेलन** चिन्तन सङ्ग्रह प्रकाशित भएका छन् । कवि तथा निबन्धकार दिनेश सेवाचार्यको व्यक्तित्वका जीवनका सम्पूर्ण पाटाहरू, दुःखसुख, प्राप्तिअप्राप्ति, जीवन भोगाइका अनुभव र उनले नेपाली साहित्यका क्षेत्रमा गरेको योगदानका पक्षहरूलाई सूचनाप्रद ढङ्गले प्रकाश पार्न यो शोधपत्र तयार गरिएको छ ।

## ५.२ दिनेश सेवाचार्यको 'मनस्विताकोको खोजी' पत्रात्मक निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरुको अध्ययन

### (क) परिचय

**'मनस्विताको खोजी'** पत्रात्मक निबन्धसङ्ग्रहको प्रकाशन २०६४ सालमा भएको हो । प्रस्तुत सङ्ग्रहमा विभिन्न समयमा लेखिएका पत्रात्मक निबन्धहरू सङ्कलित गरिएका छन् । आकारका दृष्टिले प्रथम प्रकाशन १०४ पृष्ठसम्म रहेको प्रस्तुत सङ्ग्रहमा एकतीसवटा पत्रात्मक निबन्धहरू सङ्कलित छन् । **'मनस्विताको खोजी'** पत्रात्मक निबन्ध सङ्ग्रहको प्रथम प्रकाशनको मुख्यपृष्ठ हरियो रङ्ग रहेको छ भने पृष्ठभूमिको बीचमा दुई मानव आकृति राखिएको छ । मानव आकृति दुई जना एउटाको काखमा बसी छातीमा टाँसिएको र अर्काले अङ्गालोमा कसेको जस्तो देखिन्छ । मुख्यपृष्ठको अमूर्त आवरणकला रमेश पौडेलले गरेका छन् । सुदिन प्रकाशन बनेपा यसको प्रकाशक रहेको छ । पत्रात्मक निबन्ध सङ्ग्रहको तेस्रो पृष्ठको समर्पणमा दिनेश सेवाचार्यको एक श्लोकको समर्पण पत्र छ । समर्पण पत्रमा माता पिताप्रति कृति समर्पित गरिएको व्यहोरा छ । सातौ पृष्ठमा शिवप्रसाद सत्यालद्वारा लेखिएको **बधाई दिनेशजी** शीर्षकको भूमिका राखिएको छ । नवौं पृष्ठमा **बग्नु हो जीवन , सङ्घर्ष हो जीवन** शीर्षकको मोहन दुवालले लेखेको  भूमिका राखिएको छ । एघारौं पृष्ठमा **कवितात्मक पुट दिइएका विचारहरू** शीर्षकको डा. कुलप्रसाद कोइरालाले लेखेको लामो भूमिका पनि राखिएको छ । प्रस्तुत कृतिकै पन्ध्रौं पृष्ठमा हरि मञ्जुश्रीले लेखेको **अमर्त्यका लागि आग्रह**

शीर्षकको भूमिकामा कृतिका बारेमा संक्षिप्त टिप्पणी गरिएको छ । प्रस्तुत कृतिकै सत्रौं पृष्ठमा तारानाथ दाहालले लेखेका **चिन्तन प्रवाहका विशिष्ट नमुना** शीर्षकको दार्शनिक भूमिका राखिएको छ । प्रस्तुत कृतिकै अठारौं पृष्ठमा **भवसागर भित्र जो देखें** शीर्षकको मधु आचार्यले लेखेको अर्को भूमिका पनि राखिएको छ । भूमिका खण्डको अन्तिममा मैले भन्नु पर्ने शीर्षकमा स्वयम् निबन्धकारको मन्तव्य रहेको छ ।

प्रस्तुत कृतिमा विभिन्न समयमा विभिन्न प्रयोजनका विषयहरूका साथै उनका जीवनका आरोह अवरोह क्रमश देखेका सुनेका, भोगेका र अनुभव गरेका विषयहरूलाई विषयबस्तु बनाई लेखिएका पत्रात्मक निबन्धहरू राखिएका छन् । उनीद्वारा लेखिएका पत्रात्मक निबन्धहरू प्रथम पटक प्रस्तुत कृतिमा प्रकाशित गरिएको छ । प्रस्तुत कृतिबाहेक उनीद्वारा रचित केही पत्रात्मकात्मक निबन्धहरू छिटपुटरूपमा पत्रपत्रिकामा प्रकाशित भएका छन् तर ती हाल प्राप्त छैनन् । प्रस्तुत **मनस्विताको खोजी** पत्रात्मक निबन्ध सङ्ग्रहमा सङ्ग्रहित पत्रात्मक निबन्धहरू **सर्ग एक : समिधा** खण्डमा **समिधा** शीर्षकमा एघारवटा पत्रात्मक निबन्धहरू रहेका छन् । **सर्ग दुई :नयना**मा **नयना** शीर्षकमा छ वटा पत्रात्मक निबन्धहरू रहेका छन् । **सर्ग तीन निहारिका** खण्डमा **निहारि**का शीर्षकमा छ वटा पत्रात्मक निबन्धहरू रहेका छन्  । **सर्ग चार : दर्शन** शीर्षकमा छ वटा पत्रात्मक निबन्धहरू रहेका छन् । । **सर्ग पाँच :मनस्विताका** खण्डमा **मृत्यञ्जय**  शीर्षकमा दुइ वटा पत्रात्मक निबन्धहरू रहेका छन् । यसरी हेर्दा प्रस्तुत सङ्ग्रहमा एकतीसवटा पत्रात्मका तथा दार्शनिक निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्ग्रहित भएका निबन्ध मध्ये ६ पृष्ठमा बिस्तारित **निहारिका** ४ पत्रात्मक निबन्ध अरु निबन्धभन्दा लामो आयामको छ भने सबभन्दा छोटो एक पृष्ठमा बिस्तारित **नयना १, नयना ४, नयना ५, दर्शन २ र दर्शन ३**  रहेका छन् । पङ्क्तिपुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका देखिने निबन्धहरूमा सन्दर्भ र प्रसङ्गहरूको परिवर्तन सँगसँगै पङ्क्तिपुञ्जमा परिवर्तन गरिएको पाइन्छ । पत्रात्मक ढाँचामा एवम् प्रयोगवादी ढाँचामा लेखिएका तथा जागिरका शिलशिलामा लेखिएका उनका निबन्धहरू पाठकको अभिरुचि जगाएर कथ्यतर्फ अभिमुखीकरण गर्न अनेक सन्दर्भ र प्रसङ्गहरूलाई विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । कथ्यलाई विस्तार गर्नु र कवितात्मक भाषामा आफ्नो अनुभव व्यक्त गर्नु सेवाचार्यको विशेषता हो ।

**ख. विषयवस्तु**

प्रस्तुत **मनस्विताको खोजी** निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूलाई विषयवस्तुगत प्रकृतिका आधारमा निम्नलिखित रूपमा वर्गीकरण गरी अध्ययन गरिएको छ :

**मनस्विताको खोजी** पत्रात्मक निबन्ध सङ्ग्रहमा सङ्ग्रहित भएका आठवटा पत्रात्मक निबन्धहरू भावहरूसँग सम्बन्धित रहेका छन् । जीवन भोगाइका क्रममा सेवाचार्यले देखेका, भोगेका, अनुभव गरेका र घटेका घटनाहरूको परिस्थितिलाई विषयवस्तु बनाएका छन् यस्ता विषय बनाएर लेखिएका पत्रात्मक निबन्धहरू विभिन्न समयमा विभिन्न प्रयोजनका लागि गरिएको स्वदेश यात्रा तथा विदेश यात्रासँग सम्बन्धित रहेका छन् । स्वदेश र विदेशमा जीवन भोगाइका यात्रा अनुभवहरु समावेश गरी तयार पारिएको निबन्धहरूलाई निम्नलिखित रूपमा छुट्याएर अध्ययन गरिएको छ ।

निबन्धकारका मनमा उठेका विभिन्न भावनाहरुलाई विभिन्न समयमा सङ्कलन गरिएको अनुभवलाई समेटेर लेखिएको यस निबन्ध सङ्ग्रहमा **समिधा, नयना, निहारिका, दर्शन** र **मनस्विताका** शीर्षकका पाँचवटा निबन्धहरु रहेका छन् र यी पत्रात्मक निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

## समिधा

### समिधा १

प्रस्तुत निपत्र सेवाचार्यले समिधालाई सम्बोधन गर्दै लेखेको पत्र हो । यहाँ मानिसको अस्तित्व बचाउन गरेको सङ्घर्षमा यसले भोग्नु परेको विभिन्न घटनाका श्रृङ्खलालाई निपत्रको मुख्यविषय बनाइएको छ । यहाँ मानिसको बचाइँ अत्यन्त पशुवत् हुदै गईरहेको छ । मानिसमा दिनानुदिन ईर्ष्या, द्वेष, क्लेष र अहम् बढ्दै गइरहेको छ । मानिस सभ्य बन्ने नाममा झन् पशु बन्दै गइरहेको छ । मानिस देव बन्ने नाममा राक्षस बन्दै गइरहेको छ । मानिस आस्थाका नाममा अन्धकार भित्र जाँदैछ भन्ने कुरालाई निपत्रमा देखाइएको छ ।

आजका मानिसमा देवत्वको लेससम्म छैन । मानिस आफ्ना तरिकाले जिउँछन् । जिउँदा उनीहरू बुद्ध, क्राइस्ट र गन्धी हुन चाहन्छन् तर उनीहरू दिनानु दिन वुद्धु, क्रूर र अगान्धी बन्दै गइरहका छन् । आजका हामी व्यापक विशाल र आनन्दित हुने नाममा अन्तर्घाती ,आत्मघाती र आतताई हुँदै गइरहेका छौं । मानिस जिउँनु भनेका भोक, इच्छा र प्यास लिएर बाँच्नु पर्छ भन्ने अर्थ बनेको छ । आजको मानिस बाध्यताले पनि इच्छा र चाहनाका ज्वालामा दन्कन परेको छ । ऊ जीवनका अनेक जिजीविषा लिएर हिडिरहको छ ।

यही कारणले मानिस अनेकन युद्ध र विध्वंशको सिकार भएपनि चुपचाप बस्न बाध्य भएको छ । मानिसले बाँच्ने प्रसङ्गमा ल्याएका बुख्याचाहरू मानवीय सफल अस्मिताको बचाई शस्त्रास्त्रका सङ्घर्षले मानवीय अस्मिता हराउँदै गएको अवस्थालाई निपत्रमा प्रस्तुत गरिएको छ । मानवले आफ्नो अमरत्वका लागि गर्नुपर्ने काम भौतिक अध्यात्म चिन्तनद्वारा मात्र पाउन सफल छ । त्यसैले अबको मानिस अध्यामिकमात्र पनि होइन भौतिकमात्र पनि होइन भौतिक अध्यात्मवादी हुनुपर्छ भन्ने भाव यस निपत्रमा प्रस्तुत गरिएको छ ।

**समिधा २**

प्रस्तुत निपत्रमा मानवका स्वभावलाई मुख्य विषय बनाइएको छ । संसारमा मानिस दुई स्वभावका छन् । एकथरी उच्च अहम् भएका छन् । उनीहरू आफ्नो अभिमान आफ्नो गुणगान अर्काले गाएको मन पराउँछन् । अहङ्कारीहरूका सामाजिक मर्यादा र न्याय कानुनहरू केही होइनन् । उनीहरू सामाजिक मर्यादा, न्याय, कानुनभन्दा माथि हुन्छन् । उनीहरूबाट यस्ता मर्यादा, कानुन र न्यायहरू बलात्कृत हुन बाध्य छन् । सोझा मान्छेहरू त्यो तमासा टुलुटुलु हेर्न बाध्य छन् । यहाँ जीवनमा अस्तित्व खोज्ने नाममा अनेक सङ्घर्ष चलिरहेको छ । साझा मानिसहरू आफ्ना आत्माभिमान अनुसार जिउँन पाइरहेका छैनन् । त्यसैले आजको खोज भनेको आत्माभिमानको खोज वनेको छ भन्ने भाव निपत्रमा व्यक्त गरिएको छ । यहाँ मानिस मानिवबीचको विश्वासको सङ्कटको खाडल छ । एक विश्वासिलो साथीको विश्वास अर्कोलाई छैन । यहाँ मानिस मानिसबीच सकारात्मकताभन्दा नकारात्मकताको सङ्कटको खाडल गहिरिएर गएको छ । त्यतिमात्र होइन यहाँ विश्वासकै कारणले सृष्टिसम्म रोकिने अवस्था आइसकेको कुरा निपत्रकारले व्यक्त गरेका छन् । मानिस मानिसबीचको अमूल्यता, स्वाभिमान, क्षणिकता र सौन्दर्यको अभिमानबीच अनन्त खाडल बनेको कुरा उल्लेख गर्दै यी सारा कुरा अँध्यारोका निम्ति नभएर उज्यालोका निम्ति हुनुपर्ने कुरा प्रस्तुत निपत्रमा उल्लेख गरिएको छ । मानिस सभ्य हुने नाममा असभ्यतातिर भासिँदै गइरहेको कुरा उल्लेख गरिएको छ ।

**समिधा-३**

प्रस्तुत निपत्रमा सत्य, असत्य, भ्रम, वास्तविकता, सार्थकता, असार्थकता बीचको द्वन्द्वले मानिस कसरी उधोपनतिर भासिँदै गएको छ भन्ने कुरालाई देखाइएको छ । यहाँ मानिसमा हुने आदर्श, नैतिकता द्वन्दको रुपमा प्रयोग भएका छैन् । मानिस एउटा बख्याँचा

जस्तो भएको छ । मानिसमा  भएको आदर्श र तेज हराएर मानिस कुनै एउटा यन्त्रजस्तो भएको छ भन्ने कुरालाई निपत्रमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ ।

नेपालीहरू पनि कुनै बख्याँचा जस्ता भएका छन् । यहाँ मानिस भएर पनि देश शून्य छ । देशका उब्जनी क्षेत्रहरू बिशाल नगर भएका छन्, डाँडाहरू रुखबिहीन भएका छन्, घरहरू मान्छेबिहीन छन् । मान्छेहरू छन् उनीहरू बोल्छन् पनि, खान्छन् पनि, सास फेर्छन् पनि तर उनीहरूमा बोलेको, खाएको र सास फेरेको अनुभव छैन । उनीहरूमा जिउदों छु भन्ने अभिमान छैन । यहाँका जनताहरू पनि यस्तै अवस्थामा छन् । देशको प्रजातन्त्र भनेको राजाको बख्याँचा जस्तो भएको छ । जनता भनेका तमासा बाजि भएका छन् । देशका नेतालाई दुःख कष्ट भनेको के हो ? थाहा छैन । प्रतिभा पलायन तीव्रगतिमा भएको छ । त्यसैले आजको देश भनेको समस्या नै समस्या, विचलन नै विचलन, कष्ट नै कष्टको श्रृङखलामात्र भएको छ  भन्ने कुरा  यहाँ व्यक्त गरिएको छ ।

यहाँ धनी र गरीबबीच सोख र आत्मारतिको खाडल बढेर गएको छ । धनीहरू ऐस र आरामले जीवन बिताँउछन् । उनीहरूलाई इज्जतको सवाल छैन । देशको ढुकुटी रित्याउने उनीहरू नै हुन् । उनीहरू देशलाई चुरोट र बियरसँग साटिरहेका छन् । तर पनि मान्छेले आफ्नो देश र देशवासी हुनुको कर्तव्य भुलेको छ ।  यहाँ शान्तिको नाममा परेवा उडाउने नाममा र अर्कालाई सहयोग गर्ने नाममा तिनैको हत्या गरिरहेका छन् । सुन्दरताको नाममा कुरूपता थप्दै छन् । समर्पणको नाममा सर्वनाश गर्दै छन, समागमको नाममा सम्भोग गर्दैछन । शान्तिको नाममा परेवाको टाउको काट्दै  छन । तर यस्तो भ्रम, असत्य, अनिर्णयको अवस्थामा पनि सत्य, सार्थक र स्वतन्त्र जीवन बिताउन खोज्नु सोझा मान्छेहरूको काम भएको कुरा यहाँ व्यक्त गरिएको छ ।

**समिधा–४**

प्रस्तुत निपत्रमा शहरी विसङ्गति, शून्यता, कोलाहल, झूठजस्ता क्रियाकलापभन्दा प्राकृतिक आनन्द, रहस्यमय, स्वतन्त्रता नै प्रिय लाग्ने कुरा व्यक्त गरिएको छ । यहाँ मानिसको भिडमा मानिस हराएको छ तर पनि  ऊ आफूलाई एक्लो र निरूपाय ठान्छ । सहरीया जीवन शून्य, भ्रमपूर्ण, कोलाहलयुक्त, अपमानजनक हुँदै गएको छ । यहाँका नेताहरू जुलुसका बख्याँचा भएका छन् । उनीहरूको कार्यकलाप अभिनयजस्तो भएको छ भन्ने कुरा निपत्रमा व्यक्त गरिएको छ । यहाँका सोझा मान्छे गन्तव्यहीन यात्री जस्ता भएका छन् । मानिसहरू मुटु झिकिएका, सम्वेदना हराएका, भोक लाग्दा कराउने, केही सुख पाउँदा हाँस्ने, दुःख पाउँदा रुने कुनै यन्त्र जस्ता भएका छन् । यहाँ सोझा मान्छेहरू नेवृत्वकर्ताको

ठूला-ठूला भाषण, हावादारी कुरामै भुल्न बाध्य छन् । यसका तुलनामा प्राकृतिक जीवन, पहाडी मनोरम दृश्य, जनवरी भाषा, गाउँलेहरूका लागि अत्यन्त प्यारो र सुखदायी भएको कुरा निपत्रमा व्यक्त गरिएको छ । हाम्रो देश हावादारीकै आदेशमा चलेको छ । यहाँका नेताहरू जो धेरै नाङ्गिन सक्यो उसैको महत्व छ । कागजमा विकासको खाका बनाउने र झोलामा बोक्ने, विकासका गीत गाउने र देशको ढुकुटी सक्ने नेताहरूको क्रियाकलापमा देश अगाडि बढेको कुरा व्यङ्ग्यात्मक तरिकाले निपत्रमा व्यक्त गरिएको छ । यहाँ सहिदको रगतमा होली खेल्ने व्यक्तिको महत्व दिनानुदिन बढेको, देश भ्रम र हावादारी कुरामा चलेको कारणले यस्तो वेवारिसे जिन्दगानीलाई भुल्दै निपत्रकारले आफू प्राकृतिक सौन्दर्य एवम् रहस्यमय र प्राकृतिक जादूगरीमा जीवनको स्वतन्त्र रहस्यमय मूल्यको खोजी गर्न लागेको कुरा प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् ।

**समिधा- ५**

प्रस्तुत निपत्रमा मानवको स्वार्थी स्वभावमाथि तीव्र व्यङ्ग्य गरिएको छ । हामी मानव-मानवबीच समर्पण, माया, ममता भएको र हृदयतः एकले अर्कोलाई माया नगरेको समर्पण गरेको भन्छौ तर वास्तवमा समर्पण एउटा कायरताको परिणाम हो । यो समर्पण भनेको भ्रम हो, अवास्तविकता हो । किनभने वास्तवमा मानिसले एकले अर्काका लागि कुर्न समर्पण नै गर्दैन । किनभने  ऊ आफैंले आफैंलाई प्रेम गर्दा, माया गर्दा, ममता गर्छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । प्रस्तुत निपत्रमा मानिस यस्तै भ्रम र असत्यताको संसारमा बाँचेको छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**समिधा-६**

हामी देवताका नाममा व्यर्थमा समर्पण भाव देखाइरहेका छौं । भगवानलाई हामी भ्रमपूर्ण नजरले हेरिरहेका छौं । हामी वास्तवमा भगवानलाई चिन्ने प्रयत्न गरिरहेका छैनौं । न त हामीले आफ्नै इतिहासलाई चिन्ने प्रयत्न गरेका छौं । यहाँ न त नारीले आफूलाई चिन्ने प्रयत्न गरेकी छिन् । न त पुरुषले आफूलाई चिन्ने प्रयत्न नै गरेको छ । यहाँ हामी केवल भ्रम र अवास्तविकताको संसारमा रमाइरहेका छौं भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

यहाँ हामी साशकहरूको घोडा भएका छौं । हामी उनीहरूको साधन भइरहेका छौं । तर पनि हामी उनीहरूकै भक्ति र आराधना गरिरहेका छौं । हामी आफ्नो अधिकार र स्वतन्त्रतका नाममा झन् दास भइरहेका छौं । हामी स्वतन्त्र जिउने, अधिकार पाउँने नाममा सधैं दासतामा बसेर नवीन ढोङ् रचिरहेका छौं । हामी मानव अधिकार, नारी स्वतन्त्रता,

बाल अधिकार र अन्य-अन्य अधिकारका कुरामात्र गर्छौं तर काम गर्दैनौ भन्ने कुरालाई निपत्रको विषय बनाइएको छ ।

हामी अनभिज्ञता र दासताको वास्तविकतामा बाँचेका छौं । हामी वास्तविकता के हो ? छुट्याउन सक्ने अवस्थामा छैनौं । हामी झुटा कुराको अनुसरण गरिरहेका छौं । हामी आफै अपमान भएको इतिहास पढिरहेका छौं । हामी अङ्ग्रेजहरूको दास भएर बसेका छौं । हामी वास्तविकता छुट्याउन सक्दैनौं । हामीसँग हरूवाहरूको इतिहास छ, हामी त्यही हरूवा भएको इतिहास पढिरहेका छौं र गौरव गरिरहेका छौं । हामी वीर भएर पनि बुद्धु छौं । हामी यतिसम्म परजीवि छौं कि हाम्रो इतिहास, गौरव गाथा पनि अर्कैले लेखिदिएको छ । हामी त्यसैलाई रमाइ रमाइ कण्ठ गरिरहका छौं र गौरव गरिरहेका छौं । भन्ने कुरा निपत्रमा उल्लेख गरिएको छ । वास्तवमा हामीले हाम्रो इतिहास कहिले खोज्ने त ? निपत्रकारले यही प्रश्न गरेका छन् । वास्तवमा अबको समय यथार्थताको खोजी गर्नु हो भन्दै निपत्रकारले हामीले हाम्रो अस्तित्व र अस्मिता खोज्नु पर्ने कुरा निपत्रमा व्यक्त गरेका छन् ।

**समिधा- ७**

प्रस्तुत निपत्रमा मानिसले जीवनमा भोग्नु परेका वाध्यता एवम् विवसतालाई प्रस्तुत गरिएको छ । हाम्रो जीवन टुक्राटुक्री खुसीले भरिएको छ । हामीसँग अनेक प्रकारका सामाजिक मान्यता, संरचना र नीतिहरू छन् । तिनीहरूलाई हामी बलात् उलङ्घन गर्न सक्दैनौं । त्यसैले हामी त्यही कुरा भोग्न बाध्य छौं । हाम्रो वास्तविकता भनेको समय सापेक्ष घटेका घटनाहरू, जल्ने र बल्ने नियतिहरू जस्ताको तस्तै भोग्नु हो भन्ने कुरालाई प्रस्तुत गरिएको छ । हामी अरुलाई अत्यन्त पीडा दिएर हाँस भन्छौं । हामी समयको सिकार भएर आफ्नो मनमा भित्र पीडा लुकाएर भएपनि अरुका लागि हाँसिरहेका छौं । त्यसैले हामी समय परिस्थिति र मृत्युको सिकार भएर पनि गौरवान्वित भएर बसेका छौं भन्ने कुरालाई निपत्रमा व्यक्त गरिएको छ ।

आजको मान्छे भाग्यका नाममा अनेकौं हन्डर र ठक्कर खाएर बाँच्न बाध्य छ । आजको मान्छे जीवनका तीतामीठा सबै पलहरू र घटनाहरू स्वीकारेर चुपचाप बसिरहेको छ । त्यति हुँदा पनि ऊ अनेकौं क्रन्दन र कोलाहलबीच गौरव, सुख र आनन्दको खोज गरिरहेको छ भन्ने वास्तविकता प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । यस्तो पीडा, दर्द र अत्यास लाग्दो अवस्थामा पनि हामी खुसी मान्छौं, पुरस्कार ग्रहण गर्छौं, सफल भएकोमा हर्षित बन्छौं, सामाजिक विकृतिलाई जस्ताको तस्तै अङ्गालो हाल्छौं । मानिस संसारमा अनेक तरहले बाँचेको छ ।  ऊ जीउँने नाममा अरुलाई अनेक पीडा दिन्छ । अनेक तरिकाले

दमन गर्दछ र हिटलर हुने प्रयास गर्छ । कृष्ण बन्ने नाममा अनेक कालो काम गर्छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

हामी प्रत्येक पल मृत्युको मुखतिर होमिइ रहेका छौं । यस्तो अवस्थामा मानिस रमाइलोमा बाँचौं, रमाइलोसँग जीवन व्यतीत गरौं भन्छ तर उसका सारा चाहानामा तुसारापात हुन्छ । ऊ भित्रको पाशविकताले ग्रस्त हुन्छ । मानिस आशा, प्रात्यासाको र कल्पनाको भ्रममा बाँच्न विवस भइरहेको हुन्छ । आज मान्छेका प्रत्येक विचारहरू, आनन्द र उल्लासका क्षणहरू केस्रा-केस्रा, टुक्रा-टुक्रा भएर झरिरहेका छन् । मानिसले भोगेको जीवन अनेक किसिमको छ । एकै किसिमको छैन ऊ आफ्नो जीवनमा त्यस्तै भ्रमपूण र अन्योलग्रस्त जीवन भोग्न वाध्य छ । प्रत्येक मानिसले आफ्नो जीवनलाई हेर्ने दृष्टिकोण फरक छ । मानिस यस्तो भ्रमपूर्ण विभ्रमित अवस्थामा पनि बाँच्न बाध्य छ । मानिसले बाध्यतावस बाँच्नु परेको छ । मानिस आज आफ्ना लागि नभएर अर्काका लागि बाँच्न बाध्य छ । ऊ आफ्ना सान्तान, छोराछोरीका लागि बाँच्न बाध्य छ । मानिस आफ्नो दुःख र पीडा भुल्न अनेक किसिमका कल्पना गरेर बाँच्न बाध्य छ ।

आजको मानिसले चाहेर पनि समाजका मान्यता, जीवनका बन्धन तोड्न सकेको छैन । आजको मानिस भावनाको कैदी भएको छ । ऊ कल्पनाको भरमा बाँच्न बाध्य भएको छ । ऊ कुनै काम गर्न नसक्ने निरूपाय र निरीह भएको छ । ऊ केवल राम्रा कल्पना र सुन्दर चाहना शिवाय अरु केही गर्न सक्ने अवस्थामा छैन । आजको मानिस अनेक किसिमका अविश्वासलाई आशाको जग बनाउन बाध्य छ । ऊ दुःखको खण्डहरुमा सुखको वर्षको चाहना गरेर जिउँन बाध्य छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

आजको मानिस कुरूप हुँदै गइरहेको छ । ऊ आफैदेखि पराजित हुँदै गइरहेको छ । ऊ अनेक किसिमका भावना अतिकल्पनामा भए पनि सुन्दर जीवन जिउँने आशा गरेर बाँच्च विवश छ । मानिस आज चाहना र रहरको पुञ्ज भएको छ । ऊ आफ्नो शरीरमात्र लिएर हिड्न बाध्य छ । मृत्युलाई पर्खेर जिउँन बाध्य छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा अत्यन्त कलात्मक ढङ्गले व्यक्त गरिएको छ ।

## समिधा- ८

प्रस्तुत निपत्रमा आजको मानिसको व्यस्त हुँदै गएको आदर्शता र नैतिक मान्यताहरूलाई मानिसले कसरी मान्न बाध्य भएको छ भन्ने कुरालाई मुख्य विषय

बनाइएको छ । आजका हामी पुराना मान्यता र वृद्ध हुँदै गइरहेका आदर्शहरूलाई पछ्याएँदै गइरहका छौं । हामी ती मध्ये कुन ठीक हो कुन बेठीक हो कुनै पनि छुट्याउन सक्ने अवस्थामा छैनौं । हामी जीवनलाई जसरी पनि जिउँनु पर्छ । आदर्शलाई जसरी पनि पालना गर्नुपर्छ भन्ने मान्यतामा छौं । ती पुराना मान्यता आदर्शतामा कुनै तुक नभए पनि हामी त्यसलाई मान्न विवस छौं भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

आजको मान्छे अनेक तरहले मृत्यु कुरेर बाँच्न विवश छ । मानिस जीवनमा भोलिका निम्ति बाँचेको छ ।  ऊ दिनमा नवीन-नवीन सपना देखेर बाँच्न विवस छ । आजका नारीहरू भविष्यका निरीह र निरूपाय सन्तान जन्माउन बाध्य छन् । आजका सन्तान केही गर्न नसक्ने हतभागी छन् । आजको विश्वले नारीको वास्तविकता बुझ्न सकेको छैन । आजको आमा लम्फू र हतमागी सन्तान जन्माउन बाध्य छिन् । त्यसैले आजको संसार आफैबाट टाढा हुँदैछ । आज मान्छे-मान्छेबीच माया, ममता भन्ने कुरा व्यापारमात्र भएको छ भन्ने कुरालाई निपत्रमा व्यक्त गरिएको छ ।

## समिधा- ९

प्रस्तुत निपत्रमा आजको मान्छेको प्रेममा देखिएको नखरा र भ्रान्तिलाई प्रस्तुत गरिएको छ । यहाँ आधुनिक सभ्यताका नाममा र सुन्दरताका नाममा मानिसहरू झन् नाङ्गिदै गएको कुरालाई प्रमुख विषय बनाइएको छ । हाम्रो समाजमा आधुनिक फेसनका नाममा युवतीहरू झन नाङ्गिदै गइरहेका छन् । उनीहरूले आफ्नो सभ्यता, संस्कृति र रहन सहन समेत विर्सेर गएको कुरालाई निपत्रमा व्यक्त गरिएको छ ।

यहाँ प्रेमका नाममा अनेक नखरा र भ्रान्तिहरू छरिएका छन् । प्रेम गर्नेहरू झुट र जालझेलमा मात्र फसेका छन् । प्रेम गर्नेहरू वास्तविक प्रेम गर्दैन्  । उनीहरू शारीरिक प्रेम र भोगमात्र गर्दैछन् । आवश्यकताका लागिभन्दा अवसरका लागिमात्र प्रेम गरिन्छ । अवसरहरूको उपयोग र उपभोग गर्न सक्नुलाई उत्तम मानिन्छ । सत्य व्यवहार कोही गर्दैनन् । सोझा सिधाहरूलाई बाँच्न अत्यन्तै कठिन छ । भ्रम र नखरा फैलाउनेलाई आजको संसार अत्यन्तै राम्रो र रमाइलो छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गएिको छ ।

यहाँ प्रेम प्रत्येक व्यक्तिसँगप्रेम गर्न सक्दैन उ अनेक व्यक्तिसँग प्रेम गर्छ । भन्दै आजका नारीहरूको व्यवहार अत्यन्त नीच बन्दै गएको कुरा  निपत्रमा  व्यक्त गरिएको छ । यस्तो अवस्थामा पुरूषले नारीहरूलाई विश्वास गर्ने आधारहरू भत्कदै गइरहेका छन् । नारी

र पुरुषको बीचमा विश्वासका गहिरा खाडलहरू बन्दै गइरहेका छन् । सामाजिक मर्यादाहरू भत्कदै गइरहेका छन्  भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

## समिधा-१०

प्रस्तुत निपत्रमा वास्तविक प्रेमको अस्तित्व समाप्त भइसकेको कुरालाई मुख्य विषय बनाएको छ । यहाँ कुनै प्रेमी प्रेमिकाबीच वास्तविक प्रेम सहिष्णुता र मिलन छैन । यहाँ प्रेम छ त केवल क्षणभरलाई छ, प्रेमको महत्व सम्भोग वा शारीरिक आनन्दका लागि छ । यहाँ दिल खोलेर कसैलाई प्रेम गर्नु भनेको बेचैनी, वितृष्ण र विकार युक्त मनस्थिति बनाउनु हो । कसैलाई मनपराएर आँखामा राख्नु भनेको आँखाभरि आँसु पार्नु हो । कसैलाई माया गर्नु मन पराउनु भनेको आफैले आफैलाई विशाल चोट दिनु हो । विशाल दु:खको शर्तमा फसाउनु हो भन्ने कुरालाई निपत्रमा व्यक्त गरिएको छ । आजको स्वार्थ नीच र तुच्छ आधुनिक सभ्यतामा मानवीयता भन्नेकुरा  पूरा कथा भइसकेको छ । आज कसैले कसैलाई अमर प्रेम गर्दैन सवैको आ-आफ्नै स्वार्थ छ आजको समयमा अत्यन्त प्रेम गर्नु कसैलाई माया गर्नु, भनेको जिउँदै सहिद हुनु हो भन्ने कुरालाई निपत्रकारले निपत्रमा व्यक्त गरेका छन् । आजका प्रेमिकाहरू रक्तबीज जस्ता बीज बनेका छन् । ती शहरीया प्रेमिकाहरूमा आत्मियता र हार्दिकता भन्नेकुरा कहिल्यै रहेको पाइँदैन यहाँ रूप र सौदर्यको घमण्ड छ । हार्दिकता प्रेम  अमरत्व छैन ।  यहाँ कसैमा आस्था र विश्वास छैन ।  सच्चा आस्था र विश्वास गर्नेहरू संधै पछुताइरहेका  छन्  भन्ने कुरालाई प्रस्तुत निपत्रमा मुख्य विषय बनाइएको छ ।

## समिधा-११

प्रस्तुत निपत्रमा आजको युगमा समाजमा फैलदै गएको यौनको विकृतिलाई मुख्य विषय बनाइएको छ । आजभोलिका युवा युवतीहरू अत्यन्त नाङ्गिदै गइरहेका छन् । त्यसमा पनि शहरी सभ्यता झनै विकृत र विसङगत बन्दै गइरहेको छ । यहाँ सच्चा माया गर्ने र झुटो माया गर्नेहरू समाजका कल्पवृक्ष र विषवृक्ष जस्ता भएका छन् ।  प्रस्तुत निपत्रमा निपत्रकार ‘म’ को प्रेमिका विषवृक्ष जस्तै भएको र आफू कल्पवृक्ष जस्तो भएको कुरा  प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

यहाँ महिलाहरू नै महिला स्वतन्त्रता, महिला अधिकारका विरोधी भएको कुरा निपत्रमा व्यक्त गरिएको छ । आजका नारीहरूले आफूले आफूलाई अविश्वसी विश्वसघाति र भ्रष्ट बनाउँदै गइरहेका छन् । आजका नारीहरू अत्यन्त आधुनिक हुने नाममा झनै

नाङ्गिदै गइरहेका छन् । उनीहरू वास्तविकताबाट पलाएन हुँदै गइरहेका छन् । उनीहरू अतृप्त यौनाकाङ्क्षाको खाडल भएका छन् । यहाँ त्यतिमात्र होइन कोही महिलाहरू आफ्नो इच्छाविपरित दिनदिहाडै बलात्कृत भइरहेका छन् । उनीहरूको चिच्याहट, विलापले समाजनै कुरूप र विरूप हुदै गइरहेको छन् । यहाँ शहर र गाउँका महिलाहरूमा आकाश जमिनको फरक अवस्था छ । सहरका महिलाहरू स्वतन्त्रताका नाममा भ्रष्ट र नीच हुँदै गइरेहेका छन् । उनीहरू आफ्नो यौनलाई पैसा कमाउने, आनन्द लिने र सुखको साधन बनाइरहेको कुरा यहाँ व्यक्त गरिएको छ । यहाँ यौवन सुम्पेर धन कमाउन पल्केका नवयौवनाहरू सडकभरि काँचो मासुको विस्कुन फुकाएर सतित्वको लिलामि गरिरहेको कुरा निपत्रमा व्यक्त गरिएको छ । अनि तिनीहरू नै सतित्वको रक्षाको नारा लगाइ रहेको कुरा निपत्रमा उल्लेख गरिएको छ । प्रस्तुत निपत्रमा नारीहरूको अवस्थालाई यथार्थ परक ढङ्गले व्यक्त गरिएको छ ।

## नयना-१

प्रस्तुत निपत्र नयनालाई सम्बोधन लेखेको निपत्र हो । प्रस्तुत निपत्रमा मानिसको जीवन जियाइको क्रम अत्यन्त फरक हुँदै गएको कुरालाई मुख्य विषय बनाइएको छ । यहाँ मानिस मानिसबीचको समबन्ध पनि अत्यन्त फरक हुँदै गएको कुरा प्रस्तुत निपत्रमा उल्लेख गरिएको छ । आजको समयमा हाम्रो सोचाइ, चाहना, समर्पण र मायाको भाका अत्यन्त फरक हुँदै गएको कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । प्रस्तुत निपत्रमा मानिसको यौवन आरम्भमानै संधै रहिरहन चाहन्छ । तर उनीहरू समयको परिबन्धमा परेका हुन्छन् । हाम्रो समाज अत्यन्त विकृत विसङ्गत बन्दै गएकाले मानिस युवावस्थामा फर्कन चाहेको कुरा प्रस्तुत निपत्रमा निपत्रकारले आफ्नो र आफ्नी प्रेमिका बीचको सम्बन्ध अत्यन्त फरक हुँदै गएको कुरा प्रस्तुत गरेका छन् । यहाँ कसैसङ्ग प्रेम गर्नु, राम्रो सम्बन्ध राख्नु भनेको आफैलाई विकृत र विसङ्गतिको अवस्थामा लैजानु हो । आफनो सुन्दर सपनाहरूमा तुसारापात गर्नु हो भन्ने कुरालाई प्रस्तुत निपत्रमा उनले व्यक्त गरेका छन् ।

## नयना-२

प्रस्तुत निपत्रमा मानिसको स्वार्थी प्रवृतिलाई मुख्य विषय बनाइएको छ । प्रस्तुत निपत्रमा निपत्रकारले आफ्नो स्नेही नयना अत्यन्त धुर्त र चाटुकारी भएको कुरा उल्लेखगर्दै आजका नारीहरू अत्यन्त धूर्त र कुटील हुँदै गएको कुरालाई निपत्रको विषय बनाएका छन् । यहाँ सच्चा र वास्तविक माया, स्नेह प्रतिवद्धता, सम्बद्धता र आवद्धता केवल असव्य भएका

छन् । यहाँ वास्तविक मायाँ तथा स्नेह गर्नेहरू घृणाका पात्र हुँदै गइरहेका छन् । यहाँ सच्चा प्रेम गर्नुभन्दा मृत्यु नै प्रिय र सुखमय हुन थालेको कुरा निपत्रमा व्यक्त गरिएको छ ।

प्रस्तुत निपत्रमा मानिसको जीवनको सत्य मृत्यु हो । यहाँ प्रेम समर्पण र स्नेह भन्ने कुरा भ्रममात्र हुन् भन्ने कुरालाई निपत्रको विषय बनाइएको छ । हामी भाग्यलाई ठूलो मान्छौं तर कर्मलाई त्यति महत्व दिदैनौं भन्ने कुरालाई निपत्रमा व्यक्त गरिएको छ । त्यसैले आजको हाम्रो जीवन अत्यन्त अत्याचारी र स्वर्थी बन्दै गएको कुरा निपत्रमा व्यक्त गरिएको छ । यहाँ प्रत्येक मान्छे मान्छेबीचमा कुटिलता र धूर्ततामात्र छ । मानिस सानो हउन्जेल अत्यन्त प्राकृतिक, सरल र सभ्य हुन्छन् ठूलो भएपछि अत्यन्त धूर्त र कुटील हुने कुरा निपत्रमा निपत्रकारले व्यक्त गरेका छन् । मानिस बालक छउन्जेल निस्वार्थी र देवत्व गुणले युक्त हुन्छ जब ऊ युवा बन्दै जान्छ तब कुटील र स्वार्थी बन्दै जान्छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । मानिस केवल वाल्यकालमा मात्र सत्य र स्वतन्त्र हुन्छ । उसलाई समयको बन्धन पनि थाहा हुँदैन । त्यसैले बाल्यकाल नै सबैभन्दा राम्रो हुने कुरा निपत्रमा व्यक्त गरिएको छ ।

मानिस समयसँगै प्रौढ र वृद्ध हुँदै जान्छ । त्यस समयमा मानिस स्वार्थी र धूर्त बन्दै जान्छ । मानिसमा विह्वलता, निष्कलङ्कता र निरूपाय भन्ने कुरा हराएर जान्छ । प्रस्तुत निपत्रमा निपत्रकारले आफूले नयनासँग गरेको प्रेम अन्धकारको गर्तमा पुगेको अनुभव गरेका छन् । नयनासँग प्रेम गर्न थालेदेखि आफ्नो जीवनमा अन्धकारै-अन्धकारले बास गरेको कुरा निपत्रमा व्यक्त गरिएको छ ।

आज यहाँ कसैको विश्वास छैन । हरेक मान्छे आ-आफ्नै तुच्छ स्वार्थमा लागेको छ । कसैलाई कसैको पीडाले पोल्दैन । सबै आ-आफ्नो काममा व्यस्त छन् । यहाँ हरेक नारीहरू बाह्रमासे पति बनाउने धुनमा छन् । हरेक पुरुषहरू रन्डीवाजमा लागेका छन् । यस्तो विसङ्गत संसारमा मानिसहरू हराइरहेका छन् । यहाँ सत्यता छैन । केवल झुट र धूर्त्याइ मात्र छ । उसले गर्दा आजको मानव कलङ्कै-कलङ्कले युक्त रहेको कुरा प्रस्तुत निपत्रमा उल्लेख गरिएको छ ।

**नयना- ३**

प्रस्तुत निपत्रमा मान्छे-मान्छेबाट अपहेलित हुँदै र एक्लिदैं गएको कुरालाई मुख्य विषय बनाइएको छ । यहाँ निपत्रकारले नयनालाई आफू नयनादेखि अत्यन्त टाढा हुन चाहेको तर बाध्य भएर प्रेम गर्न पुगेको कुरा उल्लेख गरेका छन् । प्रस्तुत निपत्रमा जब मान्छे आफन्तहरूद्वारा हेपिन्छ, तिरष्कृत हुन्छ, आफ्नो अवस्थालाई अध्यारोको विरालोभैँ ठान्न बाध्य हुने र आफ्नो जन्म र जीवनका औचित्यहरूलाई व्यर्थ ठान्न बाध्य हुन पुगेको कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । जव मानिस अरुबाट तिरष्कृत हुन्छ, तव ऊ मानिसबाट उक्लिदैं जान्छ र कुलतमा फस्दै जान्छ भन्ने कुरालाई निपत्रमा व्यक्त गरिएको छ ।

प्रस्तुत निपत्रमा निपत्रकारले आफूभित्रको अवस्थाहरू र आस्थाहरू विस्तारै मर्दै गइरहेको जीवन साँघुरिदै गएको अनुभव निपत्रकारको छ । निबन्धकारले आफ्नो जीवन शून्यतातर्फ र अन्धकारतर्फ भरिरहेको कुरा उल्लेखगरेका छन् । निबन्धकारले आफ्नो जीवनमा अरुबाट घृणित र लजित भएपछि आफ्नो जीवन असन्तुष्टिको विरोधाभास र विषमता युक्त भएको कुरा निपत्रकारले उल्लेखगरेका छन् । हाम्रो जीवन आसक्ति र पराजयमा लिप्त रहेको कुरा निपत्रकारले प्रस्तुत गरेका छन् । आजको मान्छे आफन्तहरूबाट टाढा भइरहेको छ, आफन्तहरूबाटै घृणित भइरहेको छ । आफ्नै शुभचिन्तकहरूबाट असुरक्षित भइरहेको छ । कहीँ कसैलाई सुख-दुःख साटासाट गर्ने अवस्था छैन । मान्छेहरू सँधै विष युक्त छन् । उनीहरू अमृत पिएर विष ओकल्दछन् भन्ने यथार्थ अवस्थालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**नयना-४**

प्रस्तुत निपत्रमा आफ्नै मान्छेबाट तिरस्कृत र घृणित भएको व्यक्तिको वास्तविक अवस्थालाई यथार्थिक ढङ्गले व्यक्त गरिएको छ । नयनाबाट अपेक्षित र घृणित भएको निपत्रकारको जीवन घृणा, शोक र आत्मग्लानीको शर्तमा फसेको अनुभव निपत्रकारलाई भएको छ । सोझा मानिसहरू सधैं अरुले दिएको दुःख र पीडालाई सधैं सहिरहन्छन् । उनीहरू आफ्नो जीवनभन्दा अरुको जीवनलाई महत्वपूर्ण ठान्दछन् तर त्यो केवल क्षणिक हुंदै गएको छ । निपत्रकार आफू नयनाको अत्यन्त कटु वचन वाणलाई पिइदिने शिव भएको कुरा निपत्रमा उल्लेख गरेका छन् । निपत्रकारको जीवन नयनाकै कारणले घरको न घाटको भएर गुज्रिएको कुरा निपत्रमा व्यक्त गरिएको छ । यहाँ सोझा सिधा-साधा मानिसको विगतभन्दा पनि वर्तमान अत्यन्त पीडा युक्त रहेको कुरा निपत्रमा व्यक्त गरिएको छ ।

निपत्रकार र नयना समानान्तर रेखा भएर एकले अर्कालाई देख्ने तर सुम्सुम्याउन र प्रेम गर्न नसक्ने कुरा निपत्रमा व्यक्त गरिएको छ । यहाँको मानव समुदाय आँखा हेर्न सक्ने भएपनि अन्धो र कान सुन्ने भए पनि बहिरो बनेको कुरा निपत्रमा व्यक्त गरिएको छ ।

**नयना- ५**

प्रस्तुत निपत्रमा नयना र निपत्रकारको प्रेम सम्बन्ध केही सुधारात्मक अवस्थामा अगाडि बढेको कुरा निपत्रमा व्यक्त गरिएको छ । त्यसैले निपत्रकारको जीवनमा केही रमाइलो र खुसीका क्षणहरू आउन थालेको कुरा निपत्रमा व्यक्त गरिएको छ । जीवनका धेरै-धेरै परिभाषाहरू रहेका र आफ्नो जीवनयात्रा पनि विविध परिभाषा बीच रहेको कुरा निपत्रकारले व्यक्त गरेका छन् ।

प्रस्तुत निपत्रमा मानिसलाई राम्ररी जिउने र सुखमय जीवन बिताउने आधार माया प्रेम नै रहेको कुरा निपत्रमा व्यक्त गरिएको छ । यदि माया, ममता भएन भने मानिसको जीवन व्यर्थ र निरर्थक हुन्छ भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**नयना- ६**

प्रस्तुत निपत्रमा निपत्रकारले नयनालाई सम्बोधन गर्दै आफ्नो जीवनमा प्रेम गरेर पनि जीवन बाँचिरहेको र त्यो जीवनको वास्तविकता थाहा हुन थालेको कुरालाई मुख्य विषय बनाएका छन् । जीवनमा एकपटक प्रेम गरेको मान्छे सँधैको लागि अविस्मरणीय हुन्छ । त्यहीँ इखबाट पनि सुन्दर जीवन बाँच्न सकिने कुरा निपत्रकारको अनुभव छ । जीवनको अस्तित्व भनेको माया र समर्पणमा अटेको छ । यदि मायामा समर्पण भएन भने एक्लो प्रेम व्यर्थ हुन्छ भन्ने कुरा निपत्रमा व्यक्त गरिएको छ ।

आजको मानिसको जीवनमा प्रेम समर्पण भन्ने कुरा आदि कथा मात्रै भएको छ । कसैप्रति प्रेम गर्छु भन्नु कल्पनाको हावामा घर बनाउँछु भन्नु जस्तो भएको छ भन्दै निपत्रकारले आफूले नयनालाई एक्लो प्रेम गरेको र आफू कल्पनाको घरमा बसेको र जीवनका सारा दुःख विर्सेको अनुभव गरेका छन् । निपत्रकारको जीवन अत्यन्त दुःखी र शून्य भएको छ । जसको कारण नयनानै भएको कुरा निपत्रकारले व्यक्त गरेका छन् । निपत्रकारले वर्तमान ग्रहण लागेको अन्धकार रात जस्तो भएको छ । भविष्य सुनौलो हुन्छ भन्ने सोचेपनि त्यो एउटा वहुलठ्ठीपनमात्र भएको छ । त्यसैले अबको बाँकी जीवन नयनाभन्दा बेग्लै पृथक रहेर बिताउँने र सुखको वास्तविक अनुभव गर्ने चाहना निपत्रकारले प्रस्तुत निपत्रमा व्यक्त गरेका छन् ।

## निहारिका-१

प्रस्तुत निहारिका खण्डमा ६ वटा निपत्र रहेका छन् । निपत्रकारले उक्त निहारिका खण्डमा मानिसको जीवनको प्रेमसँगको सम्बन्धलाई मुख्य बिषय बनाएका छन् । आजको २१औं शताब्दीमा मानिसहरू विविध प्रकारका हुन्छन् । मानिसको बचाइ पनि फरक फरक छन् । प्रस्तुत निपत्रमा निपत्रकार 'आफू' र निहारीकाको जीवन त्यस्तै फरक भएको छ । निहारीकाले दिएको घात प्रतिघातले निपत्रकारको धरातल धाँजा धाँजा भएको छ । आफूलाई इतिहासको एउटा कथा कयौं पटक मरेर बाँचेको मूर्दा भएको अनुभव गरिएको छ । उसले आफूलाई युद्धमा विजयी भएर पनि पराजित भएको योद्धा ठानिएको छ । निहारीकाको जीवनमा सँधै वसन्त आएपनि आफ्नो जीवनमा कहिल्यै वसन्त नआएको आफ्ना चाहना सपना वा आकाङ्क्षा मर्दै गएको अनुभव गरिएको छ । निहारीका वास्तवमा अन्तर्घाती, विस्वासमाथि कुठारघात गर्ने र पल्लवित चाहनामाथि कायर हमला गर्ने पलायनवादी छे । निपत्रकारले आफू निहारिकाबाट स्वतन्त्र हुन चाहेको प्रकृतिमा एक्लै भएपनि बाँच्न चाहेको दु:खको अनुभव नगरी जीवन जिउन चाहेको कल्पना निपत्रमा व्यक्त गरिएको छ । निपत्रकार र निहारीकाबीचको सम्बन्ध आकाश र जमिनको फरक भएको कुरा निपत्रकारले व्यक्त गरेका छन । निहारीका ममता, प्रेम, बलिदान, त्याग, समर्पणभन्दा शारीरिक यौनजन्य सन्तुष्टिलाई जीवनको वास्तविकता ठान्ने गरेको धारणा निपत्रकारको छ । निपत्रकार जीवनमा अमर प्रेम गर्न चाहान्छन् । आफ्नो प्रेमीकाले पनि अमर प्रेम गरोस् भन्ने चाहान्छन् । तर उसका यी कल्पना कोरा र भावुकतामा मात्र सिमित छन् ।

आजको मान्छे-मान्छेबीच अमर प्रेमको लेस छैन । अमर प्रेम गर्नेहरू धोका, घृणा र कटुवचनले गर्दा नीलकण्ठ भएर बाँचेका छन । कति मानिसहरू त अमर प्रेममा पाएको धोकाकै कारणले कुलतमा पनि फसेको कुरा निपत्रकारले व्यक्त गरेका छन् । आजका नारी भनेका छेपारो जस्तै हुन्छन् । मौका परेका बेलामा आफ्नो रङ्ग फेरिरहन्छन् तर सच्चा प्रेमीहरू टुटे-फुटेको मुटुलाई सिएर अनेक पीडा बोध गरेर पनि बाँचिरहेका हुन्छन् भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

## निहारिका- २

प्रस्तुत निपत्रमा समयको अन्तरालले मानिसलाई अनेक अवस्थामा पुऱ्याउँछ भन्ने भाव व्यक्त गरिएको छ । नरनारी भनेका एक अर्काका परिपूरक हुन् । उनीहरू एकविना अर्कोको अस्तित्व रहिरहन सक्दैन भन्ने भाव निपत्रमा व्यक्त गरिएको छ । तर निपत्रकारको जीवन भने निहारिकाकै कारणले नकारात्मकताको गर्तमा फस्दै गएको या भासिदै गएको भाव निपत्रमा व्यक्त गरिएको छ । सृष्टिको आदिदेखि हालसम्मको अवस्थामा नरलाई नारीको र नारीलाई नरको आवश्यकताकै कारण यहाँसम्म आएको भएपनि निपत्रकारको जीवन झन् एक्लो र निरूपाय हुँदै भएको भाव निहारिकालाई सम्बोधन गरिएको निपत्रमा व्यक्त गरिएको छ । नरको आधा आकाश नारी हो भनेपनि निपत्रकारको आधा आकाश त शून्य र कहाली लाग्दो रहेको निपत्रकारको मनमा अनेक चाहना लुकेर बसेका छन् । तर तिनले साकार हुने मौका पाएका छैनन् । दिनानुदिन जीवन मृत्युको मुखतिर दौडिरहेको कारणले निहारिकासँगको सम्बन्ध पनि झनै नराम्रो र पट्यार लाग्दो भएको धारणा निपत्रकारको छ । निपत्रकार निहारिकासँगको सुन्दर सम्बन्ध रहेर एउटा सुन्दर भविष्य बालबच्चा, सुन्दर घर होस्, निर्धक्कसँग हाँस्न र रुन सकियोस् भन्ने चाहन्छन्  तर त्यो चाहना केवल अँध्याराको कल्पना जस्तोमात्र भएको छ । त्यसैले आफ्नो जीवन व्यर्थतातिर लम्किरहेको धारणा निपत्रकारको रहेको छ ।

**निहारिका- ३**

प्रस्तुत निपत्रमा मानिसको चाहनाहरू अपूर्ण भयो भने मानिस स्वरूप विहीन र परिचय विहीन अर्थात् अस्तित्व विहीन हुन्छ भन्ने धारणा व्यक्त गरिएको छ । मान्छेको जीन्दगीका चाहनाहरू पूरा हुन सकदैनन् । सबै सपनाहरू पूरा हुन्छन् भन्ने छैन । सबै सपनाहरू तृप्त हुन्छन् भन्ने छैन तर पनि मानिसका त्यस्ता चाहना र सपनाहरू केही हद मात्रामा पूरा हुनु पर्छ यदि पूरा भएनन् भने मान्छेमा अपनत्वको बोध हुन्छ र मान्छे पतनको बाटोतिर जान्छ भन्ने भाव निपत्रमा व्यक्त गरिएको छ । निपत्रकारमा पनि त्यस्तै अपनत्व विकारयुक्तता र प्रतिकूलताहरू जन्मदै गएका छन् । उनमा सपना र विपना छुट्याउन सक्ने सामर्थ्य छैन । सपना र विपनाबीच तात्वीक अन्तर छुट्याउन सक्ने अवस्था छैन । निपत्रकारले संसारलाई प्रतिकूल देख्न थालेका छन् । भगवानलाई पक्षपाती ठानेको छन् । आफ्नो जीवन आँसुको सागरमा र हाँसोको अन्धकारमा मासिएको कुरा व्यक्त गरेका छन् ।

यहाँ आजको आधुनिक सभ्यतामा सत्यता छैन, अन्याय छ, ठगी छ र छलकपट छ । यहाँ कसैलाई कसैको माया, ममता छैन । यहाँ प्रत्येक मान्छे स्वार्थी छन् । कसैले कसैका

लागि जीवन बाँचिदिँदैन । आजको परम्परा त्यसैमा अडेको छ । सोझा र सभ्य मानिने मानिसहरूका लागि जीवन झनै कष्टकर र उराठ् लाग्दो बन्दै गएको भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

## निहारिका- ४

प्रस्तुत निपत्रमा ब्रह्माण्डका अन्य जीव जनावरभन्दा पनि मान्छे छुट्टै छ र मानिसको व्यावहार पनि छुट्टै छ । त्यसैले अन्य प्राणीभन्दा मान्छेले प्रेम प्रणय गर्दछ । मान्छेले नै चेतनाको महसुस गर्दछ । मानिसमै सुख दुःख अनुभव गर्ने क्षमता हुन्छ तर पनि मान्छे समय र परिस्थितिको बन्धनमा परेको कुरा निपत्रमा व्यक्त गरिएको छ ।

मानिस जीवनमा सँधै अमर हुने काम गर्न खोज्छ तर पनि ऊ समयको बन्धनका कारणले त्यसो गर्न असमर्थ हुन्छ । प्रस्तुत निपत्रमा निपत्रकारले आफू अनन्त समयको लहरसँग निकै टाढासम्म बगिसकेको र अनेकौं सम्झन योग्य क्षणहरू सँगालेको अनुभव व्यक्त गरेका छन् । निपत्रकारको विगतभन्दा वर्तमान रहरलाग्दो भएपनि अनिश्चित भविष्यका कारणले त्यो रहर कहिले टुट्ने हो, कहिले भताभुङ्ग हुने हो त्यो थाहा नभएको अनुभव निपत्रकारलाई डर छ । आजको मान्छेको भविष्य अत्यन्त डरलाग्दो कहाली लाग्दो र सन्त्रासको डोवले युक्त रहेको छ । तरपनि अरुलाई प्रेम गर्ने माया ममता गर्नेहरू यो सारा कुरा सहेर बस्न बाध्य रहेको धारणा निपत्रकारको छ ।

मान्छेले चाहेर पनि वर्तमानमा खुसी साथ जिएर भविष्यसम्म त्यो खुसी बचाएर राख्न सक्दैन । यहाँको हाम्रो समाजको परम्परा अत्यन्त साँघुरिएको र सङ्कुचित रहेको छ । पुरुष प्रधान समाज भएकाले नारीहरूले प्रेम गर्न अनेक वाधा र व्यवधान काट्नु पर्ने निपत्रकारको धारणा छ । वास्तविक प्रेम भन्ने कुरा अनेक घटना, अनेक धोका तथा अनेक प्रतिघटनामा पनि सामान्य लाग्ने कुरा निपत्रकारले व्यक्त गरेका छन् । मानिसको जीवन भनेको कल्पनामा अडेको हुन्छ । वास्तविक सुख पनि कल्पनाबाटै हुन्छ । त्यसैले आफूले पनि अनेक समस्यासँग जुधेर प्रेम गर्न सकेको कुरा निपत्रकारले व्यक्त गरेका छन् । वास्तवमा सच्चा प्रेममा कहिल्यै पनि गल्ती हुँदैन । त्यो गल्ती त हेर्ने आँखामा भर पर्छ भन्ने भाव निपत्रमा व्यक्त गरिएको छ । हामीले सफल जीवन जिउन प्रत्येक जीव जनावरबाट उसका राम्रा गुणहरू लिन, उपयुक्त हुन्छ । सफल प्रेमी बन्नु भनेको अहिंसाको पर्याय, त्यागको पर्याय हुनु हो । त्यसैले प्रेमलाई जीवन सञ्चालनको आधार सफल जीवनको आधार बनाउनु पर्छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

## निहारिका- ५

प्रस्तुत निपत्रमा मानिसका जीवनका आ-आफ्नै कथा हुन्छन् ती कथा जसले भोगेको हो त्यसैलाई मात्र थाहा हुन्छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । आजको स्वार्थी युगमा मानिसहरू एक अर्काको पीडा र दुःखमा सामेल हुँदैन तर निहीत स्वार्थका लागि भने साह्रै मिल्दछन् भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

आज प्रत्येक व्यक्तिको कथा बनेको छ । त्यो प्रत्येक कथामा अनेकन दर्द र पीडा छ । तर कसैलाई पनि अर्काको पीडा र वेदना सुन्ने फुर्सद छैन । आज हामी एकादेशका राजकुमार जस्ता भएका छौं । हाम्रो दिनचर्या आदिकथाका पात्रको जस्तो भएको छ । यहाँ अन्याय, अत्याचार र भ्रष्टाचार गर्नेहरूको मात्र राज छ । यहाँ अरुको हत्या गर्ने, अपहरण गर्नेहरूको मात्र राज्य छ । त्यसैले सोझा-सीधाका लागि यो संसार अत्यन्त भयावह हुँदै गएको र भविष्य पनि शून्य र निराकार बन्दै गएको धारणा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**निहारिका- ६**

प्रस्तुत निपत्रमा मानिसले कहिल्यै पनि अन्याय अत्याचार सहेर बस्न हुँदैन । त्यसको विरुद्धमा विद्रोह गर्नुपर्छ र अन्याय, अत्याचार तथा परपीडाबाट टाढै रहन पर्छ भन्ने कुरा निपत्रमा व्यक्त गरिएको छ । प्रस्तुत निपत्रमा निपत्रकारले आफू निहारिकाको व्यवहारदेखि अत्यन्त वाक्क दिक्क भएर विद्रोह गर्न बाध्य भएको र विद्रोह गरेको भनाइ प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

निपत्रकारले निहारिकालाई यति समयसम्म प्रेम गर्नु भनेको सर्पलाई विष खुवाउनु सरह भएको आफू सदा एक्लो भएको अनुभव गरेका छन् । त्यसैले अव त्यस्तो प्रेममा फस्नुभन्दा विद्रोह गर्नु नै उपयुक्त हुन्छ भन्ने निपत्रकारले ठानेका छन् । मानिसलाई ज्यादा दमन गर्नु वा दवाउनु हुँदैन । ऊ एकदिन अवश्य विद्रोही बन्न सक्छ । त्यस्तै आफू पनि निहारिकाको आनिबानीबाट विद्रोही बनेको सङ्घर्षमा होमिएको, स्वतन्त्र हुन चाहेको कुरा निपत्रकारले व्यक्त गरेका छन् । आफू अपहेलित र दमित भएकै कारणले निहारिकासँगको सम्बन्धमा पूर्णविराम लगाएन चाहेको कुरा निपत्रकारले व्यक्त गरेका छन् ।

निहारिका र निपत्रकार बीचको सम्बन्ध अत्यन्त टाढाको र फरक बनिसकेको छ । निहारिकाको व्यवहारले निपत्रकारमा अत्यन्त हतासपन र निरासापनको उदय भएको अत्यन्त स्वतन्त्र भएर हिड्न मन लाग्न थालेको कुरा निपत्रमा व्यक्त गरिएको छ । निपत्रकारले आफू विद्रोही भएर पनि स्वतन्त्र बस्न चाहेको र अबदेखि आफू सधैं स्वतन्त्र रहने भाव निपत्रमा व्यक्त गरेका छन् । मान्छे सगौरव बाँच्नुपर्छ यदि सगौरव बाँच्न पाउन

भने उसमा पीडा र ग्लानिको अनुभव हुन्छ । ऊ आफूलाई अत्यन्त अपहेलित ठान्छ । ऊ आफूलाई बाँचेर पनि मरेको ठान्छ । ऊ हृदयमा अनेकन चोट लुकाएर बस्न बाध्य हुन्छ । त्यसैले आफू पनि जीवनमा स्वतन्त्र र छुट्टै बस्न विद्रोही भएको भाव निपत्रमा व्यक्त गरिएको छ ।

**दर्शन- १**

प्रस्तुत निपत्र निपत्रकारले दर्शनलाई सम्बोधन गरेर लेखेको निपत्र हो । प्रस्तुत निपत्रमा मानिसको जीवन भौतिक रूपमा नासवान रहेको र दैनिक जीवनमा आइपर्ने सुख-दुःख, लाभ-हानि, जय-पराजय सामान्य कुरा हुन्  र निरस दुःख पर्दा आत्तिनु हुँदैन भन्ने गीतावादी दर्शनलाई मुख्य विषय बनाइएको छ । मानिसमा रहेको चाहना भन्ने कुरा अन्तरात्माको चाहना हो । हामी आफ्नो चाहनालाई कल्पना र सम्झनाले पूर्ति गर्न चाहन्छौं । यो मनोविज्ञान पनि हो । मानिसमा इच्छा चाहना भन्ने कुरा प्राकृतिक गुण भएकाले यस्ता चाहना र तृष्णाहरू दवाएर राख्नु हुँदैन । तर इच्छा र एषणा पूर्ति गर्ने नाममा नाङ्गो रूप भने देखाउन हुँदैन भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

आजको मानिस आफ्नो इच्छा र एषणा परिपूर्ति गर्ने नाममा आडम्बर, अवास्तविकता, छलकपटमा डुबेको छ । उसलाई यो हाम्रो जीवन नै अस्तित्व विहीन छ भन्ने कुरा चाँहि थाहा छैन भन्ने कुरा प्रस्तुत निपत्रमा निपत्रकारले व्यक्त गरेका छन् । आजका मानिस निहित स्वार्थका लागि अरुसँग नजिकको सम्बन्ध राख्छ । स्वार्थ पूर्ति भइसकेपछि  ऊ टाढा हुन्छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**दर्शन- २**

प्रस्तुत निपत्रामा मान्छेको अनिश्चत भविष्यको डरलाग्दो वर्तमानको अवस्थालाई चित्रण गरिएको छ । आजको मान्छे समयको वेगले गर्दा निरीह र निरूपाय भएको छ । ऊ चाहेर पनि समयको बन्धनबाट मुक्त हुन सक्दैन । आजको वर्तमानको मान्छेको व्यवहारले उसको सन्ततिको भविष्यनै अन्धकारमा रुमल्लिएको छ । केही मान्छे वर्तमानको पीडा बिर्सन सुखद भविष्यको कल्पना गर्दछ तर उसका सपनाहरू  सपनामा मात्रै सिमित हुन्छन् । कल्पना अधिकल्पनामा मात्र छन् । मानिसको वर्तमान भने आश्विकार, घृणा, अभाव, तिरस्कार एवम् तिरस्कार बाटमात्र जेलिएको छ । त्यसैले जर्जर वर्तमानको मानिस अनिश्चित र शून्य भविश्यको पर्खाइमा बाँचेको छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ  । आजको वर्तमान यतिसम्म जर्जर हुनुमा  भूतमा मानिसले गरेको गल्तीको परिणाम हो भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । उसर्थ मानिसले कष्टकर

भविष्यको वदनामी समयबाट बाँच्न त्यागलाई अङ्गाल्नु पर्दछ । आफ्नो कर्तव्यलाई बुझ्नु पर्दछ र आफ्नो स्वाभिमानलाई जोगाउनु पर्दछ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**दर्शन-३**

प्रस्तुत निपत्रमा मानिसले जीवनलाई सुखपूर्वक बिताउन आवश्यक पर्ने कुरा हाँसोलाई मुख्य विषय बनाएको छ । हामी सुन्दर बगैंचाका सुन्दर फूलहरू हौं । हामीले समय पुगेपछि अवश्य ओइलाउनु पर्दछ र झर्नु पर्दछ । तर फुलुञ्जेल अत्यन्त सुन्दर र सुखपूर्वक फुल्नु वा बाँच्नु पर्छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । फूल ओइलाउनु परिवर्तन हुनु, झर्नु अपरिहार्य हो । मानिसले पनि मर्नुपर्छ । यो आवश्यकता पनि हो । तर बाँचुञ्जेल अर्काका लागि केही न केही गर्नुपर्छ । आफूसहित अरुलाई पनि सुखी राख्नुपर्छ । त्यसका लागि मानिसले अनेक दुःख कष्ट सहेर भएपनि हाँस्न जान्नुपर्छ । आफू हाँस्नु र अरुलाई पनि हँसाउनु हाम्रो परम कर्तव्य हो भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । तर अरुको उपकार गर्ने नाममा आफैंलाई घात हुने काम चाहिँ गर्नु हुँदैन भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**दर्शन- ४**

प्रस्तुत निपत्रमा मानिस वास्तवमा मानिस बन्न नसकेको यथार्थतालाई मुख्य विषय बनाइएको छ । आजको युगमा मानिस निश्चित स्वार्थता र अन्धताबाट अमानव बनेको छ । मानिस विस्तारै हिंस्रक र क्रुर बन्दै गइरहेको छ । आजको मानिसमा दया, माया, समर्पण भन्ने कुरा हराएर गइरहेको छ । मानिसले जिन्दगीको वास्तविकता र यथार्थता बिर्सिसकेको छ । सामाजिक मर्यादा, मूल्य र मान्यताहरू विघटित हुँदै गइरहेका छन् । मानिस आफ्नो गल्ती लुकाउन हदैसम्म प्रयास गरिरहेको छ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

मानिस ईश्वरको उत्तम सृष्टि मानिए पनि अरु जनावरभन्दा पतीत हुँदै गइरहेको छ । मानिस सामाजिक प्राणी भएपनि ऊ जनावरीय प्रवृत्तिले ग्रस्त भएको कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । मानिसले आफू पूर्ण हुन अरुको गुण पनि ग्रहण गर्न सिक्नु पर्दछ । वास्तवमा मानिसले मानिस हुन मायामा, प्रेममा, समर्पणमा वास्तविकता ल्याउनुपर्छ । धर्तीमा हुने सबैलाई समान दृष्टिले हेर्नुपर्छ । आफूमा अपूर्ण रहेको गुण अरु जनावरबाट सिक्नुपर्छ भन्ने भाव प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ ।

**दर्शन- ५**

प्रस्तुत निपत्रमा मानिसका जीवनलाई सफल बनाउन जीवनका अँध्यारो पक्षहरूलाई अन्त्य गरेर उज्यालो पक्षतिर जानुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ । आजको मान्छेको जीवन अत्यन्तै अन्धकारमा रुमल्लिएको छ । उसको कारण पनि मानिस नै रहेको भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । मानिसमा धेरै-धेरै नकारात्मक र अँध्यारा पक्षहरू छन् । मानिस त्यसलाई हटाउनको सट्टा झन् नकारात्मक र अँध्यारो पार्न गइरहेको छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । मानिस आफूभित्रको चाहना र घृणाहरू, विवेक र अविवेकहरू, संवेदना र संवेगहरू, खुसी र हाँसोहरू प्रयोग गरेर जीवनलाई खुसी पार्न चाहन्छ । तर  ऊ असफल भइरहेको छ । मानिस-मानिसबीच जीवन यापनको अत्यन्त फरक बाटो भएको छ ।

यहाँ आजका मानिसहरू ठूला र चर्चित हुने नाममा अनेक वादशाह बन्दै गइरहेका छन् । मानिस झन् घमण्डी बन्दै गइरहेको छ । त्यसैले यहाँ संसारलाई पीडित पार्ने र संसारलाई सुखमय पारी जीवनलाई सार्थक बनाउने बीच ठूलो अन्तर रहेको भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । हामी एक-आपसका दुःख, दर्द र आला घाएहरू हेर्छौं, तर मलमपट्टी लगाइ दिदैनौं किनकि हामी विकृत र स्वार्थी छौं । हामी अरुको सम्मान गरेर संसारको वास्तविकता बुझेर बाँच्न सक्दैनौ । बरु अरुलाई घृणा र रिस गरेर बाँच्न रुचाउँछौं । घृणा र अपमान भन्ने कुरा आजभोलि मान्छेको बाँच्न र सुख आनन्द प्राप्त हुने साधन बनेको छ ।

आजको मान्छेले जीवनलाई बुझ्न सकेको छैन । वास्तविक जीवन कसैले पनि बुझ्न सकेको छैन । आजका मानिस केवल भोलिको आशामा मात्र बाँचेको छ । उसलाई सधैँका लागि बाँच्नुपर्छ । अमरत्वका लागि बाँच्नुपर्छ भन्ने कुरा थाहा छैन । प्रस्तुत निपत्रमा आजको मान्छेमा चाहना र एषणाहरू मात्र छन् । मानिसहरूमा धैर्य छैन । स्वार्थता र नीचताको गन्धमा मात्र रुमल्लिएका छन् । हामी प्रत्येक पटक कसम खान्छौं र प्रत्येक पलमा ती कसमहरू तोड्दै जान्छौं । तर हामीलाई सार्थक तरिकाले बाँच्ने उपाय थाहा छैन । त्यसैले मानिसले मुक्ति पाउन सकेको छैन भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**दर्शन- ६**

प्रस्तुत निपत्रमा आजको मानिस इर्ष्या, लोभ र वितृष्णाकै कारणले व्यक्तिमा फस्दै गइरहेको भाव व्यक्त गरिएको छ । मानिस वास्तविकता, यथार्थता र सत्यता खोज्ने पक्षमा

छैन । त्यसैले  ऊ विडम्बनाको भासमा भासिँदै गइरहेको छ । मानिस पञ्चइन्द्रियकै कारणले मानवबाट पथभ्रष्ट भइरहेको छ । मानिस आफूलाई सच्याउने, आफूभित्रको कल्मस सफा पार्ने कसम खान्छ । तर अन्तिममा ती सबै कुरा विर्सिंदै जान्छ भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । मानिस बाहिरी भ्रमपूर्ण संसारलाई सत्य मानिरहेको छ । मानिस आँखाकै कारणले लोभ र लालचामा फँसेको छ र आफूलाई बिर्सदै गइरहेको छ ।

मानिस त एउटा कर्मको साधक हो । उसमा निस्वार्थ र सच्चरित्रता भन्ने कुरा हराएर गएको छ । मानिस शोक र क्रोधले ग्रष्त छ । किनकि शोक नै क्रोधको चिह्न भएको छ ।  ऊ भौतिक वस्तुको लागि मात्र मरिहत्ते गर्दछ । आफ्नो स्वार्थको पूर्तिका लागि अनेक चाकरीमा फसेको छ ।  ऊ आफ्नो गन्तव्यको पथबाट विचलित भइरहेको छ भन्ने कुरा प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ । यहाँ पीडा छन्, अभिमान छन्, उत्सुक्ताहरू छन्, एषणाहरू छन् । त्यसैले मानिसले प्रगति वा मुक्ति पाउन सकेको छैन । मानिस-मानिसमा युद्ध, आतङ्क जस्ता विसङ्गत हिंसात्मक प्रवृत्तिहरू छन् । मानिस आफूलाई पूजक र प्रतिष्ठापक ठान्छ । आजको मानिसले जीवनबाट मुक्ति पाउन आफैंलाई बुझ्नु पर्छ र लोभ, मोह जस्ता कुरालाई त्याग्नु पर्दछ भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गएिको छ ।

**मृत्युञ्जय- १**

प्रस्तुत निवन्ध मनस्ताका सर्गमा सङ्ग्रहमा रहेको छ । प्रस्तुत निबन्धमा संसारमा अनेकता, विविधता र पृथकता रहेझैं मानिसमा पनि अनेक अनेकता, विविधता, पृथकता रहेको धारणा प्रस्तुत गरिएको छ । मानिस आफैभित्र अन्योल ग्रस्त छ । क्यानभासमा बिग्रिएको रङ्गजस्तो भएको छ । ऊ आफ्नो चाहनाको पूर्ती गर्न नसकेर विविध ठाउँमा परिभ्रमित रहेको छ । मानिसमा भोग र विलासिताको चाहनाले ऊ झन् आकुल, ब्याकुल छ । मानिस वेसुरको भएको छ । उसमा अनन्त पीडा, अनन्त रोदन र क्रन्दन रहेको छ । तर ऊ आफूभित्रको रसास्वादन गर्न सकिरहेको छैन भन्ने कुरालाई प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

प्रस्तुत निबन्धमा मानिसले समयलाई र स्वार्थलाई बुझ्न नसकेर यस्तो विभ्रान्तिमा बसेको धारणा व्यक्त गरिएको छ । मानिसमा सत्य र सुन्दरतालाई हेर्ने आँखा बन्द रहेका छन् । मानिसमा सत्य र वास्तविकता नियाल्ने नयन छैनन् । उसमा मानवत्वको र जीवनको परिभाषा छैन । ऊसँग केवल चाहना, एषणा र सपनाहरू मात्र रहेका छन् ।  ऊ प्रत्येक सपना पूरा होएन् भन्ने चाहन्छ । अन्तिममा सपना पूरा नभएपछि  ऊ विक्षिप्त बन्दछ भन्ने भाव प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ ।

प्रस्तुत निपत्रमा मानिसले आफ्नो पहिचानका लागि आफैलाई चिन्नुपर्छ र मुक्तिको खोजी गर्नुपर्छ । मानिस विजयमात्र पनि होइन । मानिस त विजय र पराजयको समन्वय हो । त्यसैले मानिसमा समन्वयको भावना जाग्नु पर्छ । अनिमात्र मानिस मृत्युञ्जय बन्न सक्छ भन्ने भाव प्रस्तुत निपत्रमा व्यक्त गरिएको छ ।

**मृत्युञ्जय- २**

प्रस्तुत निबन्धमा मानिस मनस्वी अर्थात् मृत्युञ्जयी बन्न अपनाउन पर्ने काम कर्तव्यलाई मुख्य विषय बनाइएको छ । मनस्थिता अर्थात् मनस्वी हुनाको भाव मानसिक दुर्वलता, नभएका, प्रतिभाशाली, गौरवमय, क्षमतावान बन्नु हो । त्यसैले आजको मानिसमा यही अमर्त्य, मनस्वीपनको खोजी गर्नु उपयुक्त हुन्छ र मानिसलाई मुक्ति दिन सकिन्छ भन्ने भाव प्रस्तुत गरिएको छ । मानिसको जीवन निरन्तर बगिरहन्छ । यो जीवन जन्मबाट सुरु भएर मृत्युमा पुगेर समाप्त हुन्छ ।

यसरी विभिन्न समयमा सङ्गालिएका अनुभवहरूलाई पत्रात्मकात्मक, विवरणात्मक तथा वर्णनात्मक शैली अपनाएर लेखिएका यी पत्रात्मक निबन्धहरूमा सेवाचार्यले जीवनका विभिन्न समयमा घटेका, भोगेका, सुनेका र अनुभव गरेका विषयवस्तुलाई आत्मानुभवका रूपमा उतारेका छन् । उसरी उस सङ्ग्रहमा सङ्ग्रहित पत्रात्मक निबन्धहरूको मूल विषय जीवन भोगाइका क्रममा गरिएका अनुभव र घटना तथा आफ्ना जीवनमा घटेका अविस्मरणीय घटना आदि रहेका छन् ।

**घ) भाषाशैली विन्यास**

भाषाशैली विन्यासका दृष्टिले प्रस्तुत **मनस्विताको खोजी** संस्मरण सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू सरल, सुबोध र स्वाभाविक भाषाशैलीमा संरचित भएको देखिन्छ । प्रस्तुत सङ्ग्रहका पत्रात्मक निबन्धको भाषामा कवितात्मक कलाको मात्रा बढी रहेको छ । प्रस्तुत सङ्ग्रहमा पत्रात्मक निबन्धहरूमा नेपाली भाषामा प्रचलित तत्सम, तद्भव, आगन्तुक झर्रो नेपाली र नेपाली स्थानीय भाषिकाका शब्दहरूको प्रयोग भएका छन् । प्रस्तुत पत्रात्मक सङ्ग्रहमा कथ्य शैलीको भाषा प्रयोग गरिएको छ । भाषालाई कलात्मक र आकर्षक बनाउने कर्मारम्भ, क्रियारम्भ, निपात आरम्भ वाक्य ढाँचाको प्रयोग गरिएको छ । क्यारे, ढुक्क, ढुटीमाटी, आत्मा, उकाली, ओराली, काख, नाउँ, साँघुरो, टनाटन, पाखो, भीर, आदि नेपाली झर्रा शब्दहरूको प्रयोगयुक्त पत्रात्मक निबन्धमा प्रस्तुत गरिएको छ । मेन रोड, स्टाफ, पार्क, ट्राफिक, ट्रक, जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिएको छ ।

ध्याच्च, फुटुफुटु ढुक्क ढुक्क, चिटचिट झलकक, झमकक, धुईधुइती, टिकटिक, थर्थर जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि पत्रात्मक निबन्धहरूलाई आकर्षक बनाएको छ । ऊ हाम्मो गाडी, अँ है था छैन (पृ. ९) म त्यता जान्छु है ल .. (पृ. १०) ल्याइदिइ हाले नि (पृ. ११) मन लोभी मन पापी, बुझदैन मेरो मन ... (पृ. १२) छ......छ.....पैसा, छ.....छ......पैसा (पृ. १३) पेडा ....केले नाङ्गी (पृ. १३) 'डाम्नाहरू मञ्जाले अघाएने भए' ( पृ. २६) जस्ता कथ्य भाषिकाको प्रयोग पनि गरिएको छ । पत्रात्मक सङ्ग्रहका कतिपय पत्रात्मक निबन्धहरूमा हिन्दी कथ्य भाषाको प्रयोग पनि ठाउँ ठाउँमा गरिएको छ । सीट पर बैठिए आइए खाली ही है (पृ. १३) ओ, ड्राइवर साहब, अच्छा से गाडी चलाया कोजिए (पृ . २९) यह, अंगुठा बराबर साइजका आपका ठिक हैन ? बहुत महँगाई हो गया क्या ठिक में भी ? काम से न मतलब है, देखिएन पैसा यहाँ पर लिखा हैं (पृ. २९) पण्डाजी यह हमारे आदमी है, (पृ. ३३) आदि कथ्य हिन्दी भाषाको प्रयोगले पनि पत्रात्मक सङ्ग्रह निकै आकर्षक बनेको छ । पत्रात्मकका बीचबीचमा प्रसङ्ग अनुसार भैसकेको कुरालाई बारम्बार नसोचनू परिआउँछ जो काम त्यसमायत्नवान् हुन् (पृ. २२) चपला अवलाहरू एक सुरमा । 'गुणकेशरीको फूलली शीरमा हिडन्या सखि लीकन ओरिपारि' । अमरावति कान्तिपुरीनगरी ( पृ. २९) धनै भए लम्य छ गाँस, बास, धनै भए मात्र रहन्छ सास, धनैछ सर्वोत्तम सार जे छ, सबै धनमा लटको रहेछ (पृ. ५६) धुरू धुरू जगतै रून्छ बालविहा गरेको देखि (पृ. ६२) जस्ता गीत तथा कविताको अंशहरूको पनि पत्रात्मक निबन्धमा प्रयोग गरिएको छ । पत्रात्मक सङ्ग्रहमा पत्रात्मक निबन्धहरू घटना घटेको निकै पछि संझनाद्वारा विश्रान्त अवस्थामा लेखिए पनि त्यसमा प्रकृतिको अभाव रहेको छ । सुझन बुझ (पृ. ९), होनहार दैव नटार (पृ. ११) गोता खानु (पृ. ११) हरि बिजोग हुनु (पृ. १३) आकाशको राहू पातालको केतु एक फेरि नपरी के गरी चेतु (पृ. २१) नदीमा झीम, हात्तीमा भीम, सुब्बामा, तारा, जिल्लामा बारा मरेको मलंगवा, विग्रेको विसनपुर (पृ. २३) खतीभन्दा खाँचो ठूलो (पृ. २२) भैमान भाँडामा (पृ. २५) विजुली चम्केको देखेर तर्सेको कुकुर अघुल्टो देख्दा तर्सन्छ (पृ. २७) काशीजाने कुत्तीको बाटो (पृ. २७) जति जोगी अमाउँछन् कानै चिरेका .(पृ. ७५) जस्ता उखान टुक्काको प्रयोगले पनि पत्रात्मक बिन्धमामा मीठास थपेको छ । सेवाचार्यका पत्रात्मक निबन्धहरूमा विषयवस्तुले शीर्षकसँग तालमेल खाएको देखिन्छ । प्रस्तुत पत्रात्मक सङ्ग्रहका पत्रात्मक निबन्धहरूमा भाषागत, शैलीगत र विधागत केही कमजोरी केही सवलपक्षहरू रहेका छन् । उनका सबै पत्रात्मक निबन्धहरू निजात्मक शैलीमा लेखिएका पत्रात्मकात्मक र आत्म अनुभवमा आधारित छन् । पत्रात्मक निबन्धहरूको प्रसङका

माध्यमबाट पाठकमा स्मित हाँसो, गम्भीरता सृजना गरी विभिन्न विचारको प्रस्तुति गर्नुका साथै त्यहाँको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि विषयहरूको जानकारी गराउनु यस सङ्ग्रहमा सङ्ग्रहित पत्रात्मक निबन्धहरूको प्रमुख विशेषता रहेको  पाइन्छ ।

## ५.४ निष्कर्ष

यसरी हेर्दा दिनेश सेवाचार्यको मनस्विताको खोजी (निबन्धसङ्ग्रह) र अक्षर सम्मेलन ( चिन्तन सङ्ग्रह) प्रकाशित छन् । प्रयोगवादी भावधारामा रचिएका उनका निबन्ध निबन्धात्मक कृतिहरूमा समसामयिक विश्व समाजलाई मुख्य विषय बनाइएको छ । उनका निबन्धमा मानव समस्यालाई प्रमुख रूपमा उठाइएको छ । '**मनस्विताको खोजी**'मा मानवमा विकसित हुदै गएको विविध समस्या र मानव समुदायमा फैलदै गएको विभिन्न रोग ,भोग र प्रेमबाट उत्पन्न समास्यालाई प्रमुख विषय बनाइएको छ ।  **अक्षर सम्मेलन** (चिन्तन सङ्ग्रहमा) मानवको सञ्चारको माध्यम बनेको भाषाको आधार अक्षरहरूको महत्व र महिमा गाइएको छ । सेवाचार्यको **शब्दहरूको भूमि** कविता सङ्ग्रह (२०६४) प्रकाशित छ । उस सङ्ग्रहमा सेवाचार्यका विभिन्न समयमा रचिएका कविताहरू सङ्ग्रहित छन् । उस सङ्ग्रहमा १४४ वटा  गद्य कविता प्रकाशित छन् । उस कृतिको पहिलो खण्डमा मुक्तककविता रहेका छन् भन्ने दोस्रो खण्डमा फुटकर कविता रहेका छन् । प्रगतिशील, राष्ट्रवादी, समाज सुधार, यथार्थवादी, स्तूतिपरक, वन्दनात्मक जस्ता भाव भूमिमा रचिएका उनका कविताहरू प्रयोगवादी भाव धारामा रचिएका छन् । सेवाचार्यको **मनस्विताको खोजी** पत्रात्मक सङ्ग्रहमा १४ वटा पत्रात्मक निबन्धहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा सङ्ग्रहित पत्रात्मक निबन्धमा वर्तमान नेपालको विभिन्न क्षेत्रमा सेवाचार्य घुम्दा आफूले भोगेका अनुभव गरेका अनुभूतिहरूलाई समेटिएको छ ।

## ५.३ अक्षर सम्मेलन चिन्तन सङ्ग्रहको अध्ययन

**अक्षर सम्मेलन** दिनेश सेवाचार्यको तेस्रो कृति हो । सुदिप प्रकाशनद्वारा २०६४ फागुनमा प्रकाशित प्रस्तुत कृतिमा रमेश पौडेलले आवरण गरेका छन् । प्रस्तुत 'अक्षर सम्मेलन' विभिन्न स्थान र समयमा विभिन्न घटनाले लेखकमा पारेको प्रभाव र आफ्नो चिन्तनसँग ती प्रभावको तादात्म्य र विरोधाभासको उपजका रूपमा उब्जिएका प्रतिक्रियात्मक अभिव्यक्तिहरू प्रकट भएको चिन्तन सङ्ग्रह हो । यहाँ चिन्तनहरूलाई अक्षरमा प्रतिविम्बित गर्ने क्रममा पृथक किसिमको नवीन प्रयोगवादी शैली अवलम्वन

गरिएको छ । प्रस्तुत कृतिमा प्रयोगवादी शैलीमा निबन्धहरू लेखिएका छन् । सेवाचार्यको प्रस्तुत कृति प्रत्येक अनुभूति अनुरूप अभिव्यक्तिहरू चिन्तनका रूपमा प्रकट भएका छन् ।

'**अक्षर सम्मेलन**'मा चिन्तनकारका चिन्तनहरू अक्षर वा वर्णहरूको क्रमअनुसार व्यक्त भएका छन् । प्रस्तुत कृतिमा मानवीय जीवसँग सम्बन्धित प्रेम, यौन, राजनीति, दर्शन, भाषा, साहित्य जस्ता विविध विषयबाट चिन्तनकारका चिन्तन प्रस्तुत गरिएका छन । प्रस्तुत कृतिमा पूर्वीय एवं पाश्चात्य अध्यात्म तथा भौतिक दर्शनहरूको समन्वयका साथै स्वरवर्ण र व्यञ्जन वर्णहरूको विन्यासक्रमका आधारमा चिन्तनहरू प्रस्तुत गरिएको छ । कतै कविता, कतै मुक्तक, कतै चम्पू, शैलीको प्रयोगले प्रस्तुत कृति नवीन र मौलिक रहको छ । प्रस्तुत कृतिमा प्रारम्भ, स्वरसमूह, व्यञ्जनसमूह, संयुक्त क्षरसमूह र उपसंहार गरी पाँच भाग छन् ।

**प्रारम्भ**

प्रारम्भ शीर्षकको चिन्तनमा निजात्मकशैलीमा अक्षरहरूको उत्पत्तिक्रम र ज्ञानको विकासमा अक्षरहरूको महत्वलाई प्रमुख विषय बनाइएको छ । अक्षर सम्मेलन हुनु भनेको ज्ञानको विकास हुनु हो वा भावनाको प्रस्फुटन हुनु हो । अक्षरहरूको सम्मेलन वा मिलनबाट नै भावनाहरू पोखिन्छन् । त्यसैबाट आह्लाद वा आनन्द प्राप्त हुन्छ । अक्षरहरूमै लय वा ताल हुन्छ । अक्षरहरूको सम्मेलनमा स्वर र भाका हुन्छ । अक्षर भएन भने मानिसको मनका भावना र सम्वेदनाहरू प्रकट हुन सक्दैनन् । अक्षरहरू भनेका भावना व्यक्त हुने वा प्रकट गर्ने डुङ्गा जस्तै हुन् । यदि अक्षरहरू सन्तुलनमा भएनन्, ठीक भएनन् भने भाव व्यक्त हुन सक्दैन भन्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

प्रस्तुत चिन्तनमा अक्षरहरूको सम्मेलन पहिलो पटक भगवान् शिवको कमरुका आवाजबाट भएको र त्यसले मानवीय भाव व्यक्त गर्न थालेको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । उसका पहिलो प्रयोग कर्ता पाणिनि रहेको र उनले त्यही अक्षरबाट आफ्नो व्याकरण बनाएको कुरा यहाँ व्यक्त गरिएको छ । अक्षरहरू मध्ये पनि सबभन्दा प्रमुख अक्षर ॐ हो । ॐ नै सबै अक्षरहरूको केन्द्र रहेको र उसको प्रयोग सबै अक्षरहरू, सबै मन्त्रहरूको सुरुमा हुने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । यही ॐ अक्षरको आगमनपछि अन्य अक्षरहरू आएका र अक्षरको बारेमा चिन्ने क्रम सुरु भएको भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

प्रस्तुत चिन्तनमा संस्कृतका अभिहितान्वयवादीहरूले भने जस्तै अक्षर अविनाशी हुन्छन् । अक्षरबाटै रूप, रस, गन्ध, स्पर्श र शब्दजस्ता पञ्चतन्मात्र व्यक्त हुन्छन् तर पनि अक्षर यी पञ्चतन्मात्राबाट टाढा रहेको कुरा व्यक्त गरिएको छ ।

प्रस्तुत चिन्तनमा अक्षरहरूमध्ये स्वर वर्ग व्यञ्जनभन्दा महत्वपूर्ण हुने कुरा व्यक्त गरिएको छ । यिनै स्वर र व्यञ्जन वर्णहरूको सहायताले मनका अत्यन्त गुह्यतम कुरा व्यक्त गर्न सकिने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । सबै अक्षरहरूबाटै अनेक छन्द, लय, तानको निर्माण हुने र भावलाई रम्य पार्न सकिने कुरा प्रस्तुत चिन्तनमा गरिएको छ ।

## ॐ

प्रस्तुत चिन्तनमा ॐकारको महत्व चर्चा गरिएको छ । ॐकार सबै अक्षरहरूमध्येको मुख्य हो । उसले मानिसमा भएको पीडा, व्यथा, रोदन, क्रन्दनलाई शान्त पारिदिन्छ र मानिसलाई हृदयतः आनन्द दिन्छ भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । मानिसको मनलाई शान्ति र आनन्द ॐकारबाट प्राप्त हुन्छ भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

मानिसको जीवनमा अनेक भुक्तमानहरू आउँछन् । जसलाई भोग्दै भोग्दै जानुपर्छ । यो जीव पानी जस्तो भाँडो अनुसार आकार लिने खालको छ । ती अकारहरूमा अनेकौं पीडा र कष्टहरू भोग्नुपर्छ । वास्तवमा तिनै भुत्तमानहरूबाट मानिसले अनेक किसिमका तीता मीठा अनुभव गर्नुपर्छ । ती अनुभवहरू पीडादिने घाउहरू हुन् । मानिसले अनेक गल्तीहरू गरेर आफूलाई घाइते बनाइएको हुन्छ । मानिसले स्वतन्त्रताका लागि वा मुक्तिका लागि लड्दा पनि अनेक चोट पाएको हुन्छ । मानिसले रोगले गर्दा पनि अनेकौं चोट पाएको हुन्छ । मानिसको जीवन स्वर्णिम भएपनि अनेक चोट र पीडाले क्षतीग्रस्त छ । उसलाई आनन्द दिने एउटै उपाय छ । त्यो हो ॐ अक्षरको उच्चरण र परम् पवित्र ॐकारको जप गर्नु, ॐकारको उच्चारणले मानिसमा माया, ममता, स्नेह, सान्निध्य, समर्पण जस्ता भावना बढेर जान्छ । ॐकारको उच्चारणले मन सँधै पवित्र हुन्छ, मन सदा जाज्वल्यमान् हुन्छ, विवेकमा शुद्धता आउँछ । भोलिका निम्ति सुख सम्पत्ति र आनन्द प्राप्त हुन्छ, जसले सुखमय जीवन यापन गर्न मद्दत गर्दछ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## स्वरसमूह

प्रस्तुत चिन्तनमा मानिसमा भएको स्वच्छता र भ्रष्टतालाई अर्थात् सकारात्मकता र नकारात्मकतालाई मुख्य विषय बनाइएको छ । आजको हाम्रो जीवन यापन गर्ने दैनिकी विषयुक्त रहेका छन् । हाम्रा अगुवाहरू समाजका अगुवाहरू, हाम्रो जीवनको परिभाषा, हाम्रो

मन, हाम्रो आँखाहरू भ्रष्ट र स्वच्छ दुवै किसिमका रहेका छन् । यो संसार अत्यन्त क्षणिक रहेको छ । हामीले अनुभव गर्ने सुख भन्ने कुरा अत्यन्त क्षणिक रहेको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । हाम्रो जीवन युद्ध र सन्त्रासले खग्रास छ । कतिबेला हामी मर्ने हो थाहा छैन । त्यही हुँदा पनि कसैलाई प्रेम गर्नु छ, कसैको प्यारो हुनु छ । यसरी मानिसको जीवन सकारात्मकता-नकारात्मकता वाध्यता- विवशता र भयमा बाँचिरहेको छ । हामी अत्यन्त क्षणिक समयका लागि भएपनि मृत्युलाई कुरेर बाँच्न बाध्य रहेका छौं भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । हाम्रो समाज अत्यन्त भ्रष्टचारी र दुराचारीले ग्रस्त भएको छ । यहाँ भ्रष्टचार गरेर धन कमाउन पल्केकाहरू सडकमाथि इज्जतको विस्कुन सुकाएर अस्मितालाई लिलाम गर्न लागि परेका छन् । अनि उनीहरू नै भ्रष्टाचारको विरोध गर्न पनि पछि पर्दैनन् । यस्तो विकृत र विसङ्गत अवस्थाबाट मुक्ति पाउनका लागि ॐकारको उच्चारण गर्नु उपयुक्त हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

ऽ (**खण्ड- अकार**)

प्रस्तुत चिन्तनमा मानिसको जीवनको सार्थकता र वास्तविकतालाई मुख्य विषय बनाइएको छ । आजको वर्तमान अवस्था भय र त्रासले युक्त रहेको छ । यहाँ सद्भाव र सहिष्णुता भन्ने कुराको लेससम्म छैन । पहिला हाम्रो समाज सद्भाव र सहिष्णुताको खानी रहेको थियो । तर आज भोलि यो एउटा पुराकथामात्र भएको छ । आज यहाँ मान्छे भएर पनि अनकन्टार जस्तो भएको छ । आजको मान्छेको जङ्गलमा विभिन्न किसिमका हातहतियारको होडबाजी चलिरहेको छ । मान्छे खुसी र गौरवको समन्वय भएपनि त्यस्तो हुनु सकेको छैन । मान्छेको चाहना अत्यन्त ठूला र पूरा गर्न नसक्ने रहेका छन् । त्यसैले मानिस झन् दुःखी बन्दै गइरहेको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

आजको मान्छे खण्डित र टुक्रा-टुक्रा रहेको छ । उसका जीवनका चाहना, इच्छा, आकाङ्क्षा सबै टुक्रिदै गइरहेका छन् । मान्छे आजभोलि बाध्यताका कारणले बाँचिरहेको छ । आजको मान्छेको वर्तमान अत्यन्त भयावह रहेको छ । आज यही कारणले मानिसको मनमा शान्ति र चैन रहेको छैन । मान्छेले वातस्विक जीवन जिउन सकिरहेको छैन । उसले आफूलाई सम्झन र चिन्न सकिरहेको छैन । यदि मान्छेले समयलाई र मानिसको आफ्नो कर्तव्य बुझ्ने हो भने संसार बाँच्न लायक हुन्छ, नत्र यो संसारमा मानिस रहनसम्म सक्दैन भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## अ

प्रस्तुत चिन्तनमा समयको गतिमा मानिसको निरीहताको अवस्थालाई प्रस्तुत गरिएको छ । आजको मान्छेले जे चाहेको छ त्यो पूरा गर्न नसक्ने अवस्थामा छ । उसको चाहना अधुरा र अपूरा रहेका छन् । मानिस प्रत्येक ठाउँमा चुकिरहेको छ । उसको कारण समय हो । मानिसलाई समयको वेगले डसेको छ । मानिस ज्ञान, वुद्धिका बारेमा चिन्तन गर्न सक्ने अवस्थामा छैन । हामीले ज्ञान र बुद्धिका बारेमा चिन्तन गर्न सकेको छैन । अर्थात् अक्षर सम्मेलनका बारेमा सोच्न सक्ने क्षमता छैन । मानिसले चाहे जस्तो अक्षरहरू सम्मिलित हुँदैनन् अर्थात् ज्ञानको विकास हुँदैन् ।

आजको मानिसमा समन्वय, समझदारी सदासयता भन्ने कुरा हराएर गएको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । आज हामी हिँडिरहेका पाइलाका डोबहरू धरापमा परेका छन् । हाम्रो इतिहास विस्तारै मेटिँदै र विथोलिँदै गइरहेको छ । मानिस अगाडि बढ्न पर्नेमा झन् पछाडि परिरहेको छ । मानिसले बचाएका र गरेका कामहरू पनि फजुल कार्यकलापहरू र व्यर्थका मायामात्र भएका छन् । मानिसमा अनेक माया, समर्पण, एषणा र जिजीविशाहरू सलबलाई रहेका छन् । तर उसका ती कुनै पनि कुरा पूरा हुन सकेका छैनन् । आजको मान्छेमा इर्ष्या, डाह र रिस पनि अत्याधिक रहेका छन् । मानिस त्यही अहङ्कार र लोभमा फसेको छ । मानिस महान् र अक्षर जस्तै व्यापक स्वरूपको भएपनि त्यस्तै हुन सकेको छैन । मानिस शान्तिको प्रतीक भएपनि अशान्तिमै बाँचिरहेको छ । त्यसैले मानिस आफ्नै कारणले चुपचाप समयको पदचाप सहेर बाँच्न विवस रहेको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## इ

प्रस्तुत चिन्तनमा मानिसको जीवनमा सुखसयलको खोजी र त्यसबाट प्राप्त हुन सक्ने आनन्दलाई गद्य कवितामा व्यक्त गरिएको छ । जसरी व्यञ्जन वर्णका लागि स्वरवर्ण आवश्यक हुन्छ, त्यसै गरी नर र नारीको मिलनबाट मात्र सुख, सयल र आनन्द प्राप्त हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

अबको मानिसले आनन्द प्राप्त गर्नका लागि मिलनसारी बन्नुपर्छ । मान्छेले मान, अभिमान, पीडा, प्रशंसा, नृशंसा, घृणा, चाहना र तिरस्कारहरू त्यागेर आशा र विश्वास बोक्नु पर्दछ । अनिमात्र मानिसले जीवनको वास्तविकता थाहा पाउन सक्छ भन्ने कुरा व्यक्त गरिएको छ । मानिसले आफ्नो जन्मलाई सार्थक बनाउन सबै मानिसमा श्रद्धा विश्वासको

हात फैलाउनु पर्छ । सबै मानिसमा श्रद्धा, माया, स्नेहको दीपको उज्यालो पुऱ्याउनु पर्छ । जीवन सफल बनाउन समयलाई चिन्नु पर्दछ । अनिमात्र उन्नति र प्रगतिको फल प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । मानिसले सफलता पाउन हतास र निरास हुनु हुँदैन । जीवन बाँच्नुको अर्थ सङ्घर्ष गर्नु हो, बलिदान गर्नु हो र सफलता पाउनु हो । मानिसले जीवनलाई अधोगतिको यात्रामा लानुभन्दा ऊँदो गतिमा लानु पर्छ । मानिसले आफूलाई चिन्नुपर्छ । यो मानिसको जीवनको अर्थ प्रगति, उन्नति र उच्च कार्यमा सफलता प्राप्त गर्नु हो भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । यदि हामी आफ्नो गन्तव्यलाई भुलेर अन्तहीन यात्रामा लाग्यौ भने हामी आवश्य सफल हुन सक्दैनौं । त्यसैले निश्चित गन्तव्य लिएर हामीले यात्रा गऱ्यौं भने हाम्रो जीवन अवश्य सफल हुन्छ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## उ

प्रस्तुत चिन्तनमा मानिसको कल्पनाले साकार पाउन नसकेको कुरालाई प्रमुख विषय बनाइएको छ । मानिसको मनमा अनेक भाव,उमङ्ग, खुसी उठ्छन् । तर तिनीहरूले कहिल्यै पनि साकार रूप पाउन सक्दैनन् । हाम्रा विगतहरू अत्यन्तै डरलाग्दा र भयावह छन् । त्यसलाई हामी स्वयम्ले चिन्न सक्दैनौं । हाम्रो विगतहरूमा कैयौं बाढी, कयौं तुफानहरू आएका छन् र जीवनलाई अस्तव्यस्त बनाएका छन् । हामी जीवनमा बाँच्नकै लागि भएपनि अनेकौं कल्पना अनेकौं रहर, अनेकौं खुसी साँचेर बसेका हुन्छौं । तर समयको वेगसँगै ती खुसीहरू कतिखेर समस्याको पहाडमा ठोकिएर टुक्रा-टुक्रा हुनेछन् थाहा छैन ।

हाम्रो विपना पनि सपना जस्तै छ । यहाँ प्राकृतिक विपत्ति र दुर्घटनाहरू छन् । मान्छे कतिवेला ती दुर्घटना र प्राकृतिक विपत्तिमा पर्ने हो थाहा हुँदैन । यहाँ तिनै प्राकृतिक विपत्तिका कारण अनेक मान्छेको ज्यान गइसकेको छ । कयौं मान्छेको वियोग भएको छ । उसै कारणले कयौं सन्तानहरू टुहुरा भएका छन्, कतिका श्रीमतीहरू विदुवा भएका छन् । त्यसैले यस्तो अप्ठ्यारो अवस्थामा मानिस कल्पना र चाहानाको पहाडमा चढ्न सकिरहेको छैन भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## ए

प्रस्तुत चिन्तनमा समय र परिस्थतिले मानिसमाथि गरेको दवावले मानिस अत्यन्त निरीह र विवश भएको कुरा प्रस्तुत गरिएको छ । यहाँ मानिस आफ्ना अनुभव र अनुभूतिहरू संगाल्न चाहन्छ तर ऊ त्यसो गर्न सक्दैन । ऊ समय र परिस्थितिले

बलात्कृत भएको छ । आजको नयाँ पिंढीको मानिस रोग र अभावले ग्रस्त रहेको छ । आजको मानिस पूरातन र आधुनिकताको दश गजामा उभिएको छ ।  ऊ न पूर्ण रूपमा आधुनिकतामा प्रवेश गर्न सक्छ न पूर्ण रूपमा पुरातनतिर फर्कन सक्छ ।

आजको मानिसले पूर्ण रूपमा निदाउन पनि पाएको छैन । ऊ निदाएर भएपनि आनन्द प्राप्त गर्न खोज्छ । तर  ऊ अनेक किसिमका भय र सन्त्रासले निदाउँन सकिरहेको छैन । उसका जीवनका योजनाहरू र जीवनका प्रबन्धहरूमा भूकम्प गएका छन् तथा सबै नाश भएका छन् भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । आज मानिस-मानिसबीच विशाल अस्तित्वको लडाइँ रहेको छ र मानिस आफ्नो अस्तित्व राख्न मरिमेटि रहेको छ भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## ओ

प्रस्तुत चिन्तनमा मानिसमा समानता र सभ्यता रहिरहनु पर्छ भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । आजको मानिस विश्वको भित्र अर्थात् विश्वमित्र बन्ने नाममा विश्वको अमित्र वा विश्वमित्र बन्दै गइरहेको छ ।  ऊ विश्वमित्र बनेर आफूलाई विश्वामित्र भनिरहेछ । मानिस स्वाभिमानी बन्ने नाममा अभिमानि बन्दै गइरहेको छ । आजको मानिस अत्यन्त क्रूर शासक बन्दै गइरहेको छ । मानिस विश्वमित्र बनेर संसारलाई आफ्नो बलले शासन गर्न लागि रहेको छ । यहाँ संसारलाई चलाउने नाममा अनेकौं भौतिक युद्ध र शितयुद्ध भएका छन् । तर साँच्चै देश र जनताका लागि लड्नेहरू कमै मात्रामा रहेका छन् भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । पुराना भ्रष्ट शासकहरू नै आजको इतिहासमा सभ्य र राम्रा भएका छन् । उनीहरूकै गुणगान हामी गाइरहेका छौं भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## व्यञ्जनसमूह

प्रस्तुत चिन्तनमा आजको मानिसको जीवनको दायरालाई प्रस्तुत गरिएको छ । मानिसले आफू बाँचुन्जेल आफ्नो मर्यादा, आफ्नो गोप्यताहरू लुकाएर राख्नु पर्छ, यदि मानिसले आफ्ना गोप्यताहरूलाई भङ्ग गर्‍यो भने  ऊ नाङ्गो हुन्छ । तर कतिपय मानिसहरू गोप्यताहरू लुकाउने नाममा झन् उदाङ्गो भएका हुन्छन्, झन् नाङ्गिएका हुन्छन् । मानिसले आफ्नो जीवनको सीमित दायरामा आफ्नो गरिमालाई अग्ल्याउनु पर्छ भन्ने कुरालाई प्रस्तुत चिन्तनमा आत्मपरक शैलीमा व्यक्त गरिएको छ । आजको मानिस जन्मेपछि मृत्युको प्रतिक्षामा बसेको हुन्छ । यही मृत्युको प्रतिक्षामा आफ्ना मनका चाहना, इच्छा र

आकांक्षाहरू पूरा गर्नु पर्ने वाध्यता छ भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । यस्ता चाहना, इच्छा र आकांक्षाहरूलाई सङ्गाल्ने एउटै उपाय अक्षरहरूको क्रमबद्ध मेल हो भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**ऋ**

प्रस्तुत चिन्तनमा मानिसमा रहेको दानवी प्रवृत्तिलाई मुख्य विषय बनाइएको छ । आजको मानिस वास्तवमा मानिस हैन, उसमा रहेको जिन्दगीका विश्रृङ्खलताहरू बढ्दै गइरहेका छन् । मानिस आफैले मानिसका विरुद्ध युद्धको घोषणा गरिरहेको छ । युद्ध र अशान्ति कै कारणले आजको मान्छे हतभागी भएको छ । हाम्रो परापूर्वकालमा जीवनका मूल्य, मान्यता र आदर्शहरूको अवलम्बन गरिन्थ्यो । तर आज त्यस्तो जीवनका मूल्य, मान्यता र आदर्शलाई अवलम्बन गरिएका, गाइएका वेदका ऋचाहरू पढ्ने र मनन् गर्ने फुर्सद कसैलाई छैन । उल्टै हाम्रा यो जीवन मूल्य, मान्यता र आदर्शको गान गरिएका वेदपुराणहरू पश्चिमीहरूले लागी सक्दा पनि हामी त्यसको वास्ता गर्दैनौं । हामी राम हुन छाडेर रावण र दुर्योधन हुने कसरत गरिरहेका छौं ।

आजका मानिसहरूले आफूलाई संसारको सबै प्राणीभन्दा ज्ञानी र सामाजिक भने पनि ऊ अज्ञानी र जङ्गली बन्दै गइरहेको छ । त्यसैले त आजको संसार जान्ने, सुन्ने र बोल्ने लाटाहरूको संसार बनेको छ । आजको मान्छेका प्रत्येक घरमा अशान्ति कलह र विद्रोह छ । यहाँ शान्ति फैलाउने नाममा मानिस अशान्ति फैलाई रहेको छ । मान्छे आफ्नो नाम अनुसारको काम गर्दैन । ऊ नामको व्यातिरेकमा काम गरिएको छ । आजका शासन सत्ता चलाउनेहरू सबभन्दा भ्रष्ट र लाचार छन् । उनीहरू भोका, नाङ्गा जनताको बारेमा बोल्न चाहँदैनन् । देश र राष्ट्रियता धरौटीमा समेत राख्न पनि उनीहरू अघि सर्छन् ।

मानिस विस्तारै भयावह आततायी बन्दै गइरहेको छ । मानिसमा भएको उच्च महत्वाकांक्षाले गर्दा ऊ हिटलर, सिकन्दर बन्दै छ । मानिसले सञ्चालन गरेको युद्ध र आतङ्कको ज्वालामा कैयौं सोझा-सीधा मानिसहरू होमिई सकेका छन् । तर पनि उनीहरूको आकांक्षा पूरा भएको छैन भन्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**क-ङ**

प्रस्तुत चिन्तनमा आजको नर र नारीमा आएको परिवर्तनलाई मुख्य विषय बनाइएको छ । मानिसको जीवन खोलाको पानी जस्तै गतिशील छ । खोलाको वाढी जस्तै मानिसको स्वभाव पनि छिन्छिन्मा परिवर्तन भइरहेको छ । मानिसको स्वभाव परिवर्तनसँग

उसले गरेका काममा पनि परिवर्तन आउँछ । अझै विरोधमात्र छैन यहाँ त बलात्कार र विध्वंस छ । यो बलात्कार र विध्वंस हामीले नै रोपेका हौं । हामी त्यसैको फेदमा मलजल गरिरहेका छौं ।

आजको मान्छे यति क्रूर र दानवी भएको छ कि उसलाई आफ्नै श्रीमान् श्रीमती छोराछोरीको समेत माया छैन जुनसुकै आमाले आफ्ना सन्तान जन्माएर नालीमा फालि दिन सक्छे । बावुले जतिसुकै बेला पनि आमालाई, प्रेमीले प्रेमिकालाई छाडि दिनसक्छ । उसको मनमा कुनै दया माया छैन । ऊ कसैको मृत्युमा रुन र आँसु खसाउन सक्दैन । आज आफ्नै सन्तान दुध चुस्ता-चुस्तै मरे पनि आमाको आँखामा आँसु आउँदैन । यहाँका प्रत्येक घटनालाई कसैलाई छुँदैन । यहाँ कोही कसैलाई वास्तविक प्रेम गर्दैन । गर्छ त केवल भोग वा सम्भोगका लागिमात्र गर्छ । यहाँ केवल क्षणिक भोगका लागि मानिसले अरुलाई श्रीमान् श्रीमती बनाउँछ । यहाँ प्रत्येक नर र नारीबीच स्वर र व्यञ्जन वर्णका जस्तो मिलन छैन । स्वर र व्यञ्जन वर्णहरूको मेलकै कारणले सार्थक अर्थ सम्प्रेषण भए जस्तै नारी र पुरुषको सार्थन मेलबाट सुन्दर संसार निर्माण हुनु पर्छ भन्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## च-ञ

प्रस्तुत चिन्तनमा प्रेमी र प्रेमिकाको सम्बन्ध स्वर अक्षर र व्यञ्जन अक्षर जतिकै अभेद्य रहेका छ भन्ने भाव प्रस्तुत गरिएको छ । स्वर र व्यञ्जनपक्ष अक्षरसँग प्रेमी र प्रेमिकाको तुलना गरेर व्यञ्जन स्वरविना रहन नसके जस्तै एक प्रेमी अर्को प्रेमिका विना र एक प्रेमिका अर्को प्रेमिविना रहन नसक्ने कुरा यहाँ व्यक्त गरिएको छ । मानिसहरूको स्वभाव आ-आफ्नो हुन्छ । प्रत्येक मान्छेको जीवनका सपनाहरू पनि आ-आफ्नै हुन्छन् । यस्ता सपनाहरू सुख दुःखहरू एक आपसमा साटेरमात्र मानिस मानिसबीच राम्रो सम्बन्ध गास्न सकिन्छ । मानिसको जीवनमा अत्यन्तै कष्टकर र दुस्कर समय आउदा पनि हामी एक आपसमा नजिकको सम्बन्ध छ भने त्यस्ता समय पनि पार गर्न सकिन्छ । मानिसको दैनिकी त्रासबीच आशा र प्रतिक्षामा बित्दछ । यस्तो आशा कहिल्यै मर्दैन ।

मानिस पहिला बाल्य अवस्थामा अत्यन्त स्वतन्त्र हुन्छ । त्यसबेला उसलाई कुनै अवरोध, रोकतोक हुँदैन । ऊ जहाँ मन लाग्यो त्यँही जान्छ । जस्तो मन लाग्यो त्यही गर्छ । ऊ सारा ब्रह्माण्ड जगतलाई समान देख्छ । तर समयको बेगसँगै ऊ बन्धनमा पर्छ । उसले बाल्यकालमा बनाएका सपनाहरूमा तुसारापात हुन थाल्छ । उसका प्रेमीले वैसहरू झरेर

जान्छन् र मानिस-मानिस, प्रेमी-प्रेमिकाबीच वियोग हुन्छ । मानिसमा विसङ्गतिवोध हुन थाल्छ । त्यति हुँदा पनि ऊ बाँच्न विवश हुन्छ । त्यसपछि मान्छे कुटील र दुष्ट हुँदै जान्छ । जतिसुकै कुटील भएपनि नर र नारीबीच स्वर र व्यञ्जन अक्षरहरूको जस्तो सम्बन्ध भएकाले मानिसले त्यसलाई तोड्न सक्दैन ।

मानिस समयको चपेटामा परेको हुन्छ । ऊ समयको प्रवाहसँगै अनेक भय र त्रासमा बाँचेको हुन्छ । मानिस समयको प्रवाहमा निरीह र दुर्वल भएको हुन्छ । समयकै कारणले मानिस युवा हुन्छ, वृद्ध हुन्छ र मर्छ । तर अक्षरहरूको मिलन वा सम्मेलनबाट बनेका वेदका ऋचाहरू सँधै अजर र अमर हुने भएकाले मानिसले सँधै त्यही अजर र अमर हुने काम गर्नु पर्छ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## ट-ण

प्रस्तुत चिन्तनमा अवश्यम्भावी रहेको मृत्युलाई मुख्य विषय बनाइएको छ । मानिसले मृत्युलाई आ-आफ्नै किसिमले हेरेको हुन्छ । जसले जसरी हेरे पनि आखिर मृत्यु अवश्यम्भावी छ । मानिस सबभन्दा बढी डराउने कुरा भनेको मृत्यु हो । मानिस सँधै बाँच्न चाहन्छ र समयलाई जित्न चाहन्छ । मानिस समयको प्रवाहमा परेको बेलामा ऊ आफूलाई पनि भुल्न बाध्य हुन्छ । जब मानिस अत्यन्त सङ्कटमा पर्दछ, त्यसबेला ऊ मृत्युवरण गर्ने बाध्य हुन्छ । मृत्युलाई वरण गर्न मानिसहरूको आ-आफ्नै तरिका हुन्छ । कोही आत्महत्या गर्छन्, कोही मृत्युलाई नै जित्ने प्रयत्नमा हुन्छ । तर अमत्महत्या पलायनवादी प्रवृत्ति हो । लाचार प्रवृत्ति हो भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ ।

मानिसले जीवनलाई आ-आफ्नै तरिकाले विताउका हुन्छन् । कसैले विसङ्गत तरिकाले बिताएका हुन्छन् भने कसैले सजिलैसँग सरल तरिकाले बिताएका हुन्छन् । जसले जसरी बिताए पनि यो एउटा प्रक्रिया हो । जस्ले जसरी बिताए पनि हामी भित्रको माया प्रेम प्रणय जोगाइ राख्नु पर्छ । एकले अर्कालाई माया प्रेम पनि गरिरहनु पर्छ । यदि एकले अर्कालाई माया प्रेम गरेन भने संसारको बाँच्ने र रहने आधार नै समाप्त हुन्छ । त्यसैले हामीले केही समय बाँच्दा पनि सुख र आनन्दपूर्वक जीवन यापन गर्नु पर्छ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## त-न

प्रस्तुत चिन्तनमा मानव-मानवबीच सामिप्यता हुनका लागि आवश्यक कुराहरूलाई मुख्य विषय बनाइएको छ । मानिसको जीवनमा अनेक किसिमका दुःख कष्ट गर्नुपर्छ ।

मानिस सङ्घर्षमा नै बाँचेको हुन्छ । यसरी सङ्घर्ष गर्दा पनि उसमा मानवीयता, सदासयता, आत्मीयता जस्ता गुण रहरिहनु पर्छ । मानिसमा माया, प्रेम, प्रणय पनि रहनु पर्छ । माया, प्रेम, प्रणयविनाको जीवन व्यर्थ र विसङ्गत हुन्छ । यो विसङ्गत संसारमा सङ्गति ल्याउने कुरा पनि माया प्रेम प्रणय नै हुन् । मानिसले मानिसलाई दया, माया, ममता दिनु पर्छ, नत्र उसको जीवन झन् विसङ्गत बन्द छ भन्ने कुरालाई यहाँ प्रमुख विषय बनाइएको छ ।

मानिसको जीवन अव्यर्थ र असङ्गत हुनु हुँदैन । मानवको जीवनमा सदासयता र विश्व बन्धुत्व पनि हुनुपर्छ । यो संसारलाई मायारूपी सञ्जालले थेकेको हुन्छ । त्यसैले मानिसले आफ्नो जीवनमा माया, ममता, सदासयता राख्नु पर्छ भन्ने भाव उस चिन्तनमा व्यक्त गरिएको छ ।

## प-म

प्रस्तुत चिन्तनमा मानिसको मनलाई चिन्तनको विषय बनाइएको छ । मानिसको मनमा सफलता र असफलता जस्ता दुई किसिमका मन हुन्छन् । मानिसको मन कहिल्यै स्थिर हुँदैन् । यो मनमा अनेक तरङ्गहरू हुन्छन् । मनका यस्तै तरङ्गले गर्दा मानिसमा विविध किसिमका विचारहरू आउने गर्छन् । मानिसले कुनै पनि काममा सफलता पाउन आफ्नो मनलाई स्थिर राख्नु पर्छ । मानिसले मनको स्थिरताकै कारण सफलता प्राप्त गर्दछ । मानिसको मन सँधै स्थिर हुन सक्दैन । कहिले अस्थिर पनि हुन सक्छ  तर मानिसले कुनै पनि काममा सफलता वा विफलता प्राप्त गरे पनि त्यसलाई स्वीकार गर्नु नै पर्छ । कुनै पनि काममा सफलता वा विफलता पाउनु भनेको त्यस कामप्रतिको मानिसको लगावको फल वा कर्मको फल हो । यदि मानिसले जीवनमा सँधै कर्म गऱ्यो भने सँधै सफल हुन्छ, नत्र उसले सफलता पाउन सक्दैन भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## य

प्रस्तुत चिन्तनमा मानिसलाई समयले बनाएको कुरूप अवस्थामा मानिसको अस्तित्व कस्तो अवस्थामा हुन्छ ? भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । मानिस प्रकृति र नियतिको आहालमा डुवेर जिउँदो मूर्दा जस्तो निरीह भएर रहेको हुन्छ । ऊ आफ्नो निरीहतालाई चुपचाप सहेर बस्नुभन्दा अरु केही पनि गर्न सक्दैन मानिस जन्मसँगै मृत्यु पनि लिएर आएको हुन्छ ।

यस्तो दुराअवस्थामा पनि मानिसले आफूलाई सही काममा प्रयोग गरेको हुँदैन । ऊ भ्रष्टाचार, दुराचार र बलात्कार जस्ता कुरामा लिप्त भएको हुन्छ । यो मानिसको नामको अगतिको परिणाम हो । त्यसैले आजको विश्व हत्याको घर भएको  छ । यो विश्व हत्या र बलात्कारबाट मुक्त हुन नसक्नुमा मानिस नै जिम्मेवार रहेको धारणा उनको छ । त्यस्तै आजको विश्व अन्तर्घात र विश्वासघातको उर्वरभूमि बनेको छ । यहाँ मानिसले नै बनाएको नियम, कानुन निरीह र कमजोर भएका छन् । आजको मानिस मानवत्वबाट नै असफल भएका छन् । देश, विश्व र सम्पूर्ण मानवका बारेमा सोच्ने व्यक्ति पनि यहाँ असफल भएको छन् ।

मान्छे अवस्थाको दास हो । मानिस समयको अगाडि कुरूप र विरूप भएको छ । ऊ समयको ढोकामा मृत्युको प्रतिक्षा गर्ने कुरूप मानिस जस्तो भएको छ । यस्तो अवस्थामा पनि मानिस मानवत्वबाटै कलङ्कित भएको छ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त भएको छ ।

र

प्रस्तुत चिन्तनमा समय र परिस्थितिको दास भएपनि धीर भएर आफ्नो कर्तव्यमा लागि परिरह्यो भने अवश्य सफल हुन्छ भन्ने कुरालाई  मुख्य बिषय बनाइएको छ । मानिस समय र परिस्थतिको दास भएपनि संधै खुसी रहन चाहन्छ तर त्यो यसले चाहेको जस्तो हुँदैन । समयको अनेक किसिमका आरोह, अवरोह हुन्छन् । यही समयको उतार चढाव अनुसार मानिसको मनमा घात र प्रतिघातहरू लाग्छन् । उसमा अनेक किसिमका कटुता र दुष्टताले ग्रष्त पार्छन्  ऊ आफूलाई आफ्नै मनले रक्ताम्ये पार्छ । उसका सबै परिस्थितिहरू कष्टकर , दुरुह र अकथनीय हुन्छन् ।  ऊ आफ्ना साराकुरा अरुलाई व्यक्त गर्न र भन्न पनि सक्दैन । मानिसले चाहे जस्ता सबै कुरा पूरा हुँदैनन् ।  ऊ समय र परिस्थितिसंगै झन् क्रूर र दानवी बन्दै गएको हुन्छ । उसको कारण मानिस धीर हुन नसक्नु नै हो भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त भएको छ ।

मानिस सफल हुन आफूले आफैलाई धीर र न्यायिक बनाउनु पर्छ तबमात्र समय र परिस्थितिको प्रवाहमा आफ्नो अस्तित्व जोगाउन सक्छ । यदि मानिस धीर भएर परिस्थितिसँग मुकावला गर्दछ भने आफ्ना खुसीहरू स्वरबद्ध गराउन सक्छ । मानिसले समय र परिस्थितिको दासताबाट मुक्त हुन आफूलाई निस्वार्थ बनाउनु पर्छ । उस कुरालाई पुष्टि गर्न युधिष्ठिर र यक्षको संवाद प्रस्तुत गरेका छन् । जसरी दुर्योधनले आफूलाई समय र

परिस्थितिको प्रवाहमा धीर राख्न सकेनन् र अन्त्यको अवस्थामा पुगे तर युधिष्ठरले जस्तोसुकै अवस्थामा पनि आफूलाई धीर र न्यायशील बनाएर विजयी वनाए त्यस्तै गरी मानिसले पनि समय र परिस्थितिको प्रवाहमा आफूलाई धीर र न्यायशील बनाउनु पर्ने धारणा यहाँ व्यक्त गरिएको छ ।

**ल**

प्रस्तुत चिन्तनमा मानिसमा रहेको तृष्णालाई मुख्य विषय बनाइएको छ । मानिस बिडम्बना र विषमताको घात र प्रतिघातले व्याकुल भएको हुन्छ । यही कारणले गर्दा मानिसमा तृष्णाको मात्रा बढेर जान्छ । मानिस आफू प्रत्येक काममा सफल बनौला र आत्मसम्मान पाउँला भन्ने ठान्छ । तर  ऊ यसरी समयको भूकम्पमा पर्दछ कि ऊ कुनै पनि अवस्थामा मुक्त हुन सक्दैन । मानिसको मनमा आत्माको भयङ्कर भूकम्प गएको छ । ऊ दोधारमा परेको छ । यही कारणले मानिस सत्य र असत्यको दोधारमा फसेको हुन्छ । ऊ तृष्णाकै कारणले शोकमा फसेको हुन्छ । ऊ आशै आशामा बस्छ । तर उसका तृष्णाहरू पूरा हुन सक्दैनन् । उसका जीवनका लक्ष्यहरू भताभुङ्ग हुन्छन् । ऊ निराश हुन्छ । ऊ आफूलाई पाशाण जस्तो ठान्न पुग्छ । त्यसपछि मानिस केवल मृत्युको प्रतिक्षामा रहेको हुन्छ भन्ने धारणा यहाँ व्यक्त भएको छ ।

मानिस नियतिको भागिदार हो । ऊ आफ्ना तृष्णाहरू अपूरा भएपछि उसमा शून्यता जाग्दछ । उसका सारा भाषाहरू व्यर्थ हुन्छन् । ऊ मानिस मानिसलाई खराव र मूर्तिवत् देख्न थाल्छ । यस्तो अवस्थामा मानिसले आफूभित्र भएको तृष्णा पूरा भएनन् भन्दैमा निराश र हतास हुनु पर्ने अवस्था छैन भन्ने भाव यहाँ व्यक्त गरिएको छ ।

**व**

प्रस्तुत चिन्तनमा मानिसको मनलाई शुद्ध बनाउने विचारलाई मुख्य विषय बनाइएको छ । आजको मानिस निकै अप्ठ्यारोमा परेको छ । यसमा अनेक किसिमका विजयका र उत्साहका चाहना हुन्छन् ।  ऊ सँधैभरी युवा र वलवान् रहन चाहन्छ । तर उसका ती कुनै पनि कुरा पूरा हुन सकेका छैनन् । यस्तो अवस्थामा मानिसले आफूलाई शुद्ध र सहनशील बनाइ राख्नुपर्छ । त्यसका लागि वचनमा शुद्धता ल्याउनु पर्छ वचनलाई शुद्ध बनायौं भने मन पनि शुद्ध हुन्छ । हामीले सारा संसारलाई सकारात्मक दृष्टिले हेर्नुपर्छ । सारा विश्वका मानिसलाई 'वसुदैव कुटुम्बकम' का दृष्टिले हेर्नुपर्छ । हामीले प्रत्येक मानिस-मानिसबीच सामित्यता र पारिवारिक सम्बन्ध राख्नु पर्छ । तबमात्र हामी केही मात्रामा

विजयी हुन सक्छौं । हामीले यो संसारलाई जसरी हेऱ्यो त्यस्तै परिणाम हामीले पाउन सक्छौं । हामी सँधै पवित्र र शुद्ध रहनुपर्छ भन्ने धारणा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**श**

प्रस्तुत चिन्तनमा मानिसले आफूलाई सफल बनाउन आफूले आफैलाई चिन्नु पर्ने कुरालाई मुख्य विषय बनाइएको छ । हामी यो ब्रह्माण्डमा असरल्ल पोखिएका छौं । संसारका सबै मानिस एकै किसिमका भावना, चाहना, स्वभाव र रूपाकार भएका छैनन् । त्यसैले यो संसारका मानिसहरू असरल्ल पोखिएका विस्कुन जस्ता भएका छन् । आजको विसम् परिस्थितिमा मानिसको व्यवहार अतिहुँदै गएको छ । मानिसले आफूलाई अतितर्फ लैजानु हुँदैन । यदि अति भयो भने मानिस नै ध्वस्त हुन वेर लाग्दैन । मानिसले जस्ता सुकै अवस्थालाई पनि सहज रूपमा स्वीकार गर्नु पर्छ । जे हुँदै गरेको छ । त्यसलाई भएको र हुने वाला घटनालाई पनि सकारात्मक रूपले स्वीकार गर्नु पर्छ भन्ने भाव प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । मानिसले निष्ठा र अनुशासनलाई कहिल्यै पनि भुल्न हुँदैन । यदि निष्ठा र अनुशासनलाई विर्सियो भने मानिस मानिस नभएर जनावर बन्दछ भन्ने धारणा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**ष**

प्रस्तुत चिन्तनमा प्रकृतिको नियममा प्रतिबन्धित भएको मान्छेको अवस्थालाई र उसको प्रकृतिलाई हेर्ने दृष्टिकोणलाई मुख्य विषय बनाइएको छ । संसारलाई वा प्रकृतिलाई हेर्ने दृष्टिकोण फरक-फरक हुन्छ । यो संसार मान्छे-मान्छेको दृष्टि अनुसार फरक-फरक छ । एक दृष्टिले हेर्ने हो भने संसार अत्यन्तै सुन्दर र सुरम्य छ, मीठो र अविष्मरणीय छ । अर्को दृष्टिले हेर्दा यो संसार विकृत र कुरूप छ । तर हामीले आफ्नो जीवन सुन्दर र मीठो बनाइ राख्न सुरम्य दृष्टिले हेर्नु पर्छ । मानिसको चाहना र इच्छाका अवस्था अनुसार संसार बदलिन्छ र फरक-फरक हुन्छ । मानिसमा रहेको चाहना चलमलाएन थालेपछि मानिसका दृष्टिमा फरकपन आउन थाल्छ । मानिसका सबै चाहनाहरूले मूर्तता पाउन सक्दैनन् र ती समय पनि छैनन् । अपूर्ण चाहनाको सङ्गालो नै जीवनको खानी हो । मानिसले आशावादी र भविष्यवादी जीवन यापन गर्नु पर्छ । मानिस धीर र शालीन हुनुपर्छ । अनिमात्र मानिसमा भएका चाहनाहरू पूरा हुँदै जान्छन् । मानिसले प्रत्येक पशु, पक्षीसँग आत्मियता राख्नु पर्छ । जसले गर्दा मानिसको विचारमा शुद्धता र पवित्रता आउँछ । समय गतिशील हुन्छ । मानिस त्यही समय प्रवाहमा पौडने माछामात्र हो । मानिसलाई समयले विविध अवस्थामा

पुऱ्याउँछ । त्यसैले उस धर्तीमा रहुन्जेल सुन्दर र पवित्र दृष्टिले संसारलाई हेऱ्यो भने जीवन सफल हुन्छ भन्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**स**

प्रस्तुत चिन्तनमा नमिलेको संसार र मान्छेको नियति वा विवशतालाई मुख्य विषय बनाइएको छ । आजको जमाना अत्यन्तै विकसित छ । मानिसको जीवनमा यस्ता भौतिक साधनहरूले सुगमता ल्याइदिएको छ । यस्ता भौतिक साधन अन्तर्गत सञ्चारको साधनले मानिसलाई एक आपसमा अत्यन्तै नजिक बनाइ दिएको छ । मानिस जस्ता सुकै जटिल काम पनि अत्यन्तै सरल र सहज किसिमले गर्न सक्छ । आज सञ्चारका साधनहरूको तीव्र विकासले टाढा-टाढाका मानिसलाई पनि नजिक बनाइ दिएको छ ।

चिन्तनकारले पनि आफूले अत्यन्तै नजिकका र टाढाका मानिसँग सञ्चारको माध्यमले भेटेको उल्लेख गरेका छन् । त्यो भेटमा सबै चाहिने र सबै भेट्नै पर्ने मानिसलाई भेट्न नसकेको उल्लेखगर्दै आजको विश्वका मानिसमा सुख भएको तर खुसी नभएको कुरा उल्लेख गरेका छन् । मानिसलाई भौतिक सुविधासँगै ग्लानी र दुःख पनि थपिएको छ । आजको मानिसमा विश्वास छैन । प्रत्येक मान्छे भौतिक हात हतियारको तीव्र विकाससँग सँगै युद्ध र आतङ्कको भुमरीमा फसेको छ । त्यसमा मानिस जसरी भएपनि सफल र विजयी हुन चाहन्छ । आजको संसार प्राकृतिक रूपले अत्यन्त सुन्दर र मीठासपूर्ण भएपनि संसारको बेमेलता र भौतिक साधानको तीव्र विकासले असुन्दर र तिक्त बन्दै गएको छ ।

आजको मानिस अनिश्चितता र विषमताको भुमरिमा भासिएको छ । भौतिक साधनको तीव्र विकास गरेपनि मानिसको मनमा विषमता र बेचैनी रहिरहेको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**ह**

प्रस्तुत चिन्तनमा मानिसको जीवनमा आवश्यक पर्ने एक अर्काबीचको आत्मीयतालाई मुख्य विषय बनाइएको हुन्छ । मानिसमा आत्मीय हुनुपर्ने गुण अन्तर्गत उदारता र विशलता पनि हो । प्रत्येक मानिसमा राम्रा र नराम्रा दुवै कुरा हुन्छन् । मानिसमा चाहिँ राम्रा कुरा र नराम्रा कुरामध्ये एकमात्र रह्यो भने पनि संसार बेमेल हुन्छ । मानिसमा सहिष्णुता हुनुपर्छ । मानिसका चाहनाहरू अनन्त हुन्छन् । उसका चाहनाहरू चुलिए भने उसमा गम्भीरपन आउँछ । तर आफू नियममा रहने वा चाहना पूरा गर्ने नाममा चाहनाहरू माथि आघात पुऱ्याउनु हुँदैन । त्यसका लागि समय, परिस्थिति तथा परिवेशको ख्याल गर्नु

पर्छ । संसारमा रहेका सबै मानिसलाई समान दृष्टिले हेर्नु पर्छ । प्रेममा स्वीकार अस्वीकार, अस्वीकार स्वीकार सबैलाई आत्मसात् गर्नु पर्छ । तथापि आफ्नाहरूको सल्लाहलाई उलङ्घन गर्न मिल्दैन । पानीको कणको प्रकाशले इन्द्रेणी बने जस्तै सारा मानिसलाई प्रेम र सौहार्दता दिन सक्नु पर्छ भन्ने भाव यहाँ व्यक्त गरिएको छ ।

एउटै मानिस पनि विशाल हुन सक्छ । उसका लागि उसले आफ्नो व्यक्तित्वलाई महान् र विशाल बनाउनु पर्छ । सारा मानिससँग सत्भाव राख्नु पर्छ । मानिस धेरै लुच्चो र नीच हुनु हुँदैन । जसले गर्दा मानिसको महानता र विशालतामा धमिरा लाग्न सक्छ । जसरी एउटै आकाश गङ्गाले सारा तारा र ग्रहहरूलाई समेट्छ त्यसै गरी एउटा मानिसले सारा मानवत्वलाई समेट्न सक्नु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

## संयुक्ताक्षर समूह

प्रस्तुत चिन्तनमा मानिसले समयको प्रवाहलाई बुझेर काम गर्नु पर्ने कुरालाई मुख्य विषय बनाइएको छ । समय अत्यन्तै गतिशील र बलवान रहेको छ । यो समय मानिसले चाहे जस्तो सुगम र सुलभ तथा प्राप्य हुँदैन । मानिसले समयको प्रवाहमा हिड्न जानेन भने दुःख पाउँछ, पछुताउँछ । मानिसमा काम गर्न समय, सीप तथा सहयोग चाहिन्छ । मानिसले आफूभित्रको चाहनाहरू पूरा गर्न सही समयको सदुपयोग गर्नुपर्छ । समय बितिसकेपछि पछुताउनुभन्दा अर्को उपाय हुँदैन भन्ने कुरालाई एउटी वसन्तका वैंसको वसन्तले भर्खर डाँडा काटेकी अविवाहित युवतीको उदाहरणद्वारा प्रष्ट पारिएको छ ।

यो वैंस वा यौवन भन्ने कुरा अत्यन्त छोटो छ र क्षणिक छ । त्यसलाई सबै मानिसले बेलैमा उपभोग गर्नु पर्छ । मानिसमा रहेको इच्छाहरूले साकार रूप पाएनन् भने मानिस पछुताउँछ । मानिसमा रहेको धेरै चाहनामध्ये सम्भोग पनि एक हो । वैंसमा सम्भोगको चाहना पूरा नगर्ने समय कटिसकेपछि पछुताउँने युवतीको अवस्थाको उदाहरण दिँदै मानिस आजलाई मात्र होइन भविष्यलाई पनि जन्मनु पर्छ भन्ने कुरालाई यस चिन्तनमा व्यक्त गरिएको छ ।

### क्ष

प्रस्तुत चिन्तनमा मानिसको जीवनमा सम्भोगको महत्व कतिसम्म हुन्छ भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । मानिसले आफूभित्रको यौवनको सही सदुयोग गर्न जानेन वा सकेन भने उसको जीवन वालुवा जस्तो निरस र पानी नपेको र पट्पट् फुटेको जमिन जस्तो रुखो हुन्छ । त्यसलाई बेलैमा उपयोग गऱ्यो भने मानिसको जीवन

इन्द्रेणीयुक्त, कान्तियुक्त र निर्झरयुक्त हुन्छ । मानिसले आफूभित्रको प्राकृतिक शक्ति उपभोग गर्न नसक्नु पछि नराम्रो कुरा हो । मानिसले आफूलाई सही ठाउँमा उपभोग नगर्नु पनि पाप हो भन्ने कुरालाई प्रस्तुत चिन्तनमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

नर र नारी भनेका एक अर्काका पुरक छन् । नरविना नारी रहन सक्दिन । त्यस्तै नारीविना नर पनि रहन सक्दैन । नरले नारीमा यौवन थपि दिन्छ । नारीले नरलाई यौवन र जोश थपि दिन्छे । नर र नारी एक अर्का विपरित किनारा हुन् । यौवन वा सम्भोगले दुवैलाई एक आपसमा जोडि दिन्छ । नर र नारीबीचको सम्भोगले एक आपसमा शितलता र पवित्रता ल्याइदिन्छ र मानिसलाई बाँच्न सार्थक प्रेरणा दिन्छ भन्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

**त्र**

प्रस्तुत चिन्तनमा अक्षरहरूको निश्चित क्रम भएजस्तै मानिसको जीवनको यात्रा पनि निश्चित हुन्छ । मानिसले समयमै आफ्ना सकारात्मक इच्छा र उद्देश्यहरू पूरा गर्नुपर्छ । हामीलाई समयले वृद्ध नबनाउँदै हामीले अमूल्य काम गरिसक्नु पर्छ । नकारात्मक कुराभन्दा सकारात्मक कुरालाई लिनु पर्छ । जीवनभरि राम्रो गर्नु पर्छ । जीवनलाई सफल र सार्थक बनाउन सँधै राम्रो कुरा सोच्नु पर्छ । मानिसका सबै सपना पूरा हुन्छन् भन्ने छैन । ती सपना पूरा भएनन् भन्दैमा हतास र निराश हुनु पर्दैन । मानिसको जीवनमा सफलता असफलता भन्ने कुरा त आइ नै रहन्छन् । सँधै सफल पनि भइँदैन । त्यसबेला धीर हुनु पर्छ । मानिस भन्नु सपनाहरूको दोसाँध हो । इच्छाहरूको घर हो । मानिसमा इच्छा र चाहना नै भएनन् भने भ्रष्ट र वेकार हुन्छ । त्यसैले मानिसले आफ्नो जीवनमा पूरा गर्न सक्ने एषणा वा इच्छाको पूर्ति गर्न लाग्नु पर्छ भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । मानिस नकारात्मक हुनु हुँदैन । सकारात्मक हुन जान्नु पर्छ । अनिमात्र मानिस हुन सक्छ भन्ने कुरालाई यस चिन्तनमा मुख्य विषय बनाइएको छ ।

**ज्ञ**

प्रस्तुत चिन्तनमा लामो र बलवान् समय र छोटो र कमजोर अवस्था भएको मानिसको जीवनलाई मुख्य विषय बनाइएको छ । मानिसको जीवन अत्यन्तै छोटो र अनिश्चित छ । तर मानिसले यो छोटो समयमा गर्नु पर्ने काम धेरै छन् । समयले नै कुरूप बनाउँछ । मानिस जन्मेपछि समयकै कारणले बनावटी बन्दछ । मानिस समयले बनाएको कुरूपतालाई पचाउन झूट, छल कपट र मिथ्याको साहारा लिन्छ । तर उसले पूर्व गएको

सुन्दरता कहिल्यै पाउन सक्दैन । मानिस आफ्नो जीवनमा असफल भइसकेपछि हतास र निराश हुन्छ । ऊ आफैलाई हतभागी ठान्छ । तर मानिस आफैले आफूलाई हतास र निराश बनाउनु भन्दा आशातीत, सकारात्मक र सङ्घर्षशील बनाउनु पर्छ । मानिस आडम्बरी हुन हुँदैन । यदि आडम्बरी भयो भने पनि उसको जीवन निरस र पट्यार लाग्दो हुन्छ । मानिसले आफ्नो अस्तित्व आफै खोज्नु पर्छ । प्रेम प्रणय, भोग भन्ने कुरा मानिसका अपरिहार्य तत्व हुन् । उसलाई पनि नकारात्मक दृष्टिले हेर्न हुँदैन । मानिसले सँधैभरि अरुलाई माया, स्नेह, प्रेम गर्नुपर्छ । अनिमात्र मानिस आदरपूर्वक बाँच्न सक्दछ । नर र नारी भनेका एक अर्काका परिपूरक हुन् । यी दुवैले नारीत्व र नरत्वको सही सदुपयोग गर्नुपर्छ भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## उपसंहार

प्रस्तुत चिन्तनमा समग्र अक्षर सम्मेलनमा व्यक्त भएका विचारहरूको उपसंहार गरिएको छ । मानिसलाई जीवनमा सफल र सकारात्मक बनाउन प्रेम, भोक र यौनले मुख्य भूमिका खेलेका हुन्छन् । जीवनमा यिनै प्रेम, भोक र यौनका कारणबाट असङ्ख्य घटना, परिघटनाहरूको जन्म हुन्छ र तिनले मानिसलाई नै डस्दछन् भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । मानिसले अनेक किसिमका विचारहरू जन्माउँछन् । ती सबै विचारहरू पूरा नहुन पनि सक्छ । संसारका मान्छेपिच्छे फरक-फरक विचार हुन्छन् । तिनै विचारका कारण मानिस-मानिसबीच युद्ध हुन्छ । एउटा मानिस एउटा विचारलाई क्रान्तिकारी भन्छ अर्को भानिस अर्कोलाई क्रान्तिकारी भन्छ र मानिस संसारमा निरर्थक जीवन बाँच्दछ । त्यसैले मानिसले आफ्नो जीवन सार्थक बनाउन विचारमा समन्वय ल्याउँनु पर्छ भन्ने कुरालाई भौतिक शरीरको बनोटबाट पुष्टि गरिएको छ । मानिसको शरीर तीन भागबाट बनेको हुन्छ । टाउको, जिउ र कम्मरदेखि मुनीको भाग । यो भागसँगै विचार भोक र यौन सम्बन्धित रहेका हुन्छन् । त्यसैले मानिस सार्थक भएर जिउन यी तिनै कुराको समन्वय र सन्तुलन गर्नु पर्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । मानिसले राक्षसत्व प्रवृत्ति छोडेर देवत्व प्रवृत्तिमा पुग्न क्रोध, घमण्ड र अहमबाट टाढा राखि परोपकार उदारत्व र विशालतालाई अनुशरण गर्नु पर्ने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

### इति

प्रस्तुत चिन्तन अक्षर सम्मेलनको अन्तिम चिन्तन हो । यस चिन्तनमा वर्णहरूको एक आपसको सम्बन्ध र नेपाली भाषामा वर्णहरूको निर्धारणमा देखिएको अन्योलको अवस्था

र मानव जीवनमा वर्ण वा अक्षरहरूको महत्वलाई मुख्य विषय बनाइएको छ । आज आएर वर्णहरूको निर्धारणमा नेपाली भाषामा निकै विवाद रहेको छ । क्षर र अक्षरकाबीचमा निकै विवाद रहेको छ । तर पनि स्वर र व्यञ्जन वर्णहरूको आ-आफ्नो क्षेत्रमा अत्यन्तै महत्वपूर्ण काम रहेको छ । स्वर र व्यञ्जन वर्णहरूको आ-आफ्नो ठाउँमा आ-आफ्नै अस्तित्व रहेको छ । यहाँ स्वर वर्णहरू र व्यञ्जन वर्णहरू एक अर्काका परिपूरक भएर रहेका छन् । यिनीहरू एक आपसमा पृथक रहन सक्दैनन् । रहेपनि सार्थक रहँदैनन् । तर पनि ती स्वर र व्यञ्जन वर्णहरू अक्षरका पृथक-पृथक स्वरूपहरू छन् । ती स्वरूपहरू स्वतन्त्र छन् । परतन्त्र छैनन् । यस्ता वर्णहरूको व्याख्या व्याकरणविद्, भाषाविद्हरूको अनेक किसिमका व्याख्या गरेर क्षर बनाइ दिएको कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । नेपाली भाषाको वर्ण निर्धारणमा अनेक परिवर्तनहरू आइ सकेका छन् भन्दै चिन्तकार लेख्छन्- 'हाम्रो नेपाली भाषामा पनि 'लृ' हटिसक्यो, तलथोप्ली व हैन 'व' मात्रै छ, 'ड' छैन 'द' मात्रै छ । 'ड' को त उच्चारण मात्रै छ । कथ्य भाषा र लेख्य भाषाको विवाद यस्तै छ । हलन्त र अजन्तको प्रकरण पनि छदैँछ । ह्रस्व र दीर्घको कथा छदैँछ । 'श', 'ष' र 'स' को व्यवस्था अर्कै छ । अब त 'ब' र 'व' मा समेत विवाद बढ्न थालि सकेको छ । (सेवाचार्य, २०६४ फागुन, १.७३) यस्तो विवादले भाषाका प्रयोग कर्ताहरू अलमल्लमा पर्ने र भाषामा अराजकता फैलने कुरा प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ । त्यस्तै भाषालाई परिष्कृत र स्थिर अवस्थामा राख्न अक्षरहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् भन्ने कुरालाई प्रस्तुत चिन्तनमा व्यक्त गरिएको छ ।

## भाषाशैली

भाषाशैलीका दृष्टिकोणले सेवाचार्यको यो चिन्तन सङ्ग्रह मध्यमस्तरको देखिन्छ । उसमा भावाविव्यक्तिको सहज, सम्प्रेषणीय सरल भाषाको प्रयोग पनि गरिएको छ । यसमा संस्कृत, भूमि, क्षुधार्त, ललाट आदि तत्सम शब्दहरूका साथै कसला, छपनी, छऱ्यास्स, अपजस्या, डिंगा, कसेर आदि पश्चिमोत्तर पहाडमा बोलिने ठेट शब्दहरूको प्रयोग गरिएको छ । गिनिपिग, कम्प्युटराइज्ड, डम, फुलिस, मप, ट्र्यास आदि अङ्ग्रेजी शब्दका साथै कहीँकहीँ सम्पूर्ण वाक्यको पनि प्रयोग गरिएको छ । पाजी, डम, छुसी, उल्लूको पठ्ठो आदि गालीगलौजका शब्दको प्रयोग पनि चिन्तन सङ्ग्रहमा गरिएको छ । चिन्तन सङ्ग्रहका कतिपय ठाउँमा भाषिक त्रुटि पनि देखिन्छ । उसबाहेक संस्कृतका 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।' 'उत्पद्यन्ते प्रलीयन्ते दरिद्राणां मनोरथा : ।''न बन्धुमध्ये धनहीन जीवनम् ।' जस्ता सूक्तिहरूका साथै केही नेपाली उखानटुक्काको पनि प्रयोग गरिएको छ ।

विभिन्न अलङ्कारहरू तथा बिम्ब र प्रतीकको प्रयोगका साथै भाषामा काव्यात्मकता पनि छ । चिन्तन सङ्ग्रहमा एकातिर नेपाली भाषाको प्रयोग गरिएको छ भने अर्कातिर आप्रवासी नेपालीहरूले प्रयोग गर्ने भाषिक प्रयोगले उनीहरूको जीवनशैलीलाई पनि झल्काएको पाइन्छ । उसले गर्दा चिन्तन सङ्ग्रहमा दुई भाषिका र संस्कृतिको सम्मिलन भएको जस्तो देखिएको छ ।

शैलीगत दृष्टिकोणले कृतिमा सेवाचार्यका पूर्ववर्ती चिन्तन सङ्ग्रहहरूभन्दा पृथक् हुनाका साथै समग्र नेपाली चिन्तन सङ्ग्रहलेखनको इतिहासमा नयाँ सम्भावनाको खोजी गर्न सक्ने देखिएको छ । चिन्तन सङ्ग्रह संरचनागत, विषयवस्तुगत, शैलीगत, दार्शनिक दृष्टिकोणले पनि तुलनात्मक रुपमा नवीन देखिएको छ । उसले 'नेपाली चिन्तन सङ्ग्रहमा अब एउटा नयाँ मोड ल्याएको स्पष्ट हुन्छ, एउटा नवीनतम डाइमेन्सन खोलेको स्पष्ट हुन्छ ।' चिन्तन सङ्ग्रहमा मुख्य चरित्र प्रेमको मन र शरीर विभाजित छ । उसमा पूर्वदीप्ति र पश्चदीप्ति पद्धतिको प्रयोग गरिएको छ । चेतनप्रवाह (वाष्पसञ्चेतना) पद्धति वा आन्तरिक एकालापीय शैलीको प्रयोग पनि चिन्तन सङ्ग्रहमा गरिएको छ । उसमा विधामिश्रण गरिएको जस्तो पनि देखिन्छ । चिन्तन सङ्ग्रहमा कतै संस्मरणको आभास हुन्छ भने कतै कविता पढेजस्तो र कतैकतै नाटकीयताको आभास पनि हुन्छ । यो चिन्तन सङ्ग्रह एकचित्त र मनोयोगमा गरिएको मनोलोकको परिभ्रमण हो । सामान्य घटना र वर्णनात्मक विवरणलाई स्वैरकल्पना, स्वप्नवत्तत्व, परिकथा र मिथकीय तत्त्वसँग मिसाएर प्रस्तुत गरिने पराऔपन्यासिक विशेषता बोकेको हुँदा उसको लेखनशैली चमत्कारिक देखिन्छ । उसमा प्रेमको जीवनयथार्थलाई उसकास्वप्नसँग, कल्पनासँग अनि मिथकसँग मिसाएर प्रस्तुत गरिएको छ । त्यसैले चिन्तनकार परदेशमा एक्लै बेसमेन्टमा झोक्राइरहेको बेला जन्मभूमि राखू पुग्दछ, पत्नीसँग संवाद गर्छ, बाबुआमालाई भेट्छ, गाउँलेसँग भलाकुसारी गर्छ, छोराछोरीलाई काखमा राख्छ तर यथार्थमा ऊ डरलाग्दो छिंडीमा एक्लै हुन्छ । भोकप्यासले सताइएको, कहीँ यँहि खोस्रिरहेको, साथीहरूसँग झगडा गरिरहेको वा हीराको अघिल्तिर आफूलाई धिक्कारिरहेको अवस्थामा हुन्छ । चिन्तन सङ्ग्रहमा सुरुदेखि अन्तसम्म नै चेतनप्रवाहपद्धतिको प्रयोग पनि गरिएको छ । सम्भवतः नेपाली चिन्तन सङ्ग्रह साहित्यमा चेतनप्रवाह पद्धतिको साद्यन्त प्रयोग गरिएको पहिलो नेपाली चिन्तन सङ्ग्रह यही हुनसक्छ ।

यसरी चिन्तन सङ्ग्रहले आप्रवासी नेपालीहरू हुन् । विश्वका अन्य कुनै देशका कामदारहरू हुन् तिनको दर्दनाक पीडा र मर्मान्तक अनुभूतिलाई उद्घाटन गर्ने क्रममा अँगालेको शैली तुलनात्मक दृष्टिले नवीन र प्रयोगपरक छ ।

**निष्कर्ष**

यसरी हेर्दा दिनेश सेवाचार्यको **अक्षर सम्मेलन** ( चिन्चतन सङ्ग्रह) प्रयोगवादी भावधारामा रचिएका उनका निबन्ध कृतिहरूमा समसामयिक विश्व समाजलाई मुख्य विषय बनाइएको छ । उनका निबन्धमा मानव समस्यालाई प्रमुख रूपमा उठाइएको छ । **अक्षर सम्मेलन**(चिन्तन सङ्ग्रहमा) मानवको सञ्चारको माध्यम बनेको भाषाको आधार अक्षरहरूको महत्व र महिमा गाइएको छ । प्रगतिशील, राष्ट्रवादी, समाज सुधार, यथार्थवादी, स्तूतिपरक, वन्दनात्मक जस्ता भाव भूमिमा लेखिएका उनका कविताहरू प्रयोगवादी भाव धारामा रचिएका छन् । यस सङ्ग्रहमा सङ्ग्रहित निबन्धमामा वर्तमान नेपालको विभिन्न क्षेत्रमा सेवाचार्य घुम्दा आफूले भोगेका अनुभव गरेका अनुभूतिहरूलाई समेटिएको छ ।

## ५.४ दिनेश सेवाचार्यको 'शब्दहरूको भूमि' कविता सङग्रहमा सङ्ग्रहित फुटकर कविताहरुको अध्ययन

**क. परिचय**

**'शब्दहरूको भूमि'** कविता सङ्ग्रह हो । उसको प्रथम प्रकाशन २०६४ मा भएको हो । **'शब्दहरूको भूमि'** कविता सङ्ग्रहमा सेवाचर्यका १४४ वटा कविताहरू सङ्कलित छन् । उनले आफ्नो जीवन भोगाइका क्रममा आरोह, अवरोह र होचो  अर्घेलोका अनुभवहरूलाई सङ्कलन गरी कवितात्मक रूप दिने क्रममा बाल्यकाल देखि २०६४ साल सम्म लेखिएका उत्कृष्ट कविताहरू प्रस्तुत सङ्ग्रहमा राखेका छन् । त्यस अन्तर्गत जीवन, जगतप्रतिको उनको काव्यात्मक हेराइ, भोगाइका क्रिया प्रतिक्रिया, देश समाजप्रति उनका विचारहरु प्रस्तुत सङ्ग्रहमा सङ्कलित छन् ।

**ख. शीर्षक**

**'शब्दहरूको भूमि'** कविता सङ्ग्रहको शीर्षक दुई शब्दबाट बनेको छ । 'शब्दहरूको' शब्दमा षष्टी सम्बन्ध बोधक चिन्ह 'को' लागी 'शब्दहरूको'  शब्द निर्माण भएको छ भने

शब्दहरूको भाव बोधक नाम शब्द हो । जसको प्राणीमा रहने भित्री ज्ञान, चैतन्यः चेतन, सत् असत् छुट्ट्याउन सक्ने बुद्धि विवेक, कुनै विषयका सम्बन्धमा रहने पूर्वज्ञान, होस् र जीवन शक्ति[२१] भन्ने अर्थ हुन्छ । त्यस्तो भावबोधक शब्दहरूको शब्दलाई मूर्तरूपको क्रियात्मक सम्बन्ध दिनेकाम 'भूमि' शब्दले गरेको छ । भूमि शब्दको पानीमा हावा लाग्दा उठ्ने छाल तरङ्ग, भूमि, ध्वनि प्रकाश, विद्युत, आदिको तरङ्ग । पङ्क्ति, ताँती, जोस,उमङ्ग,[२२] भन्ने  हुन्छ । उसरी हेर्दा कुनै पनि मानवीय वा अमानवीय प्राणीको मन मस्तिष्कमा उठेको बुद्धि, विवेक, चैतन्य, पूर्वज्ञान आदिको तरङ्ग, भूमि, पङ्क्ति, उमङ्ग भन्ने अर्थ प्रस्तुत कविता सङ्ग्रहको रहेको छ ।

शब्दहरू सम्पूर्ण तत्वको मूल हो । शब्दहरूमा संसारका प्राकृतिक प्रभाव राजनीतिक घटनाका प्रभाव बुद्धिका कारणले हुने प्रभाव, ज्ञानका कारणले हुने प्रभाव, शारीरिक कारणले हुने प्रभावको निराकरण गर्ने क्षमता हुन्छ भनी शब्दलाई सर्वोत्तम तत्वका रूपमा स्वीकार गरिएको छ । त्यही शब्दलाई आधार बनाएर संसारमा सम्पूर्ण क्रान्ति गर्न सकिन्छ भन्ने कवि 'म' को भाव कृतिको आदिदेखि अन्त्यसम्म फैलिएकाले शीर्षक सार्थक छ । कविका मानवीय भावनाहरू शब्दहरू मार्फत आएका विचार, विमर्श, मान्यता, अनुभूतिलाई शब्दहरूको भूमिद्वारा प्रस्तुत गरिएकाले शीर्षक सार्थक छ । आफ्ना अधिकार, स्वतन्त्रताप्रति अब जनता आफै सचेत हुनु पर्दछ नत्र प्राप्त भएको स्वतन्त्रताले पनि खोसिन सक्छ यो कुरा सबैको मनमा भूमिगत हुनु पर्दछ भन्ने ध्वन्यात्मक अर्थ पनि शीर्षकले गरेको छ । सोही ध्वन्यात्मक शीर्षकलाई सार्थक बनाउन अन्य शीर्षकका कविताहरू पनि सोही किसिमका भएकाले 'शब्दहरूको भूमि' शीर्षक सार्थक छ । प्रस्तुत कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा आ-आफ्नै भाव अनुसारका शीर्षक राखिएको छ । कतै कतै शीर्षकले सोभ्को अर्थलाई बहन गरेको छ भने कतै प्रतीकात्मक अर्थमा आधारित देखिन्छ ।

### ग. संरचना

**'शब्दहरूको भूमि'** कवितासंग्रहमा जम्मा दुई खण्डरहेका छन् । पहिलो खण्डमा ७७ वटा मुक्तक सङ्ग्रहीत छन् जसलाई मुक्तकखण्ड भनिएको छ । यस खण्डमा पशुपतिनाथ, विमानस्थल ,वास्तविकता, भावना, इनक्लाव, जिन्दावाद, सम्बन्ध, तरुनी, सम्झौता, बुद्ध नै बुद्ध, मान्छेहरू, पागल, सुन्दरता, चरिकोट, सम्झना, स्पर्श, माया-पाप, सुन्दरता, ठीक-

[२१] बलकृष्ण पोखरेल र अन्य नेपाली वृहत शब्दकोश पूर्ववते पृ. ४०२ ।
[२२] पूर्ववत् पृ. ११०४ ।

बेठीक, जिन्दगी, यहाँ, लडाइँ, लोकतन्त्र, सत्यासत्या, जस्ता मक्तक समाविस्ट गरिएको छ । दोस्रो खण्डमा ६७ वटा कविता सङ्ग्रहित छन् । उसरी हेर्दा **'शब्दहरूको भूमि'** कवितासंग्रह भित्र लामा छोटा गरी १४४ वटा कविताहरू सङ्कलित छन् । कविता सङ्ग्रह दुई खण्डमा विभाजित छ । पहिलो खण्डमा युवाका लागि संकेत गरिएर लेखिएका कविताहरू छन् । सङ्ख्यात्मक हिसाबले पहिलो खण्डमा ७७ वटा कविताहरू छन् । दोस्रो खण्डमा भने लामा कविता सङ्ग्रहित छन् । आकारात्मक दृष्टिले प्रस्तुत सङ्ग्रहमा एक पङ्क्तिपुञ्ज देखि सवभन्दा लामो १६ पङ्क्तिपुञ्जसम्मका कविता सङ्ग्रहित छन् ।

कविता रूपगत दृष्टिले हेर्दा प्रस्तुत कृतिमा लघुतम रूपमा कवितादेखि लघुरूपका कवितासम्म राखिएका छन् । प्राय ठाउँमा गद्यलयको उचित संयोजन गरी लेखिएका कविताहरू द्विपदी र चतुष्पदी ढाँचामा प्रस्तुत गरिएको छ । द्विपदी र मुक्त आकारका कविमा जीवन भोगाइका क्षणिक अनुभव छन् भने दीर्घ लघु कवितामा कविका सामन्जस्यको सम्झनाको लामो अनुभव रहेको छ ।

**घ. छन्द तथा लय विधान**

**'शब्दहरूको भूमि'** कविता सङ्ग्रहका कविताहरूमा मुक्तलयको प्रयोग गरिएको छ । धेरै जसो कविताहरू मुक्तलयमा संरचित छन् । मुक्तलय अर्न्तगतका कविताले साङ्गतिक खुराक संयोजित तरिकाले दिन सकेको छ । मुक्तलयका कवितामा आन्तरिक र बाह्य दुवै प्रकारका ढाँचा साङ्गतिक छन् । आदिमा विलम्बित हुने र मध्य र अन्त्यमा द्रूत हुने गद्यलय ढाँचाको प्रयोग गरिएको छ । मुक्तलय अन्तर्गतका अन्तः लयढाँचा भएका कविताहरू पनि प्रस्तुत कृतिमा समावेश गरिएका छन् ।

यसरी हेर्दा नेपाली कविताको क्षेत्रमा प्रचलित प्राय सवै लय र छन्दलाई पछ्याएर लेखिएका कविता प्रस्तुत सङ्ग्रहमा सङग्रहित छन् । मुक्तछन्दमा भन्दा कवि सेवाचार्य गद्यात्मक गीति छन्द र प्रयोगवादी लयढाँचाको प्रयोग गर्न सफल भएका छन् । आफ्नो प्रखरता प्रस्तुत गर्ने क्रममा अन्तः लयात्मक गद्यछन्दमा विलम्बित र द्रूतलयको प्रयोगमा पनि कवि सफल भएका छन् ।

## ङ. भाषाशैली

भाषा प्रयोगका दृष्टिले हेर्दा **'शब्दहरूको भूमि'** कविता सङ्ग्रहमा सरल, सहज र सूत्रात्मक भाषाको प्रयोग गरिएको छ । कविको आफूभित्रका अनुभुति, अनुभव, विचार वा मान्यता प्रस्तुत गर्ने क्रममा अनुभवात्मक तथा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । कविता सङ्ग्रहमा काव्यात्मक भाषामा गीतिलय प्रदान गरिएकाले अझ आहलाद पूर्ण छ । प्रस्तुत सङ्ग्रहको भाषामा कलात्मकताको मात्रा प्रवल रहेको छ । सङ्ग्रहका कविताहरू नेपाली भाषामा प्रचलित तत्सम, तद्भव आगन्तुक र झर्रा नेपाली शब्दका साथै गीतिलयात्मक ढाँचाका शब्दहरूको प्रयोग पनि गरिएको छ । जुका, चोट, बोट, भित्र, गोडमेल, लुलो, ठूलो, चौतारी, माया, पसिना, चोखो आज, झार्दिनु, धतुरो छटटु, बाँचुन्जेल, निमुखा, झुलकनु, निम्ति, उखेल्नु, ढाल्नु, फाल्नु, अर्पिनु कुना, बुढो, रूख, यौटा, बिहान, मात्र, आइ, हुँ, जस्ता झर्रो नेपाली शब्दको प्रयोग गरिएको छ । चकनाचुर, गर्ल्याम्म, ढकमक्क, हरहर, ट्याम्पट्याम्प, ढकढक जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि यहाँ गरिएको छ । दाइ आउँछ (पृ. १८) को हो ? (पृ. १८) माटो मुटु मुटु माटो (पृ. २१) यस्तो छ रे यस्तो छ रे (पृ. २२) ल्हासामा सुन छ कान मेरो बुच्चै (पृ. २२) कर्कलाको पानी जस्तो जीन्दगानी (पृ. ४८) जस्ता बोलिचालिका भाषाको प्रयोगले पनि कविताहरूलाई रोचक र आकर्षक बनाएको छ ।

प्रस्तुत कविता सङ्ग्रहमा प्राय : अभिधात्मक भाषाको प्रयोग गरिएको छ । कविताको भाषा कलात्मक र आकर्षक बनाउन व्यञ्जनात्मक भाषाको प्रयोग पनि गरिएको छ । समाजबाट पाएको अनुभव पाठक समक्ष राख्न विम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग पनि गरिएको छ । आफ्नो भाव र विचारलाई प्रस्तुत गर्ने क्रम कही बढी गफ जस्ता सम्बादत्मक, अन्तर्नाटकीय भाषाशैलीको प्रयोग पनि भएको छ । संस्मरण र अनुभव आफ्नो विचालाई कविले कतै भावपूर्ण भाषामा प्रस्तुत गरेका छन् भने कतै ठट्यौली भाषाको प्रयोग पनि गरेका छन् । अनुरोधात्मक भाषाशैलीबाट कविले देशको उन्नतिको आग्रह गरेका छन् । प्रश्नात्मक भाषाशैली अन्तर्गत पर्ने कविताहरूमा मेरो शहर , मेरो बस्ती 'करुणो ?' 'बदलामा ?' 'मान्छे?' पर्दछन् विध्यर्थक अनुरोधात्मक भाषाशैली भएका कविता अन्तर्गत् 'वेश्यालय', 'मेरो देश' पर्दछन् । यिनै भाषाशैलीले कवितालाई सौन्दर्यात्मक बनाएको छ । प्रायः गाउँघरमा बोलचालामा प्रयोग हुने सरल, सहज शब्द चयनले कविता आल्हादात्मक बनेको छ ।

**च. कथन पद्धति**

**'शब्दहरूको भूमि'** कविता सङ्ग्रहमा विविध कथन शैलीको प्रयोग गरिएको छ । जसमा वर्णनात्मक चित्रण र सूत्रात्मक दुवैको मिश्रित पद्धतिको प्रयोग पाइन्छ । कवितामा कविले आत्मालापीय वा मनोलाप प्रयोग हुने लयात्मक पद्धतिको प्रयोग पनि गरेका छन् । कवितामा कविउक्ति, कविनिमुक्त पात्रोक्ति जस्ता पद्धतिको प्रयोग पनि भएको छ । कविउक्ति, कवि निवद्ध पात्रोक्ति कथन पद्धतिको प्रयोग भएका कविताहरूमा 'विवशता', 'प्रतिफल', 'सदासय' 'चिन्तन', 'मेरो शहर , मेरो बस्ती' 'मेरो आस्था', 'मेरो देश', 'अविरल जीवन', मृत्यु बाँच्ने चाहनामा, 'एउटा प्रश्न', छिमकीलाई चिठी, 'करुणा', 'बूढीबज्यैको आँसु', 'आँखाहरूबाट भत्किएको विश्वास', 'योद्धाहरू', 'बदलामा ?' 'मान्छे?' आदि पर्दछन् । यसरी हेर्दा प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा कविनिवद्ध पात्रोक्ति कथन ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहमा प्रथम पुरूषीय आत्मालापीय कथन ढाँचा, 'प्रति' सम्बोधित ओड कथन ढाँचाको प्रयोग पनि गरिएको छ । प्रति सम्बोधनात्मक कथन ढाँचा प्रयोग भएका कविताहरूमा गीतिलयको प्रयोग बढी पाइन्छ । आत्मालापीय कथन ढाँचा प्रयोग भएका कविताहरूमा कविका जीवनका विविध घटनाहरूको संस्मरण पर्दछन् । सम्बोधनात्मक कथन ढाँचामा रचिएका कविताहरू राष्ट्र, समाज, देश, आफ्नो भविष्यप्रति सम्बोधनरत कविताहरू पर्दछन् । राष्ट्र र देशको उन्नति र प्रगतिमा लाग्न आग्रह गर्दा गीत र गीतिकवितात्मक ढाँचाको प्रयोग गरिएको छ । देश र समाजको उन्नति र प्रगतिमा लाग्दा लाग्दै ज्यानको अर्पण गरेका शहिदहरूप्रति पनि सम्बोधित कविताहरू कविता सङ्ग्रहमा राखिएका छन् ।

प्रस्तुत सङ्ग्रहमा कवि आफैंले कविताको कथन गरेका कविताहरूमा 'म' 'हामी' सर्वनामको प्रयोग गरेका छन् । बाह्य दृष्टिविन्दु प्रयोग भएका कविताहरूमा 'ऊ त्यो' आदि सर्वनामको प्रयोग गरिएको छ । त्यसका साथै 'आमा शहिद' 'शिशु' जस्ता विशेषण बोधक र नामबोधक शब्दको प्रयोग पनि गरिएको छ ।

**छ. कथ्य /भावभूमि/ उद्देश्य**

स्रष्टाको रचनामा तत्कालीन परिस्थितिको प्रभाव रहन्छ । परिवेशको वातावरण, संस्कार, संस्कृति, स्रष्टाको पारिवारिक स्थिति, जस्तो छ त्यस्तै प्रकारको सिर्जना जन्मछ । स्रष्टाले आफ्ना जीवनभोगाइमा आइपरेका उतारचढावलाई नै कविले आफ्ना भावनाहरूमा समेटेको हुन्छ । आफू बाँचेको, संसार, रीतिस्थिति घटनाहरू कविका बिचारहरूको नै

कविताका कथ्य भएर आएका हुन्छन् । समाजबाट प्रभावित कविले आफ्नो राष्ट्र, समाजप्रति श्रद्धा राखेको हुन्छ । समाजका विकृत विसङ्गत घटनाबाट प्रभावित कविले आफ्ना मनका भावना, चिन्तन र विचारहरू कविता मार्फत् व्यक्त गरेको हुन्छ । स्रष्टाले भावना, चिन्तन र विचारहरूमार्फत् राष्ट्रको, समाजको र सामाजिक परिस्थितिप्रति केही क्रिया प्रतिक्रिया व्यक्त गरेको हुन्छ । अर्थात् कविको भावनामा आधारित जे स्फूरण हुन्छ, त्यही नै कविताको रूपमा आउँछ । परम्परा, संस्कृतिको छाप, कवि बाँचेको जीवनको राप, धार्मिक, राजनीतिक छाप जस्ता विषयलाई कविले आफ्ना कविताको विषय बनाएको हुन्छ । कविले त्यस विषयलाई वस्तु अनुरूप पाठकको मनमा एउटा छाप छाड्दछ त्यही रस भाव हो । पाठकमा रहेको स्थायी भावलाई कविता मार्फत् जुन अवस्थामा प्रकटित वा आस्वादित हुन्छ त्यही रस हुन्छ ।

कवि दिनेश सेवाचार्यको **'शब्दहरूको भूमि'** कविता सङ्ग्रहमा यस्तै किसिमका कविताहरू सङ्कलित छन् । कविको उमेरसँग पनि उनका कविताहरू प्रत्यक्षरूपमा सम्बन्धित भएका छन् । कवि सेवाचर्यले आफ्ना जीवनमा आइपरेका, भोगेका र देखेका गतिविधिहरूलाई अत्यन्त कलात्मक किसिमले भावात्मक अभिव्यक्तिद्वारा अभिव्यक्त गरेका छन् । लामो समयसम्मका आफ्ना मनका विचारहरूलाई प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । उनका कविताहरू ओज र गहनताका दृष्टिले प्रारम्भिक कविताहरू फितला छन् । तर उत्तरार्द्धका कविताहरू गहन र बढी विचारात्मक छन् । शब्दहरूको भूमि कविता सङ्ग्रहमा नेपालमा प्रजातन्त्रको पुनर्वहाली पछिका समयको परिस्थिको चर्चा र छाप प्रस्तुत गरिएको छ । ग्रामीण समाजको गाँस, बास र कपास कस्तो छ ? आफ्ना जीवनका घुम्तीहरूले आफूलाई पारेको प्रभाव कस्तो छ भन्ने कुरा कविको अन्तर अभिव्यक्तिमा पाउन सकिन्छ । समाजलाई विकासको गोरेटोको तर्फ लानका लागि नेपाली समाजमा शिक्षाको ज्योति फैलाउनका लागि कविले बढी आग्रह गरेका छन् । प्रस्तुत सङ्ग्रहमा समाजका कुप्रवृत्तिहरूको विरोध गरेर मुक्तिको श्वास फेर्न सकिन्छ भन्ने कथ्यहरू पाइन्छन् । कविले आफ्नो जन्मभूमि, बाल्यकालका स्मृतिहरू, राष्ट्रिय भाव आफ्ना कवितामा प्रस्तुत गरेका छन् । प्रस्तुत सङ्ग्रहमा राष्ट्र र राष्ट्रियताप्रति कविको भाव बढी झल्केको छ । राष्ट्र रहेमात्र, आफ्नो अस्तित्व रहन सक्छ यदि राष्ट्र नै रहेन भने हाम्रो अस्तित्व पनि रहन सक्दैन भन्ने राष्ट्रवादी मोह पनि व्यक्त भएका छ ।

**'विवशता'कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफू सूर्यको प्रकाशसँगै घर गाउँभन्दा टाढा भएको बेलामा देशको, घर गाउँको सम्झनाको भरमा बाँचेको र राष्ट्रको माया श्वास श्वास, पलपलमा रहिरहेको छ भन्ने भाव व्यक्त गरेको छ । नेपाली प्राकृतिक वातावरण, छहराको गीत, आमा बाबुको, आफन्तको प्रेमस्मृति नै परदेशमा रहने नेपालीका लागि बाँच्ने आधार हुन्छ भन्ने भाव व्यक्त गरिएका छन् । नेपाली हरियाली वातावरण, हराभरा धर्ती, आँगनी, त्यही वरिपरि हाँसेको खेलेको याद नै परदेशीका मनमुटुभरि आउँछ भन्ने भाव व्यक्त गरेका छन् । नेपाली समाज परिवारिक रहनसहन विश्वमा नै अनौठो छ । बाडुली लाग्दा आफूलाई आफ्ना बाल्यवयका साथी सङ्गी लुकामारी खेलेका जोडी ढुकुर जस्तै वनपाखामा डुलेको घुमेको याद कवि कथयिता 'म' ले परदेशमा सम्झिएको छ । 'म' को घर आँगनीमा फूलहरू फक्रिसकेको, बोटविरूवा पनि निकै ठूला भएको, बाच्छाबाच्छीहरू पनि बैसालु उमेरमा पुगेकाले कोरली र वहर, भए होलान् भन्दै कवि 'म' मा पनि त्यस्तै बैसको भाव उर्लेर आएको तर ती केवल स्मृतिमामात्र रहेको भाव व्यक्त गरिएको छ । बाल्यवयमा बनपाखा डाँडा पाखाभरि दौडिएको स्मृति 'म'मा छ । यसमा चौतारीमा सुसेलेर भारी बिसाएको याद छ । उसमा बाल्यकालका खेल र कुस्तिको याद छ तर आज ती सब एउटा सम्झनाको कन्दरामा रहेका छन् भने भाव प्रस्तुत गरिएको छ । बाध्यताले परदेश जान बाध्य नेपालीहरूका लागि नेपाली भौगोलिक परिवेश, लेक, बेसी, बन फाँट, खर्क, स्वाँरा, बारी लहतरह बाली झुलेको, गाउँ घर इष्टमित्र, स्नेही साथीसङ्गीका लामा लामा स्मृतिका क्षणमात्र कवि 'म' मा छ । आज 'म' लाई बाँच्ने आधार पनि त्यही स्मृति मात्रै हो भन्ने भाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

प्रस्तुत कवितामा कविले आफ्नो बाल्यवय र राष्ट्रको माटोप्रति खेलेका स्मृतिहरू व्यक्त गरिएका छन् । आफ्नो देश र माटोप्रतिको बाल्यकाल देखिको अमिट छाप कहिल्यै जाँदैन त्यो आजीवन रहिरहन्छ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । प्रस्तुत कवितामा नेपाली समाजमा व्याप्त रूढि संस्कृति लोकोक्तिको प्रयोगलाई पनि निकै उच्च मूल्याङ्कन गरिएको छ ।

**'सम्झनाका डोरीहरू' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म'ले जीवनमा आफ्नो जन्मस्थल छाडेर अन्तै सरेपछि त्यसैको सम्झना स्वरूप रचेका हुन् । प्रस्तुत कविता प्रयोगवादी भावधारामा प्रवाहित भएको छ ।

कवि 'म' ले नेपाली साझा फूलबारी जहाँ आफू बाल्यवस्था बिताएका ठाउँहरू आज त्यही सम्झदा उनलाई सताइ रहने तत्व बनेको छ । जन्मस्थानको, हरियाली शीतल हावा पानीमा खेलेको कवि 'म' लाई अझै संस्मरण छ । संस्मरणमा आएका कुराहरूलाई कविले राख्दै गएका छन् । पूर्वी पाटाको भीर, रोसीतिर, उत्तर तर्फको हिमाल चारैतर्फ भएको हराभराले कवि 'म' मा राम्रो छाप पारेको छ । कवि 'म' ले संस्मरणका क्रममा खोल्सा खोल्सी, भीर पाखा, पधेरा, धारा, करेसा सबैलाई संझेर यो मेचीकाली मध्येको सबभन्दा स्वर्गीय ठाउँ हो भन्ने सोचेका छन् । कवि 'म' लाई आफू हुर्किएको, खेलेको र बाल्यकाल बिताएको सेवाचार्यथोकको प्रकृति रानी लागेको छ । उनले आँखाको नानी सम्झेका छन् । स्वभिमानी नेपालीका लागि मागेर खानभन्दा आफ्नै भीर, पाखा जङ्गलमा उम्रिएका साग सिस्नु मीठो हुन्छ भन्ने भाव कविको रहेको छ । माटो नै मुटु र मुटु नै माटो भएकाले आफ्नो माटो कसैले भुल्न सक्दैनन् भन्ने कविको विचार रहेको छ । नेपाल अनेक जातजाति रीति संस्कृति र अनेक धर्म मान्नेहरूको साझा फूलबारी हो । अनेकत्वमा एकत्व अनेक नेपालीमा एक नेपालीपन नै नेपालको पहिचान हो । विदेशी भाषा, संस्कृतिको अनुकरणले नेपालीको अस्तित्व सङ्कटमा पर्दछ । त्यसैले आफ्नै भाषा, संस्कृति, विवेक र पौरखमा नै बाँच्नु पर्छ भन्ने कवि 'म' को विचार छ । त्यसैले आफ्नो इमान र कर्तव्यमा सधैं तल्लीन भएर रमाउनु र देशको उन्नतिमा लाग्नु पर्छ भन्ने कवि 'म' को उद्देश्य रहेको छ । नेपाल आमाले नै हाम्रो रखवारी गर्दछिन् भन्दै कविले नेपालका हिमालहरूलाई मानविकीकरण गरेका छन् । यही नेपाली धुलोमा पूर्खाले अमरत्व प्राप्त गरे भने कविको पनि यही नेपाली धुलोमा अमरत्व प्राप्त गर्ने उद्देश्य रहेको छ ।

**'मृत्यु बाँच्ने चाहनामा' कविताको अध्ययन**

प्राकृतिक सौन्दर्यलाई आफूमा अमेध समन्वय गरेपछि त्यसबाट उत्पन्न भएको कवि 'म' को भावावेगलाई प्रस्तुत कवितामा प्रस्तुत गरिएको छ । नेपाली हिमाली सौन्दर्यको उपासनामा लागेका कवि 'म' सौन्दर्यको पारखगर्दै जाने क्रममा आफूलाई आँखाको नानी, सौन्दर्यको खानी भएको अनुभव गर्दछन् । प्रकृतिको सौन्दर्य पान गर्नेक्रममा आफूलाई

विशाल प्रकृतिको सानो सूक्ष्म तत्त्व जस्तो देखे पनि मीठो र परिपूर्ण भएको भाव कवि 'म' को छ । लेकाली सौन्दर्य पान गर्ने क्रममा 'म' मा त्यही सौन्दर्यको मूल पलाएको अनुभव गरिएको छ । नेपाली गाउँ बेसी, घर खेतको हरियाली देख्दा 'म' हिमाली सौन्दर्यको मुस्कान देख्दा 'म' आफूभित्र पनि त्यस्तै मुस्कान भरिएको हिमाल र नेपालको चित्र रेखा प्रवेश गरेको र आफू त्यहीँ सौन्दर्य लिएर हिंडेको अनुभव गर्दछ । कवि 'म' हिमाली हिमश्रृङ्खला, पहाडी भूमिहरू र तराईको फाँट देख्दा आफूभित्रको चित्र रेखा नेपाल विशाल र भीमकाय अनन्त भएको अनुभव गर्छ । आफूभित्र मुटु भएकाले आफू बाँचे जस्तै नेपालको हिमाल मुटु भएका कारणले बाँचेको छ भन्ने 'म' लाई लागेको छ । त्यही हिमाल नेपालीहरूको शीर भएकाले सारा नेपाली त्यही हिमाली गौरवले विश्वमा गौरवताका साथ बाँचेको छन् भन्ने कवि 'म' को भाव छ । यो स्वाभिमानी देश, यो वीरताको आँगनमा केही कसैले दावा गरे भने त्यो नेपालीका लागि सहज हुँदैन भन्ने भाव कवि 'म' को छ । नेपाल विश्वको अगम्य प्रकृतिको भण्डार भएकाले यो विश्वको मुस्कान हो । नेपालीहरूको गौरव हो भन्ने कवि 'म' को भाव रहेको छ ।

### 'एउटा प्रश्न' कविताको अध्ययन

प्रस्तुत कवितामा राष्ट्रवादी भावले ओतप्रोत भइसकेपछि कवि 'म' ले यो देशको विकास, सौन्दर्य, सुवासको आदिको स्रोत आफैमा रहेको र त्यहीँ सौन्दर्यको बोधले आफू नेपाली भएको भन्ने भावबोध छ । कवि 'म' राष्ट्रको एकमात्र सच्चा स्वाभिमानी सेवक भएकाले आफूलाई माटोको प्राणभित्रको मुटु भएको अनुभव गर्छन । यो देशको दिव्य सौन्दर्यको आमा र त्यसको सुवास आफैंभित्र भएकाले राष्ट्रभरि त्यही सौन्दर्य फुटेर फिँजिएको भाव कवि 'म' ले गरेका छन् । आफूमा माटोको मूल सौन्दर्य रहेकाले आफू विशाल ईश्वर मध्येको एक सानो ईश्वर रहेको अनुभव 'म' को छ । त्यस्तै उसले सिर्जनाको माला उन्न सक्छ, आफ्नो भाग्य आफूले चाहे बमोजिम कोर्न सक्छ, हिमाली सौन्दर्यको गीत गाउन सक्छ । त्यसैले संसारलाई अभिसिञ्चन गर्न सक्छ । 'म' ले आफू राष्ट्रको एकमात्र ज्ञान भएकाले अनेकत्वमा एकत्व भएको अनुभव गरेको छ । त्यसैले आफैँबाट राष्ट्रिय भावना जुर्मुराएको, राष्ट्रभक्तिको विवेक उदाएको, सृष्टिको प्रकाश आफैबाट देशभरि छरिएको भाव कवि 'म' को छ । कवि 'म' लाई विश्वका सारा कुराभन्दा राष्ट्र राष्ट्रिय गौरव आफ्नो देशको माटो, यहाँको अगम्य वैभव, यहाँको अनन्त दिव्यसौन्दर्य प्यारो लाग्छ त्यही

अनन्तताको सेवामा जिन्दगी भर लागिरहने इच्छा कवि 'म' को छ । यो माटोबिना संसारमा केही रहन सक्दैन भन्दै राष्ट्रवादको उच्च भाव एउटा प्रश्न कवितामा कविले पोखेका छन् ।

**'आमसभाहरू' कविताको अध्ययन**

प्रस्तुत कवितामा प्रत्येक राष्ट्रप्रेमीले आफ्नो देशको उन्नतिमा लागिरहनु पर्छ, नेपाल सौन्दर्यको दिव्यमाधुरी रहेको छ । यहाँको स्वतन्त्रता, यौटा शास्वत दिव्य पूर्णता भएकाले सम्पूर्ण विश्वकै ढुकढुकी बनेको छ । नेपाल अपार जलको वरदान भएकाले उसको समृद्धिमा हामी लाग्नु पर्छ भन्ने भाव कवि 'म' को छ । देशभक्तको पहिलो कर्तव्य स्वदेशप्रतिको आस्था र विश्वास गर्नु हो । वर्तमान अवस्थामा देशको अस्तित्व र गौरव जोगाइ राख्न प्रत्येक नेपाली निष्ठावान र कर्तव्यपूर्वक लाग्नु पर्छ भन्ने भावकवितामा छ । जबसम्म देश बाँच्छ तवसम्म हामी बाँच्न सक्छौ भन्ने भाव कविको छ । पूर्खाहरूले अदम्य साहस देखाइ उसको निर्माण गरेका छन् अब त्यही नेपालको शिक्षा, स्वास्थ्य, शान्ति र सद्भावको विकास गर्नु हाम्रो कर्तव्य हो । शान्तिकामी नेपालीहरूका लागि यो देशलाई शान्तिपूर्ण बनाउनु हामी नेपालीहरूकै कर्तव्य हो । शान्तिको चाहना प्रत्येक नेपालीको चाहना हो । मेचीदेखि महाकालीसम्म हिमालदेखि तराईसम्म स्देशको झण्डा फर्फराउनु पर्छ । हरेकमा अखण्ड, अविभाज्य नेपालको स्वरूप निर्माण हुनु पर्छ । देशभरी मग्मग् बासना दिने मनोहर प्रभा जन्माउनु पर्छ अनीमात्र राष्ट्र र देशको विकास हुन्छ भन्ने कथ्य कवितामा रहेको छ । यही कुरा हाम्रो झण्डाले भन्छ । स्वदेशको राग संसारभर फैलाउनु नै हामी नेपालीहरूको परम कर्तव्य हो भन्ने भाव स्वदेशको गरिमाप्रति कवितामा रहेको छ ।

**'बूढीबज्यैको आँसु' कविताको अध्ययन**

माटोको ममता प्रत्येक देशवासीमा हुनु पर्छ तर आजभोलि त्यस्तो नभएको 'म' को भाव छ । देशको अवस्था जहिल्यै जर्जर भएकोले धर्ती खिन्न भएको छ । हरेकमा म र मेरो भन्ने स्वार्थीपन मौलाएको छ । बाह्य वातावरण अत्यन्त मनोरम भएपनि मानवमा स्वार्थको अहङ्कार फैलिरहेको छ । कसैमा पनि माटोको ममता छैन, स्नेह छैन, चिन्तन छैन तर पनि संसारलाई, देशलाई, माटोलाई छाडेर मान्छे स्वार्थमै डुबेका छन् । मान्छेले आफ्नो कर्तव्य नै भूलेका छन् । जिन्दगीको सार भनेकै देश र माटोको उन्नतीमा लाग्नु हो । यो माटो नै प्राणको मूल हो । जिन्दगीको सार हो त्यो भन्दा फरक अरू केही छैन । सच्चा बाँच्नुको अर्थ देशको सच्चा सेवा गर्नु हो । देशको अहित गर्नु, सेवा नगर्नु, शून्यतामा बाँच्नु जस्तो हो । यदि मानिसले आफूले सकेजति देश र माटोको श्रद्धा र सेवा गर्दैन भने प्रकृतिमा ठूलो

समस्या आउँछ र माटो बासीहरूको अस्तित्व नै समाप्त हुन्छ भन्ने कविको शङ्का रहेको छ । बाँच्ने आधार मूल नै सकियो भने बाँच्नुको कुनै आधार रहँदैन । त्यसैले आफूलाई संरक्षण गर्ने, बचाएने माटोको संरक्षणमा स्वयम् हामी पनि लाग्नु पर्छ अनिमात्र माटो उर्वर बन्छ । हाम्रो कर्तव्य पुरा हुन्छ । माटो नै सारा उर्वरा सृष्टिको मूल हो माटो बिना कुनै उर्वरा शक्ति रहन सक्दैन भन्ने कविको कथ्य प्रस्तुत कवितामा छ ।

**'अपरेसन' कविताको अध्ययन**

नेपाल शान्तिको मुहान हो यहाँका हिमाली सौन्दर्य शान्तिका गीत गाउने गायक हुन् । हामी त्यही अपरेसनलाई विश्वभरि फैलाउने शान्ति प्रेमी हौ । हाम्रो देशको उत्तरदिशामा मुस्कुराई उठेका हिमालले शान्तिका मुहान हुन् त्यहीबाट अविरल झर्ना छाँगा छुटेका छन् तिनको गीत संसार भर फैलिएको छ । हाम्रो राष्ट्रिय झण्डाले त्यही गीतलाई संसारमा चिनाएको छ । त्यस्तो अविरल अनन्त वैभव भएको हाम्रो देश विश्वकै देशहरूमा महान् छ । सबैमा सद्व्यवहार गर्ने यो देश आस्थाको मुहान हो । यही सौन्दर्य नदीनाला, हिमशिखर पाखापखेराले हाम्रो देशलाई जोगाउने परिचित गराउने कारक तत्व हुन् । यहाँका पहाडी सौन्दर्य, हिमालको मनोहारिता कोशी, कालीले सागरसम्म पुऱ्याउँछन् । हाम्रो देशको झण्डाको गीत रवि सूर्य र चन्दमाले विश्व भर छर्दछन् । उनीहरूले संसारमा सौन्दर्य छर्ने त्यहीबाट हिमाली सौन्दर्यलाई विश्वभर पुऱ्याउँछन् । त्यसैले त रातको बेला हाम्रै झण्डामा आएर बास बसेर जान्छन् भन्ने कविको उच्च कल्पना छ । हाम्रो इच्छा शान्तिको हो त्यहीँ शान्तिको सन्देश हाम्रो झण्डाको किनारको नीलोसँग आकासले सापट लिएर विश्वभर फैलाउँछ भन्ने कविको कथ्य यहाँ रहेको छ । हाम्रा वीर सपूतहरूले विश्वभर शान्तिको अपरेसन घन्काएका छन् । वीरहरूले वीरता यहीँ झण्डाको रातोरङ्गबाट लिएर विश्वमा छरेका र देशको गौरव बढाएका छन् । त्यहीँ हाम्रो छातिको विश्वको वीरताको कसी हो । हाम्रो अन्तिम सपना एउटा सवल राष्ट्र निर्माण गर्नु र शान्तिको अपरेसन विश्वभर घन्काउनु हो भन्ने कविको कथ्य अपरेसन कवितामा रहेको छ । प्रस्तुत कवितामा नेपाललाई विश्वको पहिचायक र शान्तिको संन्देशको मूल स्रोत मान्नु पर्छ भन्ने कविको धारणा रहेको छ ।

**'आँखाहरूबाट भक्तिएको विश्वास' कविताको अध्ययन**

प्रस्तुत कवितामा राष्ट्रियताको उच्च मान, उच्चम हत्व कविले प्रस्तुत गरेका छन् । प्रत्येक नेपालीको श्वास श्वास रगतका कणकणमा राष्ट्र र राष्ट्रियताको छाप हुनु पर्छ त्यसो

भएमात्र सच्चा समृद्ध राष्ट्र बन्छ भन्ने कविको कथ्य रहेको छ । राष्ट्रको विकास गर्ने शिक्षा, स्वास्थ्य रोजगार जस्ता कुरामा विकास हुनु पर्छ । प्रत्येक नेपाली शिक्षित हुनुपर्छ । स्वास्थ्य र समृद्ध हुनु पर्छ अनिमात्र हिमाली सौन्दर्य भएको देशको औचित्य रहन्छ भन्ने कविको भाव रहेको छ । राष्ट्रियता भएको  ठाउँमा राष्ट्र हुन्छ राष्ट्र भएको  ठाउँमा राष्ट्रियता हुनु पर्छ । कोशी र काली रहेसम्म हाम्रो आफ्नोपन रहन्छ । जबसम्म हिमाली सौन्दर्यको संयोग रहन्छ त्यहाँ सगरमाथा रहन्छ । सगरमाथा नै हाम्रो अस्तित्व हो गौरव हो । नेपाल अनेक जातजाति रीतिरिवाज, धर्म धार्मिकहरूको सङ्गम स्थल हो । त्यस्तो अनेकता भएको ठाउँमा एकत्व भएमात्र राष्ट्रियता रहन्छ । नेपालको परिवारिक स्थिति विश्वमै अनौठो रहेको छ । सारा परिवारमा एकत्व हुँदा मात्र मीठो मायाको सुवास चल्छ । विदेशी भाषा, संस्कृति, रीतिरिवाजले हाम्रो अस्तित्व नै समाप्त हुन्छ । त्यसले हाम्रो राष्ट्र र राष्ट्रियताप्रति ठूलो चोट दिन्छ । देशका देशबासीहरू तराई र हिमाल पहाड जहाँका भएपनि आपसी सहिष्णुता रहेमात्र देशको राष्ट्रियता दीर्घ हुन्छ । प्रत्येक नेपालीले नेपालीलाई माया बाँड्नु पर्छ स्वेदशको पहिचान हुन्छ, मानवताको मूल्य हुन्छ । प्रत्येक नेपालीमा हाँसो, खुसी सुख दुःख आपसी साझा हुनु पर्छ । मेलमिलापको एउटै मालामा उने पो अमन चैन र शान्ति हुन्छ र देश रहन्छ भन्ने कथ्य कवितामा रहेको छ ।  आपसी कटुता, विकृति विसङ्गतिको अन्त्य गरी राष्ट्रको हित्त चित्तमा लाग्नु पर्छ । स्वेदशको ममता स्वदेशमै बाँड्नु पर्छ नेपाल भनेकै हाम्रो सत्व हो । आँखाहरूबाट भत्किएको विश्वास त्यहाँ राष्ट्र हुन्छ भन्ने कविको कथ्य प्रस्तुत कवितामा व्यक्त भएको छ । राष्ट्र सफल रहन प्रत्येक नागरिकमा राष्ट्रियताको भावना रहनु पर्छ भन्ने उच्च राष्ट्रियताको महिमा प्रस्तुत कवितामा उच्च महत्वका साथमा गाएका छन् ।

**'मूर्ति,शालिक,सहिद र रहर' कविताको अध्ययन**

नेपाल भौगोलिक दृष्टिले अरूको तुलनामा सानो भए पनि यहाँको पौराणिक, र भौगोलिक महत्वले निकै ठूलो रहेको छ । यहाँ विश्वमा पाइने सम्पूर्ण वातावरण पाइन्छ । यहाँ अनेक जातजातिका मानिसहरू बसोबास गर्दछन् । उसको पौराणिक र ऐतिहासिक महत्व रहेको छ । हिमालको काखमा मूर्ति, शालिक, सहिद र रहर नेपाल रहेको  छ । त्यहीँ नेपालमा हामी रहेका छौँ । सगारमाथा हाम्रो गौरव हो । मेची र कोशीले हाम्रो देशको गान यहीँ गर्दछन् । नेपाली हिमाली सौन्दर्यको छटा विश्वभर फैलाउने यहाँका उच्च भौगोलिक बनावटले नेपाल एसियाकै सौन्दय स्रोत बनेको छ । वनजङ्गल अनेक जीब जनावर पशुपंक्षी रहेका हुन्छन् । यो सौन्दर्यको दृष्टिले स्वर्गभन्दा कम छैन । स्वर्गको सौन्दर्य भन्दा

नेपालको सौन्दर्य उच्च रहेको व्यतिरेकद्वारा कविले नेपाललाई विश्वकै उच्च नमुना बनाएका छन् । नेपालको सम्पत्ति खानि नै खानिले भरिएको छ । शक्ति साधनले भरपुर यो देश भव्यतामा पूर्णता रहेको छ । सुन्दर, शान्त, विशाल नेपालसँग तुल्यस्थान विश्वमा स्वर्गबाहेक कुनै पनि छैन भन्ने कविको कथ्य रहेको छ । यहाँको दिव्यता हजारौं चौतारी र देउराली, ओढार, गुफा, बेसी, भीर, पाखा, हिमालदेखि तराईसम्मको शान्त भूभाग नेपालको ऐश्वर्य हो , गर्व हो भन्ने कथ्य प्रस्तुत कवितामा रहेको छ ।

कविको प्रयोगवादी भावावेगको प्रस्फुटनका क्रममा उच्च नेपाली सौन्दर्य गान गर्ने क्रममा गीतिलयमा कविको उच्च भाववेग मूर्ति, शालिक, सहिद र रहर कवितामा प्रकट भएको छ । राष्ट्रकवि माधव घिमिरको उच्च राष्ट्रवाद उच्च गीतिलयलाई कवि सेवाचार्यले यहीँबाट आफूमा समायोजन गरेका छन् ।

**'आरुबखडाको बोट' कविताको अध्ययन**

प्रस्तुत गीतिकवितामा कविले नेपाललाई स्वर्गभन्दा उच्च सैन्दर्ययुक्त र आरुबखडाको बोटलाई अरूको मायाभन्दा उच्च बनाउने क्रममा लेखिएको छ । नेपाल नदी नाला, पर्वत, जङ्गलको एकै जुहार भएकाले स्वर्गभन्दा उच्च रहेको छ । स्वदेश प्यारो छ । सुन्दर छ सच्चा नेपालीलाई त्यहाँभन्दा प्यारो चिज अन्त छैन भन्दै सच्चा देशभक्तको उच्चभाव प्रस्तुत कवितामा पोखेका छन् । वस्ती गाउँ र बेसी डाँडा, पाखा, द्यौराली, भञ्ज्याङ् र मधेशजस्ता कुरा रहेको नेपालले स्वर्गलाई पनि उछिनेको छ । 'रामायण' मा रामले लक्ष्मणलाई उपदेश दिँदा भनेको 'जननी जन्म भूमिश्च स्वर्गदपि गरियसी'को भावनालाई कविले बोध गरी प्रस्तुत कवितामा 'आरुबखडाको बोट' अन्तर्गत व्यक्त गरेका छन् । नेपालको आफ्नै सौन्दर्य छ आफ्नै भेषभूषा छ । त्यसैले नेपाल आफ्नै अस्तित्वमा बाँच्न सकेको छ । विशाल नेपालको निर्माणमा अनेकौं वीर सपूतहरूले बलिदानी गरेका छन् । त्यसैले त हिमाल हाँस्न सकेको छ । डाँफे मुनाल नाच्न सकेको छ । त्यही वीरहरूको पौरखले सगरमाथाले ठाडो शिर गर्न सकेको छौं । नेपाल जङ्गली जडिबुटीको खानी हो । यहाँको आफ्नै सौन्दर्य आफ्नै लोक शैली छ । आफ्नै गुनगुन छ । विश्वका देशहरूमा एकत्वमा अनेकत्व छ तर नेपालमा अनेकत्वमा एकत्व छ भन्ने भावबोध प्रस्तुत कवितामा छ । नेपाली जाति असङ्ख्य छैन तर विश्वमा हामी एक छौं हाम्रो स्वाभिमान आफ्नै छ हामी हाम्रो यो स्वभीमानप्रति कहिलै चुक्नु हुँदैन जहिल्यै चन्द्र र सूर्य युक्त झण्डा लिएर हिड्नु पर्छ भन्ने उच्च भाव कवितामा रहेको छ ।

**'मान्छे?' कविताको अध्ययन**

नेपाली भू-सौन्दर्यको बोधगर्ने क्रममा, कविले प्रयोगवादी भावलाई बोध गर्ने क्रममा नेपालको गौरव गर्ने काम 'मान्छे?' कविता लेखेका हुन् । जीवनको रहस्य प्रकृतिबाट सिक्न सकिन्छ भन्ने प्रयोगवादी भावलाई प्रस्तुत कवितामा व्यक्त गरेका छन् । रूसोको 'प्रकृतितर्फ फर्क' भन्ने भावलाई कवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा अवतरण गराएपछि सेवाचार्यले त्यही भावबोध प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

नेपाल हिमालको काखमा रहेको छ । यहाँको सौन्दर्यको जुहार पहरा फुटी निस्कन थालेका छन् । देशको विकास गर्ने काम नेपालीहरूको हातमा रहेको छ । देश प्राकृतिक सौन्दर्यले उच्च रहे पनि उसको उपयोग स्वयम् नेपालीले गर्नु पर्छ । यहाँ अनन्त खानी छन् त्यसको सदुपयोग हुन सकेको छैन । नेपालको विकास गर्न पौरखीको पाखुराको आवश्यकता छ । नेपाल विश्वको जलश्रोतको दोस्रो धनी मुलुक हो । यहाँका खेर गइरहेका नदीनालाको पानीबाट बिजुली निकाले संसारलाई उज्यालो पार्न सकिन्छ । गाउँघरको विकास गरी देशको उन्नति गर्न सकिन्छ । अल्छी र आलस्यलाई छाडेर विकासको ढोका खुलाउनु पर्छ भन्ने कविको कथ्य रहेको छ । देश विकास गरेमात्र राष्ट्रको उन्नति हुन्छ । त्यसैले गर्दा आजै देखि कम्मर कसेर एकजुट भएर उठ्नु पर्छ । सबैले आ-आफ्नो राग, इर्ष्या, द्वेष, वैमनस्यता रिस र स्वार्थ छाडेर एकजुट हुन सक्नु पर्छ भन्ने भाव उच्च भावबोध प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**'मेरो छोरो' कविताको अध्ययन**

प्रयोगवादी भावलाई प्रस्तुत गर्ने क्रममा प्रकृतिलाई धाइआमा, साथीसङ्गी बनाइ मानविकीकरण गर्ने र आफूलाई त्यसैको सेवक बनाउने क्रममा कविले आफूलाई नेपाल आमाको सेवक बनाएको भाव आमा हाँसिदेउन गीति कवितामा व्यक्त गरेका छन् । नेपाल आमालाई मानवीय कोमलतम भावबोध गर्ने क्रममा 'हो आमा नेपाल' हाँसी देऊ नबस रोएर ....भनी प्रयोगवादी भावलाई व्यक्त गरेका छन् ।

हामी नेपालीहरू नेपाल आमाका सन्ततिहरू हौं । हामी नेपालमा जन्म पाएकोमा भाग्यशाली छौं । त्यसमा एउटै आमाका अनन्त सन्तान हुनुले गौरवान्वित छौं । तिनै नेपाल आमाले धाइ जसरी आफ्ना सन्तानलाई हुर्काएकी छिन् । यहीँ आमाको काखमा नेपाली सन्तानको बाल्यवय बितेको छ नेपालको आफ्नै अस्तित्व र स्वाभिमान छ । कविले नेपाल

आमालाई हृष्टपुष्ट प्रकृतिले भरिपूर्ण सुन्दर रूप भएको, नदी नाला र डाँडापाखाले पूर्ण छ भने उत्तरतर्फ हिमाल शिरको रूपमा छ । यहाँ अनेक तीर्थ स्थल छन् । अनेक जातजाति छन् त्यसैले यो सबैको साझा फूलबारी बनेको छ । उत्तर तर्फ स्वयम् हिमालले देशको रक्षा गरिरहेको छ । त्यसैले सुरक्षाको विषयलाई लिएर रून्‌ु पर्दैन भन्ने कविको भाव रहेको छ । यहाँ अनेक हिमाली श्रृङ्खला छन् । अनेक नदी नाला छन् । अनेक ताल तलैया छन् । अनेक छाँगा र झरनाले यहाँको सौन्दर्यको महत्व अर्के भएको छ । यदि संसारमा स्वर्ग कतै छ भने यहीं नेपाल नै हो त्यसैले यस्तो अवस्थमा नेपाल आमाले हाँस्दा अझ सौन्दर्य फैलन्छ भन्ने कवि 'म' को भाव रहेको छ । यस्तो देशको विकासमा सम्पूर्ण नेपालीलाई लाग्न आग्रह गरेका छन् ।

**'हाम्रै छेउछाउमा ' कविताको अध्ययन**

प्रस्तुत कवितामा हामी नेपाली सन्ततीहरू नेपाल आमाका सन्तान हौँ हामी नेपाललाई विश्वमा चिनाउँछौँ भन्ने कविको भाव व्यक्त भएको छ । हामीले नेपाली कहिल्यै पनि लड्ने भिड्ने र झैझगडा गर्ने छैनौं । विश्वका सारा मानिसलाई हाम्रो देशको महिमा गाएर हिँड्ने छौ । विश्वलाई लोभ्याउनु पर्छ सगरमाथाको उचाइ लाई अझ उँचो बनाउनु पर्छ । मेचीकालीको सीमालाई अझ व्यापक बनाउनु पर्छ ती ठाउँ रमाइला बनाउनु पर्छ । लेकबेसी वन पाखा जस्ता रमाइला गाउँठाउँलाई अझ रमाइलो धमाइलो बनाउनु पर्छ । हिमाली सैन्दर्यलाई अझ कञ्चन बनाउनु पर्छ । भन्दै नेपाल आमालाई सौन्दर्यकी मूल मानेका छन् । आमा हाँसे मात्रै संसार हाँस्ने भएकाले अजम्वरी पिरतीको मूल फुटालेर दिलभरि तृप्ति सङ्गालेर मुस्कुराउनका लागि कविले नेपाल आमाप्रति आग्रह गरेका छन् ।

**'लोकतन्त्रको स्वर' कविताको अध्ययन**

बालकवितामा कवि स्वयम्ले आफू राष्ट्रको लागि केही गर्ने र राष्ट्रको उन्नति गर्ने पक्षमा रहेको राष्ट्रवादी भाव लोकतन्त्रको स्वर कवितामा प्रस्तुत गरेका छन् । आजका बालबालिका भोलिका देशका कर्णधार हुन् आजका कोपिला भोलिका फूल हुन् कविले हामी मार्फत् हामी देशका सपूत शान्तिका दूत हौ भनी भविष्यमा शान्तिको गान गर्नेकुरा व्यक्त गरेका छन् । नेपाल चारजात छत्तीस वर्णको साझा फूलबारी हो । हाम्रो भाषा हाम्रो संस्कृति संधैं हामीलाई प्यारो लाग्छ । त्यस्तो राष्ट्रिय गौरवलाई सगरमाथाको चुली जस्तै चुल्याएनु पर्छ भन्ने भाव कविले व्यक्त गरेका  छन् । हामी दाजुभाइ दिदीबहिनी बीचको मायालाई

अझै गाढा पार्दछौं हाम्रो कर्तव्य देशको विकास गर्नु रहेकाले हामी देशको अनुहारमा परिवर्तन ल्याउँछौं भन्ने भाव कविको रहेको छ ।

**'शब्दहरूको' कविताको अध्ययन**

प्रस्तुत कवितामा पञ्चायत तन्त्रव्यवस्थाले जर्जर भएको प्रजातन्त्रको पुनर्वहाली २०४६ सालमा भयो । त्यो वसन्तको विहानीमा रोपिएको एउटा प्रजातन्त्रको विरूवा थियो । त्यो शिशु प्रजातन्त्रलाई जोगाइ राख्नु प्रत्येक नेपालीको कर्तव्य थियो । तर परिस्थिति त्यसको विपरीत भयो । प्रजातन्त्र जोगाउन छानिएका नेताहरू नै भ्रष्ट, पतीत, कुलङ्गार भए । उनीहरू प्रजातन्त्र र जनताप्रति भन्दा आफ्नै स्वार्थप्रति बढी तल्लीन भए । उनीहरूबाटै प्रजातन्त्रप्रति डर, राप, ताप र आतङ्क उत्पन्न भयो र प्रजातन्त्र नै सखाप हुने अवस्थामा पुग्यो । ती शब्दहरूको शून्य, विवेक शून्यताहरूले थाहा पाई पाईकन पनि स्वार्थमा लिप्त रहे ।

विवेकीको पारख मै संसार चल्दछ । संसारमा फूल फुल्छ सिर्जनाको दीप रसाउँछ । फूलरूपी प्राप्ति नेपालको प्रजातन्त्र हो । उसको गोडमेल, स्याहार सुसार गरी हराभरा तुल्याउनपर्छ नत्र प्रजातन्त्र नै धरापमा पर्दछ । यही प्रजातन्त्रको साझा चौतारीमा आपसमा माया साटासाट गर्न सकिन्छ । यो जोगाइ राख्ने कामधेनु, जसले दुहे पनि हुने बन्न सक्छ । शब्दहरूको सदुपयोग गरेर पसिनाको मूल्यलाई समेट्नु पर्छ अनिमात्र प्रजातन्त्रको सदुपयोग गर्न सकिन्छ । केवल बोलेर मात्र हुँदैन भाषण मात्रै गर्ने तर काम नगर्ने, नेताहरूप्रति शब्दहरूको आवश्यकता रहेको भाव 'शब्दहरूको' कवितामा व्यक्त गरेका छन् । स्वतन्त्रता हाम्रो मुटुभन्दा प्यारो छ । त्यसलाई जोगाइ राखेमात्र हाम्रो उन्नति हुन्छ प्रगति हुन्छ । त्यसका लागि सबभन्दा पहिला प्रत्येक नेपालीमा प्रजातन्त्रको महत्वको शब्दहरूको विवेक प्राप्त हुनुपर्छ , निस्वार्थता हुनु पर्छ । आफ्नो स्वार्थभन्दा राष्ट्रको स्वार्थलाई शिरोपर गर्नु पर्छ अनिमात्र समृद्ध नेपाल बन्न सक्छ भन्ने प्रगतिवादी चेत प्रस्तुत कवितामा रहेको छ ।

**'यही जनआकाङ्क्षा हो' कविताको अध्ययन**

प्रस्तुत कवितामा माटो र देशका लागि ज्यान अपर्ने शहीहरूको सम्मानबाट मात्रै देशको विकास हुन्छ तर पक्ष र विपक्षका निर्लज्ज नेताहरूको अकर्म व्ययले शहीदको सपना धरापमा परेको छ त्यसैले त्यसको विरोध गर्नु पर्छ भने भाव व्यक्त गरेका छन् । यौटै बलले नेपालमा प्रजातन्त्रको उज्यालोपन छाएको छ । उसले नयाँ उर्जा दिएको छ । यही

शहिदहरूको सपना साकार भएमा मात्र सारा भय, त्रास नष्ट हुन्छ । त्यही आधारमा नेपालको विकास गर्न सकिन्छ । धर्तीका अगुवा शहीहरूको आस्था र सम्मान गर्नु पर्छ उनीहरूको 'सदाशय' ले नै हामी बाँचेका हुन्छौ भन्ने भाव कवितामा व्यक्त गरिएको छ । आजका नेतामा माटोको ममता पटकै छैन । माटोको ममता छैन भने बाँचेको सार पनि हुँदैन । ती शहीद जसभित्र ममता बाँचेको छ । बाँचेको सार छ । ती नेता निर्लज्ज छन् । धन सम्पत्तिको स्वार्थका लागि बाँचेका छन् । उनीहरूलाई देशको चिन्ता छैन विवेक छैन इमानदारीता छैन । लोभ र लालचले युक्त छन् । त्यसैले हरेक मानिसमा माटोप्रति र शहीदप्रति सदाशय हुनुपर्छ भन्ने कथ्य सदाशय कवितामा व्यक्त गरिएको छ ।

**'वेश्यालय' कविताको अध्ययन**

प्रस्तुत कवितामा 'ऊ' एउटा क्रान्ति हो जो पञ्चायतको उग्र गर्मीको प्रकोपमा वसन्त लिएर आउँछ जो पञ्चायतसँग जुध्न र स्वतन्त्रता ल्याएन सक्षम हुने छ । अभिधा अर्थमा 'ऊ' वसन्त ऋृतु हो जो शिशिरको प्रचण्ड राप र तापमा आउँछ र शीतलता छरेर जान्छ । जो शिशिरसँग जुध्न र शब्दहरूको भूमि ल्याउन सक्छ । ऊ भनेको एउटा नवजात प्रजातन्त्र पनि हो । जसले मानिसको स्वतन्त्रताको भावना पूरा गरिदिन्छ । यिनै तीन अर्थको परिधी भित्र 'वेश्यालय' कविता घुमेको छ ।

'ऊ' एउटा क्रान्तिको प्रतीक हो । नेपालमा लामो समयदेखि राजतन्त्र रूपी बुढो रूखले जरागाडेको छ । जनतामा राप, ताप, रोग र भोक छ । जनतामा शिशिर रूपी पञ्चायतको गर्मीको उखरमउलो छ । जनता त्यहीँ पोलिएका छन् । भर्खर क्रान्तिको विजारोपण भएको छ । जसले नयाँ नयाँ वर्ष सक्छ । ऊ अन्त शक्ति भएको हुनेछ । त्यसबेला पुराना रूखहरू ढल्ने छन् । नयाँ नवोदित पालुवा कोपिलिने छन् । त्यस्तो क्रान्तिरूपी बालकले नयाँ भविष्य बोकेर आउने छ । ऊ संसारको विवशता विरूद्ध लड्न सक्ने सक्षम हुनेछ । अशिक्षा र अशब्दहरूको दैलो खोली शिक्षा र शब्दहरूको ज्योति पुऱ्याउने छ । ऊ परिश्रमशील हुनेछ । ऊ जस्तासुकै जन्जीर तोड्न सक्ने अनुशासित हुनेछ । उसले ल्याएका विहानीहरू पहिलाको जस्ता भ्रष्ट अनुशासनहीन तुच्छहुँने छैनन् । उनीहरू त यथार्थवादी हुने छ अनुशासित हुनेछ सत्य हुनेछ त्यो अवश्य सक्षम हुनेछ भन्ने कविको भाव रहेको छ ।

'वेश्यालय' कविता प्रगतिवादी भावधारामा लेखिएको उच्च व्यञ्जना धार्मिक कविता हो । गोपालप्रसाद रिमालद्वारा थालिएको क्रान्तिकारी प्रयोगवादी गद्यकविताा लेखनलाई पछ्याउने

क्रममा ' ऊ अवश्य आउनेछ' भनेको 'आमाको सपना' कविताको भावबोध पछि लेखिएको कविता हो ।

**'मेरो शहर , मेरो बस्ती' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले सारा धर्ती भरी स्वार्थै स्वार्थ, लुट्ने लुट, अकर्तव्य नै अकर्तव्य फैलिएको छ । हरेक व्यक्ति पक्ष र विपक्षका झुण्ड झुण्डमा विभक्त समूह वा पक्ष विपक्षमा नलाग्नेहरूलाई मानिसको दर्जामा नै नराख्ने कुप्रवृत्ति फैलिएको छ । त्यस्तो बेलामा स्वतन्त्र स्रष्टाले कसको पक्षमा कलम चलाइ कसको गुलामी गरी आत्म समर्पण गरू ? भन्दै त्यस्ता विसङ्गतिको ठाडो विरोध गरेका छन् । स्रष्टा कसैका साधक होइन् । ती त स्वतन्त्र स्रष्टा हुन् स्वतन्त्रता चाहने हुन्छन् भन्दै स्वतन्त्रताको वकालत गरेका छन् ।

नेपालको तत्कालीन राजनीतिक व्यवस्था प्रशासनिक व्यवस्था नै थिचोमिचो, लुटपाटमा चलेका छन् । समाजमा हुने खानेहरूको मात्र महत्व छ उनीहरूकै कुरा बिक्छ । उनीहरू नै पूज्य हुन्छन् । उनीहरूकै शासन छ कसैले त्यसको विरोध गऱ्यो भने ऊ आँखाको तारो बन्छ । यहाँ यी विकृति विसङ्गतिहरू त एउटा रीत नै बनेको छ ? तत्कालीन व्यवस्था अत्यन्त भ्रष्ट रहेको सङ्केत कवितामा छ । राजनीतिक शक्तिहरू सत्ताका लागि मरिहत्ते गरिरहेका छन् । अरूको भलाइभन्दा पनि आफू र आफ्नाका लागि मरिमेटिरहेका छन् । पार्टीहरू पनि जनताका कुरा बोल्दैनन् । झुण्डा र डण्डा मोह र मात्सर्यकै प्रचारमा रहेका छन् । त्यसमा नलाग्ने मानिसहरूलाई बाँच्न गाह्रो परेको छ ।

त्यस्तो विकृत र विसङ्गत अवस्थाको ठाडो विरोध कविले गरेका छन् । आफू सत्यवादी भएकाले सत्यभन्दा एक इन्च पनि तल नझर्ने कविको धारणा छ । समाजलाई सभ्यताको मार्ग तर्फ डोऱ्याउनु सचेत वर्गको कर्तव्य हो । आ आफ्नो डम्फु बजाउने अरूको कुरा नसुन्ने आफ्नामात्र कुरामात्र फलाक्ने प्रवृत्तिको धारे विरोध गर्नु पर्छ । स्रष्टा स्वतन्त्र हुन्छ । ऊ विकृति र विसङ्गतिको विरोध गर्छ कसैको गुलामी गर्दैन । स्रष्टा माटोको ममताले भिजेको हुन्छ । जसलाई माटो र ममता विरोधी कुनै पनि कुरा मन पर्दैन । स्रष्टा देशमा बढ्दै गएका शकुनीहरूबाट देश बनाउनु पर्छ भन्ने पक्षमा हुन्छन् । सभ्य र सुसंकृति देश विकास गर्नु आजको प्रथम आवश्यकता हो भन्दै कवि कसैका पक्ष विपक्षमा कलम नचलाएर देश र जनताको पक्षमा कलम चलाउने प्राण गर्दछन् । जनतालाई स्वतन्त्रता चाहिएको छ राजनीतिक कुकर्मले गर्दा बल्ल प्राप्त भएको अधिकार पनि गुम्ने हो कि ?

भन्ने ठूलै आशङ्का छ । स्रष्टाको सिर्जना अजम्बरी हुने भएकाले स्रष्टालाई स्वतन्त्र रहन दिनु पर्छ भन्ने 'लेखनीय कुरा पक्षमा ?' कवितामा रहेको छ ।

प्रस्तुत कविता अमर स्रष्टाको अमर कृति र प्रजातन्त्रको पक्षमा लेखिएको उत्कृष्ट प्रगतिवादी कविता हो ।

**'छिमकीलाई चिठी' कविताको अध्ययन**

प्रस्तुत कवितामा जनताहरू निरंकुशताका चर्को घाम र वतासका भूमिले आकुल व्याकुल छन् । जनताहरू आफ्नो स्वतन्त्रताका लागि जस्ता सुकै बलिदान गर्न पछि परेका छैनन् । मानिसहरू सचेतताका राजनीतिक जागरण ल्याउन लागिपरेका छन् । शहीदहरूले आफ्नो सपना सकार पार्न लाग्दा लाग्दै अमरत्व प्राप्त गरे त्यसरी पाएको प्रजातन्त्र पुनः खोसिदा सारा जनतालाई सपनाबाट व्यूँझेजस्तो मात्र भयो । प्रजातन्त्रको हत्यापछि सारातिर घोर अन्धकारै अन्धकार भयो । सारा जनताको शरीर लत्रिए जस्तो भयो । मीठा मीठा सपनाहरूका घरहरू भत्किए पछि मानिसको जोश सारा लत्रिएको छ । सबै शक्ति हराएका जस्ता छन् । फुलेका फूलहरू भुइँमा लत्रेसमान भएका छन् । सबै जनता अब के हुने हो भन्ने चिन्तामा डुबेका छन् । घाम लागेको दिन भए पनि घाम डुबे जस्तो अन्धकारे भएको कविको छ । आफूमा विकराल भविष्यको सन्तापले सताइरहेको छ । कवि 'म'मा देश र जनताप्रति चासो र चिन्ता छ । शहीदको सपनामा कुठाराघात भएकोमा 'म' चिन्तित छ । फुल्न कोपिला लाग्दा लाग्दै झरेको छ । फेरि फूल्ने हो कि होइन भन्ने ठूलो चिन्ता छ । त्यत्रो आघातलाई कविले सुन्दर सपना देख्दा देख्दै व्युझेको विपना मानेका छ ।

**'करुणो कविताको अध्ययन'**

प्रस्तुत कवितामा नेपाली समाजमा मौलाउँदै गएको स्वार्थीपनले समाज बिग्रिएको छ । यसमा सुधारको खाँचो रहेको छ भन्ने कथ्य व्यक्त गरिएको छ । समाजमा धनी र गरिबको विभेदको खाडल छ । समाजका भद्र मानिसहरू आफ्नो नाम वा व्यक्तित्व कमाउन मात्र लागि परेका छन् । जसले गर्दा नेपालीको नेपाली पन प्रति नै कलङ्क लागेको छ । नेपाली समाजमा सच्चा नेतृत्वको आवश्यकता छ । सच्चा नेतृत्वले मात्र समाजमा परिवर्तन ल्याउन सक्छ । नेतृत्वकै अभावमा समाज जग बिनाको घरजस्तो कुनै कार्य योजना नभएको जस्तो छ । धनीहरू अर्थले पूर्ण छन् अर्थात् धनले पूर्ण छन् । गरिबहरू भने आँसु र सास्तिले ग्रस्त हुन् । एउटै  समाजमा बस्ने मानिसहरूमा पनि आकाश र पातलको

फरक छ । समाजका अगुवाहरूमा स्वार्थीपन उग्र छ । उनीहरू म र मेरै सबथोक भन्छन् । उनीहरूमा हामी र हाम्रो पन छैन । प्रत्येक व्यक्तिमा विश्वास छैन हरेकमा घात र प्रतिघात मात्र छ । ईमान र सत्यता त गाउने गीतमात्र नएको छ । आस्था एउटा भाषणको शीर्षकमात्र भएको छ । विश्वास घातको केन्द्र बनेको छ । समाजको सुधार गर्ने यी र यस्ता साराकुराको अन्त्य हुनु पर्छ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त भएको छ । समाजको विकास गर्न पहिला प्रत्येक व्यक्ति सुध्रिनु पर्छ अनिमात्र देशको विकास हुन्छ भन्ने कविको धारणा छ ।

**'मेरो देश' कविताको अध्ययन**

प्रस्तुत मेरो देश  कविता वृद्ध अवस्थामा प्रवेश गरे पछिको अवस्थामा मानिस कस्तो अवस्थामा पुग्छ ? भन्ने कुरालाई सङ्केत गरिएको छ । उमेर ढल्दै जाँदा मानिसमा पनि चिन्ता बढ्दै जान्छ समय मानिसले रोकेर रोकिन्न, छेकेर छेकिन्न मानिस जहिल्यै समयको दास बनेको हुन्छ । कवि 'म' मा पनि यही समयले पारेको वा ल्याएको विसङ्गतिको बोध भएको छ । उमेर छउन्जेल सम्पत्ति छएन्जेल मात्र साथीसङ्गी, नातागोता रहेछन् । उमेरढलेसँगै साथीसङ्गी पनि टाढा भएको अनुभव 'म' मा छ । जीवनको एक पक्षमा कतिकति इच्छाहरू आकाङ्क्षाहरू सङ्गालेका छन् ती केवल इच्छामै मात्र सीमित रहेको अनुभव 'म' कवि 'म' मा छ । शरीर जर्जर हुँदा कसैले नहेरेकोमा कवि 'म' मा विसङ्गत बोध भएको छ । समयको बेग अत्यन्त शक्तिशाली छ । त्यो समयको बेगलाई जित्न नसकेकोमा कवि 'म' आफूलाई झरेको फूल सम्झन्छन् । आफूले केही गर्न नसके पछि कवि 'म' भाग्यको खेल यस्तै रहेछ भनी दिन मात्र कटाएर बस्छ । मानिस भएर जन्मेको र केही गर्न नसकेकोमा कवि 'म' पश्चातापमा परेका छन् ।

प्रस्तुत कविता कवि 'म' को विसङ्गति बोधको परिणाम हो । समय छँदै आफ्ना इच्छा वा चाहनाहरू पुरा गर्नु पर्छ । समयको प्रवाह अत्यन्त शक्तिशाली छ । मानिस भएर जन्मेपछि केही न केही अमरत्वको काम गर्नु पर्छ भन्ने अस्तित्ववादी यो कवितामा व्यक्त गरिएको छ ।

**'मेरो देश' कविताको अध्ययन**

प्रस्तुत कवितामा नेपालमा बढ्दै गएको विकृति र विसङ्गतिले नेपाली जर्जर भएको भाव व्यक्त गरिएको छ । कवि निवद्ध पात्रोक्ति कथन पद्धतिद्वारा नेपालले बोधगरेका विसङ्त भावनाहरू व्यक्त गरिएको छ । नेपालको आफ्नै कला, संस्कृति, सभ्यता छ तर आजभोलि नेपालीहरूले आफ्नो कला, संस्कृति र सभ्यता भुल्दै गइरहेका छन् । त्यसले गर्दा देशको भविष्य कता जाने हो भन्ने चिन्ताले 'म' पात्र जर्जर भएका छन् । मानिसहरू आफ्नै स्वार्थमा लिप्त रहेका छन् । देशको विकासमा कसैको मन गएको छैन खाली 'काम र माम' मै लागिरहेका छन् । गरीबहरू भोकभोकै बाँचिरहेका छन्, तिनको भोकको चिन्ता कसैमा छैन त्यसैले गरीवहरू रोग, भोक र शोकले जर्जर भएका छन् । देशमा शान्ति छैन । समाजका सभ्यताहरू पनि अर्काको हातमा पुगेका छन् । युवायुवतीहरू विदेशी फेशन र रहनसहनमै लिप्त छन् । उनीहरूमा खुसी छैन । यस्तो विकराल अवस्थामा देश नै त गुम्ने होइन ? भन्ने चिन्ता 'म' पात्रमा छ । भोलिका देशका कर्णधारहरू कुलतमा फसेका छन् । भएका प्रतिभाहरूपनि पलाएन भएका छन् । यो सारा कुरा सम्झदा सम्झदै 'म' पात्र चिन्ताले जर्जर भएको छ ।

यदि सच्चा दिलले देश र राष्ट्रप्रति नसोच्ने हो भने देश नै रहँदैन भन्ने ऋद्ध व्यङ्ग्यार्थ प्रस्तुत कवितामा रहेको छ । देशको विकास गर्ने युवायुवतीमा देखिएको विकृतिलाई निराकरण गर्नु पर्छ नत्र देश नै रहँदैन भन्ने भाव मेरो देश कवितामा व्यक्त गरिएको छ ।

**'योद्धाहरू' कविताको अध्ययन**

प्रस्तुत कवितामा मानिसको जीवनमा समयको प्रवाहले पारेको विसङ्गतिको बोध प्रस्तुत गरिएको छ । मानिसको जिन्दगी इच्छा र आकाङ्क्षाको झिनो डोरीमा बाँचेको हुन्छ । ऊ जिउनका लागि त्यही डोरीमा जेलिएर बाँचेको हुन्छ । मानिसको जीवन आँसु हाँसो मिलन - बिछोडको एउटा झुटो खेल हो । यो दुई दिनको घाम छायाँ जस्तो मात्र हो भन्ने विसङ्गतिबोध कवितामा प्रस्तुत गरिएको आफ्नै मात्र प्रगति र उन्नतिमा रमाउने प्रवृत्ति मानिसमा रहेको हुन्छ । विसङ्गत समाजमा जिउँछ जहाँ ऊ समय र स्वार्थले थिचिएको छ । त्यसैले मानिसमा बाँच्नु र मर्नुको योद्धाहरू भएको छ । संसार अभाबै अभावले ग्रस्त छ । ससारका मानिसलाई एक छिन् पनि फुर्सद छैन । भोका र नाङ्गाको आफ्नै विकराल अवस्था छ । सत्यता, सदाचार र नैतिकताको अन्त्य भइसकेको छ । संसारमा गरिने

कामहरू सारा व्यर्थ छन् । जताततै असफला नै असफलता छ । सफलता कतै छैन त्यसैले यो जिन्दगी मरेतुल्य छ भन्ने बिसङ्गतिबोध कवितामा व्यक्त गरिएको छ। प्रस्तुत कवितामा पूर्वी अध्यात्मवादको जीवन भ्रम छ असत्य छ भन्ने भाव व्यक्त गरिएको छ । पाश्चात्य विसङ्गतिबोधको भावलाई पनि एकान्वित गरी व्यक्त गरिएको छ।

**'बदलामा' कविताको अध्ययन**

प्रस्तुत कवितामा मानवीय जिन्दगीको व्यर्थतालाई व्यक्त गरिएको छ । समय गतिशील छ आफूले चाहे जस्तो, बनाए जस्तो जीन्दगी बन्दैन । प्रस्तुत कवितामा समयको साव, ताप र पीडाले जिन्दगीको अर्थ नै समाप्त भएको भावलाई कवितामा व्यक्त गरिएको छ । जिन्दगीको कुनै निश्चित परिभाषा छैन न त कुनै आकार र आयाम छ त्यहीँ अवस्थालाई विभिन्न शङ्काका आधारमा हेरिएको छ । जिन्दगानीको परिभाषा, मूर्तता, सत्यता खोज्ने काम प्रस्तुत कवितामा गरिएको छ । जिन्दगानी अविरल बग्छ तर पानी होइन किनकी यो चेतनशील छ । जिन्दगी फूलजस्तो ओइली झर्छ फूल पनि होइन । यो जिन्दगी त कर्कलाको पानी जस्तो मात्र हो । मानिसको जिन्दगी जन्मदै मृत्युको मुखमा पुगेको हुन्छ । आँसु र हाँसो उसको जीवनको अभिन्न पाटो जस्तो छ । मानिसको जीवन यही घाम र छायाको स्थिति हो । भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । यो जिन्दगी समय सँगै यात्रा गर्छ हामी त्यही जीवन भोगाइका यात्री हौ । समय अनन्त छ हामी त्यही अनन्त सागरको एक खहरे जस्तै क्षण मै सुकीजाने हौं । जिन्दगानीलाई चाहेर मीठो, मसिनो राम्रो बनाइ कुँद्न र सजाउँन सकिँदैन जिन्दगीको अनुभव आस्वाद हुन्छ तर यो जिन्दगानी खल्लो छ । जीवन जिउने आफ्नो शैली हुन्छ । फेशन वालालाई भड्किलो शृङ्गार जस्तो जिन्दगी लाग्छ । ठूलो खर्च गरेर चाड पर्व मनाएको जस्तो जिन्दगानी हो कि ? बाँच्नुमात्र जीवन हो कि ? जाँड, रक्सी, तास जूवा पो हो कि ? यो आदि मध्य अन्त्यको कुनै सीमा नभएको जिन्दगी के हो भन्ने खोजाइमा प्रस्तुत कविता घुमेको छ । जिन्दगीको अर्थ खोजी गर्दा गर्दै अर्थ नभेटेको र जिन्दगी नै अर्थ हीन रहेछ भन्ने निष्कर्ष कवितामा प्रस्तुत गरिएको छ। यो जिन्दगी नै अर्थहीन छ उसको यथार्थता, सत्यता र यकिन परिभाषा नै छैन भन्ने भाव 'बदलामा' कवितामा व्यक्त गरिएको छ।

**'घण्टाघरको घण्टी कविताको अध्ययन**

प्रस्तुत कवितामा मानिस समयको विवशताको घेरामा कसरी बाँचिरहेको छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । यो संसार विशाल मेला हो । मानिस त्यही विशाल मेलाको

एक खाली र साँघुरो अंश  हो । उसमा समयको सीमा छ । समयको सीमाभित्र आशा र त्रासको काँडेतारमा जिन्दगी अल्भिएको छ । मानिस त्यही समस्य र सामाजिक परिवन्धको सीमाबाट घायल बनेको छ । उसमा एक छिन पनि चैन र आनन्द छैन ।  ऊ भावुक व्याकुल मन लिएर बाँच्न विवश छ ।  ऊ आफ्नो पीरको भारी बोकेर रातदिन हिँडिरहेछ कहीँ उसलाई बिर्साउने र सुस्ताउने फुर्सद छैन । मानिसमा असफलताको उपहार छ ।  ऊ रित्तै फर्कन्छ । मानिस समयको परिबन्धको बली भएको छ ।  ऊ यही अभिरात भोग्न बाध्य छ । मानिसमा समयका, समाजका घात र प्रतिघातहरू मुटुभरि जलिरहेको छ । त्यही घेरामा कवि 'म' जलिरहेको छ । उसमा यही डाहाको मुटुमा उकुच पल्टेको छ । 'म' भित्रभित्रै पाकेको छ । यही चोट सम्हालेर मानिस बाँचिरहेको छ ।  ऊ समयको परिवर्तनको नयाँ नयाँ घामलाई पचाएर किच्च हाँस्न बाध्य छ । कवि 'म' पनि यही घेराभित्र नौला नौला परिवर्तनका पारिला घामलाई पचाएर मुटुमा उकुच पल्टाएर बसेका छन् ।

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नो जीवन भोगाइ मार्फत् विश्वमा मानवले भोग्नु परेका पीडा र व्यथा प्रस्तुत गरेका छन् । विश्वका मानव र तिनले भोगेका पीडा, वेदना र समयको ताडनालाई 'घेराभित्रै म जल्दछु' कवितामा कलात्मक ढङ्गले व्यक्त गरिएको छ ।

**'इद्रेणी' कविताको अध्ययन**

प्रस्तुत कवितामा नेपाली समाजमा मौलाएको भ्रष्टचार, अनियमित वृद्धि र मूल्य मान्यताहरूको ह्रासले कवि 'म' मा जन्माएको हीनता बोधलाई प्रस्तुत गरिएको छ । नेपाली समाजका मूल्य र मान्यताहरू हराउँदै गएका छन् । जसले कवि 'म' लाई बाँचेको पनि खल्लो लागेको छ । पूर्खौंदेखि बाँची आएको मूल्यमान्यता, परम्परा हाम्रा साझा सम्पत्ति हुन् । यिनीहरूको हामीले संधै संरक्षण गर्नु पर्छ तर त्यसको विपरीत ती सारा बीजहरू ध्वस्त हुँदै गएकोमा 'म' को घोर आपत्ति छ । यिनै मूल्य र मान्यताको संरक्षणमा लागेका कवि 'म' चिन्ताले आकुल व्याकुल भएका छन् ।  उनी यिनै मूल्य मान्यताहरु ध्वस्त हुँदै गएकोमा सारा प्रकृति नै रोएको अनुभव गर्छ । हिमाल, पहाड, नदी नाला खोच पनि रोएको अनुभव गर्दछन् । जाडो, गर्मी, जस्ता ऋतुहरू पनि रोएर खिन्न भएको अनुभव 'म' को छ । 'कवि म' अबको भविष्य कस्तो हुने हो ? भन्ने कुरामा चिन्तित छन् । कवि 'म' समाजमा व्याप्त भएको भ्रष्टाचार र गुलामी प्रथाले गर्दा समाजको संरचना नै विग्रेकोमा दुःखी छन् । यहाँ ज्यू ज्यू, हजुर, हजुर गरेर जागिर खानु पर्ने बाध्यता छ । कवि 'म' को पनि जिन्दगी जागिरका लागि नेताका पछि दगुर्दा दगुर्दै बितेको छ । आफ्नै अस्तित्वमै, स्वाभिमानै बाँच्न

भन्दा पनि बाँच्न नसकिने अवस्था छ भन्दै नेपालमा प्रजातन्त्र प्राप्ति पछिको विकराल अवस्थालाई सङ्केत गरिएको छ । यस्तो विकराल अवस्थाले 'म' बाँचेर हिडेको जस्तो पनि लाग्दैन । ऊ मृततुल्य आफूलाई ठान्छ । नेपालमा भइरहेको बौद्धिक भ्रष्टाचार र प्रतिभा पलायनले पारेको प्रभावलाई प्रस्तुत कवितामा यथार्थपरक ढङ्गले व्यक्त गरिएको छ ।

**लालसलाम गणेशमान ! कविताको अध्ययन**

प्रस्तुत कविता नेपालमा प्रजातन्त्र वा स्वतन्त्रता ल्याएनका लागि जीवनभर लागि परेका नेता गणेशमानप्रति समर्पित रहेको छ । गणेशमान स्वतन्त्रता प्राप्त गर्ने क्रममा अथक रूपमा लडिरहने पुरुष हुन् । एकाताका उनले आफ्नो सारा जीवनको प्राप्ति भन्नु नै स्वतन्त्रता भएको थियो । त्यसबेला उनी नै सम्पूर्णताका पूर्णता बनेका थिए । उनी सत्य कुरालाई अवलम्बन गर्दथे । उनी प्रजातन्त्रका पर्याय बनेका छन् । उनी शोषक र सामन्तका वैरी बनेका छन् । उनले शोषकहरूका विरुद्ध लड्दा अनेकौं जोखिमहरू उठाए । उनी शासकहरूका अगाडि कहिल्यै पनि झुकेनन् । उनी आफ्नो विचार र सिद्धान्तमा अटल र अडिग रहे त्यसैले उनी स्वतन्त्रता प्राप्तिका लागि लड्ने 'लौहपुरुष' ठहरिन्छन् ।

यस कवितामा गणेमान जस्ता व्यक्तिले जति महान् आन्दोलन गरे त्यसबाट प्राप्त उपलब्धिको सदुपयोग हामीले गर्न नसकेको तथा हामीले त्यस्ता नेतालाई चिन्न नसकेको भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । गणेशमानले प्रजातन्त्रका लागि अत्यन्त ठूलो आन्दोलन गर्दै देशका जनताको मुक्तिका लागि जीवन अर्पण गरे । तानाशाहीहरूको अन्त्यका लागि आफूलाई खुकुरीको धारमा राखी लडिरहे भन्ने कुरालाई प्रस्तुत कवितामा कलात्मक ढङ्गले व्यक्त गरिएको छ । तर आज आएर प्रजातन्त्रको अवसान भएको र देशको उन्नति नभएकोमा कविले व्याङ्ग्यात्मक ढङ्गले उक्त कुरा व्यक्त गरेका छन् । स्वयम् हामीले सुनरूपी प्रजातन्त्रलाई सुँगूर बनाएको प्रजातन्त्रको गौरवलाई गोमन बनाएको र त्यसमाथी विषगमन गरेको कुरा यहाँ व्यक्त गरिएको छ ।

**सूर्यजल कविताको अध्ययन**

यस कवितामा कवि सेवाचार्यले मानिसले पाप मोचनका लागि आफैंलाई ढाँटेर झूठो बोलेर कतिसम्म पतीत बनाउने काम गर्छन् भन्ने कुरा व्यक्त गरिएका छन् । आजको धर्तीमा विचारको प्रतिस्पर्धा छैन् । मानिसले आफ्नो जीवनमा सङ्गालिएका कल्पना र सपनालाई अनुसरण गर्न पाउँदैन । यस्तो अवस्थामा मानिसले विचार शून्य भई पूरातन विचारलाई अनुसरण गर्छ । आजको धर्म, छलकपट, धुर्तता र नक्कलीपनमा छ । यही

नक्कलीपनमा हामीले स्वार्थ पालेका छौं । आफ्नो स्वार्थका लागि केही पूरा होस् भन्नका लागि सूर्यलाई जल चढाउँछौं । हामी आफू सुन्दर देखिन, गौरखशाली बन्न, धनी हुन सम्पत्ति जगेर्ना गर्न, आफ्नै छोरी, आफ्नै बुहारी र श्रीमतीलाई समेत बेच्न पछि पर्दैनौं भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । मान्छेको विचार अपवित्र छ । मान्छेको विचार सङ्कूचित छ । त्यही सङ्कुचित र अपवित्र विचारलाई पवित्र पार्न अपवित्र आत्मालाई पवित्रताको लेप लाएन धर्मका नाममा पाप र श्राप पखाल्न हामी सूर्यलाई जल चढाउँने अर्थात् आडम्बरी धर्मलाई अनुसरण गर्ने काम गर्छौं भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**'वर्तमान' कविताको अध्ययन**

प्रस्तुत कविता शिवाचार्यद्धारा लिखित शब्दहरूको भूमिमा सङ्ग्रहित कविता हो । यहाँ मानिसमा समयले पारेको प्रभाव, मानिसको निरर्थक वर्तमानको विसक्तताको र मानिसमा समयले पारेको प्रभावलाई व्यक्त गरिएको छ । यहाँ कवि 'म' ले आफ्नो वर्तमान झरिले चुरेको, साँझले सताएको, विवसताले फुटाएको, दर्दनाक अवस्थामा रहेको कुरा गद्य लयात्मक ढाँचामा व्यक्त गरेका छन् । यहाँ कवि 'म' ले भोगेको वर्तमान अत्यन्त जटिल र भयानक रहेको छ । यहाँको वर्तमान क्रमशः मृत्युतिर धकेलीरहेको मृत्युको सन्त्रासले थिचिएको अवस्थामा रहेको कुरा कवि 'म' ले व्यक्त गरेका छन् । यहाँको जर्जर अवस्थामा निदाएर निदाउन नसकिने, सम्झिएर सम्झि नसक्ने देखेर हेर्न नसक्ने विछोड, पीडा, दर्द ताप र रापले युक्त भएको कुरा व्यक्त गरेका छन् । आजको सन्त्रास ग्रस्त अवस्थामा मान्छेको अवस्था इतिहासमा मात्र सिमित बन्दै गएको छ भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । यहाँ कविले मानिस बाँच्न नसक्ने भएपनि उसका कृतित्वहरू कालझै रहने कुरा व्यक्त गर्दै त्यही कालझै रचना निमार्णमा लाग्ने आँसुले भरिएको नयनलाई मायाको परित्रताले सिञ्चन गर्न र मृत्युको भयले सन्त्रास्त आत्मालाई सिञ्चन गर्न कविले आग्रह गरेका छन् ।

**'मेरो आवाज' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नो जीन्दगानीका टुक्रिएका, भत्किएका र खण्डित-खण्डित भएको वर्तमानको मृत्यु मूखि अवस्थालाई कलात्मक ढङ्गले व्यक्त गरेका छन् । यहाँ कवि 'म' ले आफ्नो वर्तमानका कथा अत्यन्त पीडादायी रहेकाले त्यसको अन्त्य गर्न चाहेको तर नसकेको कुरा व्यक्त गरेका छन् । यहाँको वर्तमान परमाणु हातहतियारले ध्वस्त हुन लागेको छ । मान्छेको अस्तित्व समाप्त हुँदै गएको छ । मान्छेको नियति आस्वाद छिन् भएको छ । यस्तो अवस्थामा मान्छेले आत्महत्या गर्न खोजेर पनि गर्न सकिरहेको छैन भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

कवि 'म' ले यस्तो भयावह वर्तमानबाट मुक्त हुनका लागि मृत्यु खोजीरहेको कुरा व्यक्त गरेका छन् । मृत्यु खोजेपनि मृत्यु पछिको समय असुरक्षित र भयावह नै रहने भएकाले आत्महत्या स्वीकार्न नसकिएको कुरा यहाँ कवि 'म' ले एकालापीय ढङ्गमा व्यक्त गरेका छन् र कविले यही उक्ति ढाँचामा मृत्युवरणको सट्टा आउँदा समयमा आत्मा गौरव गरी बस्ने प्रतिवद्धता गरेको कुरा यहाँ व्यक्त गरेका छन् ।

**असम्भव कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले मानिसको वर्तमानमा एकता सद्भाव समन्वय भन्ने कुरा असम्भव रहेको अभिव्यक्ति गरेका छन् । मानिस जहिले पनि आफ्नो पूर्वतिर फर्कन चाहन्छ र अतित्मै हराउन चाहन्छ । तर त्यो असम्भव रहेको कुरा व्यक्त गरेका छन् । आजको हाम्रो संसार साँघुरो र डरलाग्दो गर्तमा भासिएको छ । त्यहाँबाट मुक्ति पाउन अत्यन्तै असम्भव रहेको कुरा कवि 'म' ले व्यक्त गरेका छन् । यहाँ मानिसको प्रत्येक पलहरु समस्यामा परिरहेका छन् र पूरा इतिहास हुँदै गएका छन् भन्ने कुरा व्यक्त गरेका छन् । त्यसैले कवि 'म' ले आफू चाहेर पनि पूरा इतिहासतिर फर्कन नसक्ने र वर्तमानमै चित्त बुझाएर बस्न बाध्य भएको कुरा प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

**अमूर्त छन् मेरा इन्द्रेणी छविहरू कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' को चाहना, इच्छा र आकांक्षाहरू पूरा हुन नसकेको कुरा व्यक्त गरिएको छ । कवि 'म' ले आफू स्वतन्त्रताको इन्द्रेणीमा रम्न चाहेको, स्वतन्त्रतामै फर्कन चाहेको तर त्यसो हुन नसकेको कुरा यहाँ व्यक्त गरेका छन् । कवि 'म' का जीवनमा अनेक वसन्त आएका तर स्वतन्त्रताको इन्द्रेणीमा रम्ने चाहनाचाहि अमूर्त नै रहेको कुरा कवि 'म' ले व्यक्त गरेका छन् । मान्छेको चाहना अमूर्त रहनुमा मान्छे नै कारण रहेको र त्यहि कारणले गर्दा मान्छेको गौरव र छवि पनि धमिलिँदै गएको कुरा कवि 'म' ले वार्तालापीय ढाँचामा व्यक्त गरेका छन् । आजको समय युद्ध र आतङ्कले युक्त रहेको मानिस मानवबाट दैत्य वृत्तितर्फ लागेको र नयाँ वर्षका शुभकामनाहरू पनि साट्न नसकिएको कुरा यहाँ व्यक्त गरिएको छ । त्यसैले कवि 'म' का जीन्दगीमा साँचेर राखेका इच्छाहरूका इन्द्रेणी अमूर्त नै रहेको भाव एक्त कवितामा व्यक्त रहेको पाइन्छ ।

**फूलको जन्जिर कविताको अध्ययन**

प्रस्तुत कवितामा फूलरूपी मानिसको जीन्दगीलाई तानाशाही सरकाररूपी जन्जीरले खग्रास बनाइएको कुरा व्यक्त गरिएको छ । यो समय मानिसका लागि अन्धकारको समय बनेको छ । मानिस स्वतन्त्र रहने ठानिएपनि झन् निरिह, निस्तेज, दूर्वल र बन्धित हुँदै

गएको भाव प्रस्तुत कवितामा वहुवचन, आत्मवाचिशब्दद्धारा व्यक्त गरिएको छ । आजको हाम्रो समय युगका अनेकौं तानाशाही सरकारहरूले भोगिसकेको, टेकिसकेको, चपाइसकेको समय रहेको छ । त्यसैले हामी ती सम्राटहरूको जन्जिरमा बस्न बाध्य रहेका छौं । हामी ती सम्राटका अगाडि केवल मृतप्राय वा जिउँदो मुर्दामात्र भएका छौं । त्यसैले यस्तो समयमा यस्ता जन्जिरहरू चुँडाल्न र स्वतन्त्र हुन कविले सम्पूर्ण मानव जातिलाई आह्वान गरेका छन् ।

**'लाचार छाँया' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले कूरूप समाजले निम्त्याएका नारीमाथिको दमन र बाध्यतालाई कलात्मक ढङ्गले व्यक्त गरेका छन् । साथै तिव्र गतिशील वर्तमानमा आफूले चाहेर पनि केही गर्न नसकेको र लाचार भएर रहनु परेको कुरालाई यहाँ व्यक्त गरिएका छन् । कवि 'म' को जिन्दगानीको यात्रा थकित र टिठलाग्दो बनेको छ । आफूले आफ्ना चाहाना, विश्वास कसम र कर्तव्यलाई नग्न बनाउँनु परेको र छाड्नु परेको कुरा यहाँ व्यक्त गरेका छन् । आफ्ना चाहनाहरू हरेक रातमा औल्याउँदै झरेका विस्वासहरू अविश्वासको गर्तमा फालिएका आफ्नै आत्मिय व्यक्तिसँग खाएका कसम तोडिदै गएका र आफू झन् निरिह बन्नु परेको कुरा कवि 'म' ले व्यक्त गरेका छन् । कवि 'म' ले आफू प्रगतिको सडकमा कारवेगी भएर दौडन चाहेपनि कछुवाको हिडाइ भएको कुरा व्यक्त गरेका छन् । कवि 'म' ले दीर्घताभाषमा आफूलाई जीयाउन चाहेपनि लघुताभासमा विवसता पूर्वक रोगी र निरीह भएर रहन बाध्य भएको कुरा यस कवितामा व्यक्त गरेका छन् ।

**'प्रश्नोत्तर' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले जीन्दगी कसरी बाँच्नुपर्छ ? सार्थक जीन्दगी बाँच्नुका उपायहरू के-के हुन् र जीन्दगीको मूल्य के हो भन्ने कुराको प्रश्न र उत्तरलाई यस कविताको मुख्य विषय बनाएका छन् । कवि 'म' ले बाँचेको जीवन अलमल, आलटाल र अनेक व्यवहारले बन्धन मूक्त रहेको र आफ्नो जीवन कसरी सजिलोसँग बाँच्न सकिन्छ भन्ने कुरामा अलमल रहेको भाव व्यक्त गरेका छन् । आजको यस्तो अन्यौलपूर्ण अवस्थामा मान्छेको जीवन सार्थकसँग विताउन सकिने कुरा प्रस्तुत कवितामा व्यक्त गरेका छन् । आजको समय बाङ्गो र भाँचिइ रहेको छ । मानिसको इमान वेचिइसकेको छ । मान्छेको मर्यादा उलङ्घन भएको छ । मानिस बसेको धरातल मानिसलाई नै टाढा र पट्यार लाग्दो बनेको छ । मान्छेको जीवन अत्यन्त असुरक्षित बन्दै गएको छ । मान्छे आफैबाट बलात्कृत भएको छ । आफ्नै घरमा मान्छे शरणार्थी बनेको छ । यस्तो अवस्थामा मानिसले कसरी

सार्थक जीवन जीउन सक्छ भन्ने प्रश्नको उत्तरमा यो समयको जवसम्म अन्त्य हुँदैन, तबसम्म मान्छे सुरक्षित रहि सार्थक जीवन जीउन सक्दैन भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**"पशुपतिनाथ" कविताको अध्ययन**

प्रस्तुत कवितामा आजको एक्काइसौं सताब्दीमा पनि हामीभित्र रहेको मानसिक कुसँस्कार विकृत रुढी, अवैज्ञानिक धर्मले मानव जातिलाई नै पारेको असरलाई मुख्य विषय बनाइएको छ । हामी देवता र देवत्वको खोजीमा मानिसलाई र मानवत्वलाई नै विर्सदै गएका र मानिसको दर्जाबाट अपमानित र पतित हुँदै गएको कुरा यहाँ गद्य लयात्मक ढाँचामा व्यक्त गरिएको छ । हामी धर्मका नाममा सम्पत्ति कमाउने, विचारका नाममा विष छर्कने सँस्कारका नाममा हुर्किएका छौं । हाम्रो विचार पनि विसाक्त रहेको कुरा यहाँ व्यक्त गरिएको छ । हामीले विचारलाई परिष्कृत र परिमार्जित गराउने नाममा विवाद र नाराहरूमात्र जन्माइ रहेका छौं । मन्त्रका नाममा मन्दता जपी रहेका छौं । आस्थाका नाममा अनास्थाकापछि कुदेका छौं । हाम्रो धर्ममा भएका विकृत कुरालाई परिष्कृट र परिमार्जित गर्नुका सट्टा झन् विकृत बनाएर बोकेर हिँडेका छौं भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । श्रद्धा, आस्थाको दोभान पवित्र पुशुपतिनाथलाई हामीले सम्पत्ति र स्वार्थ कमाउने र पूरा गर्ने केन्द्र बनाएका छौं भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**'थ्याङ्क्यु सद्दाम' थ्याङ्क्यु भुस कविताको अध्ययन**

प्रस्तुत कवितामा एक्काइसौं सताब्दीमा भएको युद्धको अवस्थालाई "वर्णन" गरिएको छ । यहाँ युद्ध र आतङ्कले मानिसका खुसीहरू मोजमज्जाहरू रक्ताम्य हुँदै गएको कुरा व्यक्त गरिएको छ । यहाँ राष्टको प्रभूत्व कायम राखिरहने र ठूलो देशको उपनिवेशलाई यथावत राख्ने नाममा भएका अनेक चालवाजी क्रुरता र कुरुताले गर्दा अनगिन्ती मानिसहरू पिडीत रहेका छन् । यहाँ युद्धले गर्दा मानिसका खुसी र आनन्दहरू निमिट्यान्न हुँदै गएको कुरा व्यक्त गरिएको छ । आजका बालवालीका भोलिका भविष्यका कर्णधारहरूमा पनि यही युद्ध र आतले नराम्रो प्रभाव पारिरहेको कुरा व्यक्त गरिएको छ । यसरी ती अवोध बालवालिकाहरूले पनि भयावह अर्को युद्धलाई निम्त्याइ रहेको कुरा व्यक्त गरिएको छ । साना-साना समूहमा पनि ती बालवालिकाहरू खेल्दा युद्धकै खेल खेल्ने र एउटा समूह सद्दाम हुने र अर्को समूह बूस भएको खेल खेलेको कुरा व्यक्त गर्दै अवको युग अत्यन्त भयावह र डरलाग्दो बन्दै गएको कुरा यस कवितामा व्यक्त गरिएको छ । यहाँ संसारको माध्यमको

विकासले पनि बालवालिकामा अत्यन्त नकारात्मक असर परेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**'मेरो देश-पिस्कर-सुरजपूरा' कविताको अध्ययन**

प्रस्तुत कवितामा मेरो देश-पिस्कर-सुरजपूरा हुँदै गएको कुरा व्यक्त गरिएको छ । हाम्रो देश प्राकृतिक रूपले एसियाकै प्रथम सुन्दर देश भएपनि अमानवता, निर्दयता नातावाद, चाप्लुसी, चाकडी, हिंसा, अन्धता आदिले ग्रस्त रहेको र शान्ति समानता भन्ने कुरा मिथक हुँदै गएको भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । आज हाम्रो देशमा मानवता जर्जर भएको छ । चाप्लुसीको निर्दयी पञ्जामा मानवता निरिह भएको छ । नातावाद र कृपावादको डडेलोले पूरै प्रशासनिक क्षेत्र ध्वस्त भएको छ । न्याय र समानता भन्ने कुरा चाकडी र नातावादको दहमा डुबेका छन् । जनताहरू घोडा भएका छन् । शान्ति क्षेत्र भनिएको देशमा रणसंग्राम भएको छ । यहाँ पुराना पुस्तालाई अपमानको दृष्टिले हेर्ने, नयाँ पुस्ता गोलीका पर्राद्धारा धर्म र विश्वास ध्वस्त बनाउन लागिरहेका छन् । यहाँ कानुन र नियम मान्नेलाई अवैधानिक घोषणा गरिन्छन् । त्यसैले हाम्रो देश अशान्ति, अन्याय, आतको त्रिवेणी बन्दै गएको कुरा यहाँ व्यक्त गरिएको छ ।

**"मृत आमाको लाम्टाबाट दुध आउँदैन" कविताको अध्ययन**

प्रस्तुत कवितामा नेपालका प्रजातन्त्र प्राप्ती पछिका नेताहरूको कार्यकलापलाई मुख्य विषय बनाइएको छ । यहाँ सत्ताका लागि नेताहरू जस्तासुकै युद्ध तथा मृत्युउत्सव गर्न पनि पछि पर्दैनन् । तर त्यस्तो कुरालाई जनताहरू भने टुलुटुलु हेर्न बाध्य रहेको कुरा यहाँ व्यक्त गरिएको छ । भित्र-भित्र ती नेताहरू युद्धको विजारोपण गर्छन् । ती नेताहरु बाहिर भने शुभकामना साटासाट गरी रहन्छन् शान्तिका नाममा परेवा उडाउँछन् र तिनै परेवालाई पछिबाट गोली हान्छन् । उनीहरू धर्म धार्मिक स्थललाई र आस्थाको केन्द्रलाई रणसङ्ग्राम बनाउन उद्दत रहेका छन् । यस्तो अवस्था देखेर धर्ती माता अत्यन्त दुखित रहेको कुरा यहाँ व्यक्त गरिएको छ । आफ्नै काखमा भाइ-भाइबीच मृत्युको परेड खेलेको देखेर आमा टुलुटुलु हेर्न बाध्य बनेकी छन् । अन्य मानिसहरू त्यस्तो युद्ध र आतङ्कलाई चूपचाप हेर्न बाध्य छन् । उनीहरू पिडादायी समयमा पनि खुसियाली र शुभकामनाहरू साटासाट गर्न विवश रहेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**'अझै थप कति दिन बन्द गर्ने' कविताको अध्ययन**

प्रस्तुत कवितामा नेपालको राजनीतिमा प्रजातन्त्र प्राप्तिपछिको अवस्थामा प्रजातान्त्रिक भनिएका दलहरूले गरेको काम र अन्य राजनैतिक दलहरूले गरेको कामले

गर्दा साथै ती राजनैतिक समूहले आफ्नो सिमित स्वार्थका लागि नेपाल बन्द गर्ने परिपाटीमाथी गम्भीर प्रश्न उठाइएको छ । हाम्रो देश आज आएर समस्याले आक्रान्त बनेको छ । यहाँका राजनैतिक दलहरू देशको समस्या समाधान गर्नुभन्दा अझ समस्या थप्दैछन् । देशलाई नै बन्दक बनाइरहेका छन् भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । यहाँ हामी सिमित स्वार्थका लागि र सङ्कुचित विचारका लागि विभिन्न समूहमा विभक्त भएका छौं र युद्धलाई निम्त्याइ रहेका छौं । हामीले हाम्रो घर असुरक्षित बनाएका छौं, आफैले घरमा आगो लगाएका छौं । हामी कसैको दर्द सुन्न चाहँदैनौं र देश बन्द गर्दछौं । कहिले नेपाल बन्द, कहिले अञ्चल बन्द, कहिले जिल्ला बन्द जस्ता अनेक बन्दले मानिसको मानवत्व नै बन्दक बनेको कुरा यहाँ व्यक्त गरिएको छ । तर यस्तो बन्दको न कुनै खास अर्थ छ न कुनै मूल्य छ । त्यसैले यस्ता बन्दले हाम्रो देश हाम्रो राष्ट्रनै कयौं समयपछि धकेलिएको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**'मेरो तान्सेन' कविताको अध्ययन**

प्रस्तुत कवितामा नेपालको तान्सेनको प्राकृतिक सौन्दर्य, भूबनोट र मनोहरतालाई मुख्य विषय बनाइएको छ । कवि 'म' ले पहाडको रानी तानसेन पुग्दा त्यहाँको अनगिन्ती पहाड, भन्ज्याङ, चौतारी, नदी-नाला, खोला, त्यहाँको अरुणोदयको सौन्दर्यले पारेको प्रभावलाई कविताको मुख्य कथ्य बनाइएको छ । कवि 'म' का अनुसार तानसेन अत्यन्त सुन्दर र मनमोहक रहेको छ । कवि 'म' ले तानसेनको प्राकृतिक छटा र मनोहारीताले गर्दा एउटी सुन्दर केसरासी फिजाएर बसेकी युवती झैं मानेका छन् । कवि 'म' ले तानसेनका उकाली-ओराली भन्ज्याङ, चौतारी मानव पशुपंछी आदि सबैमा हृदयता र मनोहारीता भरिएको कुरा व्यक्त गरेका छन् ।

**'सैलावको बीचमा अडेको म' कविताको अध्ययन**

प्रस्तुत कवितामा आफु एक्लो भएको समयको प्रवाहले पनि आफू बूढो हुँदै गएकाले आफू मृत्युको प्रतिक्षामा रहनु परेका बाध्यतालाई यहाँ व्यक्त गरिएको छ । यहाँ समयको अनेक रङ्ग छ । सेता, नीला, पहेँला, राता अनेक प्रकार छ । ती आफ्नै तरिकाले बग्दछन् । तर कवि 'म' भने त्यस्तो समयको छेएमा बसेर आफ्नो दूरावस्तालाई टुलुटुलु हेर्न र सहन बाध्य भएको कुरा व्यक्त गर्दछन् । यहाँ मानिसहरू विभिन्न समूहमा व्यक्तिमा विभक्त छन् । तरपनि कवि 'म' को जीवन भने एक्लो र टिठ्लाग्दो छ । कसैको पर्खाइमा, प्रतिक्षामा जीवन यापन गर्नुपर्ने बाध्यता रहेको छ । कवि 'म' ले आफ्नो जीवनका पूर्वावस्थामा गरेका प्रेम प्रणय आदि सम्झेर जीवन बिताउन बाध्य रहेका कुरा प्रस्तुत गरेका छन् । यस्तो अवस्थामा

उसलाई कसैले हेर्दैन र गन्दैन । त्यसैले कवि 'म' ले आफू सैवाल हिमालको बीचमा अर्थात् न यताको न उताको भएर रहे जस्तै आफ्नो जीवनमा पनि यता न उता भएर रहनु परेको कुरा यहाँ व्यक्त गरिएका छन् ।

**'नव वर्ष'लाई कविताको अध्ययन**

प्रस्तुत कवितामा समयको प्रवाहले मानिसमा पारेको निरीहता र विवसतालाई प्रमुख कथ्य बनाइएको छ । मानिस हावादारी कुराको पछि लागेर शुभकामना साट्दछ । तर ऊ कहिल्यै खुसि भने हुँदैन । ऊ चूपचाप शुभकानमामात्र साट्छ । अरुले खुसी हुनु भन्यो भने खुसी हुन्छ । नत्र ऊ चुपचाप उदास भएर रहन्छ । उसमा खासै बाँच्नुको अर्थ पनि छैन । किनभने ऊ जीउँदै मरेको जस्तो हुन्छ । आजको मानिस संघर्षको बीचमा छ र शुभकामनाको भाषा बोल्छ । तर शुभकामना साट्न सक्दैन । ऊ बलिदानीको कुरा गर्दछ तर विडम्बना र विवसताले गर्दा ऊ बलिदानी बन्न पनि सक्दैन । यस्तो अवस्थामा मानिसले एक अपासमा शुभकामना साट्नुको कुनै अर्थ छैन भन्ने कुरा उस कवितामा व्यक्त गरिएको छ ।

**'यो जीन्दगी' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नो अनिश्चितता बीचको जीन्दगीलाई र त्यसको अवस्थालाई मुख्य विषय बनाएका छन् । मानिसका आजको जीवन अत्यन्त भयावह र डरलाग्दो छ । केवल अरुको विश्वासमा मात्र रहेको छ । ऊ भित्र जस्तो भएपनि बाहिर खुसी र हाँसो बोकेर हिड्न बाध्य रहेको छ । उसको जीवनयात्राको पथ जर्जर र डग्मगाउँने छ । उसको लक्ष्य अनिश्चित छ । उसको विचार शून्य रहेको छ । तरपनि ऊ चुपचाप समयको प्रवाहलाई सहन बाध्य बन्दछ । ऊ आफूलाई असफल रहेपनि सफल ठान्दछ । त्यसैले जीवन व्यर्थ र निरर्थक रहेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**'उपहार जीवन' कविताको अध्ययन**

प्रस्तुत कवितामा मानिसको जीवनलाई कसैबाट प्राप्त भएको उपहार हो । त्यसैले उसलाई संरक्षण र सदुपयोग गर्नुपर्छ भन्ने कुरा यहाँ व्यक्त छ । वास्तवमा मानिसको जीवन आमाबाट प्राप्त उपहारमात्र हो । यो जीवन माया, पिरती र स्नेहको पोकोमात्र हो । त्यसैले उसको सदुपयोग गर्नुपर्छ । सकेसम्म अरुलाई दिएरै भएपनि जीवनलाई सार्थक बनाउँनु पर्छ । यो जीवनलाई जति सार्थक बनाउन सक्यो, त्यति सार्थक बन्छ । यो उपहार जीवनमा चाँहि सद्भाव र सहिष्णुता भएन भने जीवन निरर्थक र शुन्य हुन्छ भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**'याद' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नो जीवनको यौवनावस्थामा गरेका कामहरू आजको बाँच्ने र प्रतिक्षा गर्ने साहारा बनेको कुरा व्यक्त गरिएको छ । यहाँ कविले आफ्नी प्रेमिका तिम्रो याद अत्यन्त धेरै आएको र आफू त्यो यादमा मात्र रहन नसकेकाले त्यो पूरा गर्ने र त्यसबाट मुक्त पाउन कल्पनामा डुवेकोले नसाहरू पिउँन बाध्य बनेको कुरा व्यक्त गरेका छन् । यहाँ एउटा आशा छ प्रतिक्षा छ र जीवन आशा र प्रतिक्षामै बाँचेको छ भन्ने कुरा व्यक्त गरिएको छ । कवि 'म' लाई सबभन्दा घातक कुरा आफ्नी प्रेमिका तिमी को याद रहेको कुरा कवि 'म' ले व्यक्त गरेका छन् । प्रस्तुत कवितामा मानिसको जीवनमा कहिल्यै पनि धोका र वियोग हुनु हुँदैन, साथै याद पनि हुनु हुँदैन । यदी त्यस्तो भएमा मानिसमा मृत्यु, शून्यता र एकान्तता प्रस्फुटन हुने कुरा यहाँ व्यक्त गरिएको छ ।

**'यस्तो नहोस्' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नी प्रेमिका 'तिमी' सँग मायामा धोका र वियोग कदापि नहोस् भन्ने कुरा व्यक्त गरेका छन् । कवि 'म' ले आफ्नी प्रेमिकाप्रति सम्बोधन गर्दै आफूले प्रकृतिका सर्वसत्य भौतिक कुरा पहाड, खोलानाला साँक्षी राखेर कसम खाएको कारण जीवनमा पनि त्यस्तो सत्य काम गर्नु र कहिल्यै पनि धोका र वियोग नहोस् भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । यदि उक्त कसम खाएर बीच मै छाड्यो भने पाप लाग्छ । त्यसैले जीवनमा कहिल्यै त्यस्तो नगर्नु भनी कवि 'म' ले आफ्नी प्रेमिका 'तिमी' सँग आग्रह गरेका छन् ।

**'नैतिकता विरुद्ध' कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले साथीप्रति सम्बोधन गर्दै जीवनमा मानिसले कहिल्यै पनि नैतिकता र आचरणविरुद्ध कहिल्यै पनि जानु हुँदैन भन्ने कुरालाई प्रमुख कथ्य बनाएका छन् । यदि मानिस नैतिकता र आचारण विरुद्ध गयो भने मानिस नीच र पतीत् हुन्छ भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । मानिसले आफू आफैले बदल्नु पर्छ र जीवनमा नयाँ ज्योति बाल्नु पर्दछ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । यदि मानिस परानयी र परजीवीबाट मुक्त भई आश्रित र सजीवी हुनु छ भने आफैले उभिने कोसिस गर्नु पर्छ भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । यहाँ मानिस इमान्दारी हुने हो भने मानिसलाई कुनै पनि कुराको आवश्यकता पर्दैन । त्यसैले मानिस नैतिकता, सच्चरित्रता र इमान्दारितामा रहनु पर्छ भन्ने भाव यहाँ व्यक्त गरिएको छ ।

**'सम्झना'लाई अँगाल्दै कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' को जीवन सम्झनामा वितिरहेको र त्यही कसैको सम्झनामा वितिरहेको कुरा व्यक्त गरेका छन् । कविले आफ्नो जीवनको किशोरावस्था तथा यौवनावस्थामा भए गरेका प्रेम, प्रणय आदिका यादहरूको सम्झनालाई जीवन बाँच्ने आधार बनाएका छन् । वर्तमानको कवि 'म' को अवस्था बूढ्यौलीले छोएको छ । हाम्रो खुसी भन्ने कुरा अतितका सम्झनामात्र भएका छन् । कवि 'म' ले वर्तमानको जियायको क्रममा हाँसोसँग सन्यास लिएका छन् । प्रेम पूजारीको यादकर्ता भएका छन् । उनीसँग वर्तमानमा केवल विश्वास घातको चोटमात्र छ । उसरी उनको जीवन केवल सम्झनामा मात्र चलिरहेको भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । कवि 'म' ले पाएको घात र त्यसबाट उत्पन्न प्रतिघातले आफ्नो जीवन शून्यता र व्यर्थतातिर लम्केको कुरा यहाँ व्यक्त गरेका छन् । उनले आफूलाई धर्तीमा व्यर्थता र अव्यर्थताको दोसाँधमा कहाँ उभिएको छु भन्ने पनि ज्ञान नभएको अवस्थामा पाएका छन् र आफू प्रेम प्रणयमा धोका, घात र प्रतिघात दिनु हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् ।

**"टाढा भएपछि" कविताको अध्ययन**

प्रस्तुत कवितामा किशोरावस्थामा भोगेका प्रेम प्रणयजन्य घटनालाई मुख्य कथ्य बनाइएको छ । यहाँ कवि 'म' ले आफ्नी प्रेमिका तिनीलाई अतितमा नजीक भएको र वर्तमानमा टाढा भएको त्यसैले आफूले कहिल्यै पनि विर्सन नसकेको कुरा व्यक्त गरेका छन् । यहाँ कवि 'म' ले आफ्नी प्रेमिकासँग खाएका कसमका वाक्यहरू विराना र झुठा भएको कुरा व्यक्त गरेका छन् । उनले यहाँ आफ्नो जीवनमा आफ्नी प्रमिका तिमीको आगमन केवल साउन-भदौको अनिश्चित भेल जस्तो भएको र कहिल्यै पनि नयाँ जीवनको अनन्त सागरसम्म मिसिन नसक्ने कुरा व्यक्त गरेका छन् । यसरी कवि 'म' ले आफ्नी प्रेमीकासँगको सम्बन्ध केवल क्षणिक र तात्क्षणिक भएको कुरा प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

**'सहिदगेटका सहिद'हरू कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले नेपालको तथा नेपालीको मूक्तिका खातिर जीवनको आहुति दिने सहिदहरूको सम्झना अधुरो र अपुरो रहिरहेको कुरा व्यक्त गरेका छन् । यहाँ केवल सहिदहरूको मूर्ति बनाइन्छ र उनीहरूलाई मूर्तिमै सीमित पारेर राखिन्छ । न उनीहरूको सम्मान हुन्छ, न उनीहरूको विचारको सम्मान हुन्छ । उनीहरू त केवल शोषण, अन्याय र अत्याचारका विरुद्धको युद्धमा काटिएका बलिका बोकाजस्ता हुन्छन् भन्दै नेपालमा सहिदको

विचारको मर्म बुझ्न नसकेको कुरा यहाँ व्यक्त गरिएको छ । सहिदहरू शोषणको अन्त्यका खातिर लडेपनि त्यो शोषण यथावत रहेको समाज परिवर्तनका लागि लडेपनि समाज यथावत् रहेको कारणले गर्दा सहिदहरू केवल अतितलाई सम्झेर मौनतामा गहिरिदै सहिद गेटमा मूर्तिको रूप लिएर बसेको भान कविले गरेका छन् ।

**'पथभ्रष्टता' कविताको अध्ययन**

प्रस्तुत कवितामा मानवीय समाजमा र मानवमा नैतिकताका सट्टा फैलँदै गएको पथभ्रष्टतालाई मुख्य कथ्य बनाइएको छ । आजको मानिसको जीवन भ्रष्टता, अनैतिकता शोषण, बलत्कार, विलासितामा वितेको छ । आजको हाम्रा समाजका अगुवाहरूको व्यवहार, कार्यकलाप केवल पथभ्रष्टता र बलत्कारमा वितेको छ । यहाँ जस्तासुकै ठूला घटनाका दोषीहरू पनि स्वतन्त्र र खुला रहन सक्छन् । उनीहरू जति अनैतिक भएपनि उनीहरूलाई छुट छ । जनतालाई झूट्टा र हावादारी आस्वासन दिन र जनतालाई नै घोडा बनाउन हाम्रा अग्रजहरू नष्ट र भ्रष्ट भएका कुरा व्यक्त गरेका छन् । यहाँका प्रत्यक व्यक्तिमा अनैतिकताले राज गरेको छ । यहाँका जनताभन्दा नेता बढी अनैतिक छन् । उनीहरू पलपलमा झन् अनैतिक र दुष्ट हुँदै गएका छन् । यहाँका प्रत्येक युवा-युवतीमाथि पनि अनैतिकताले राज गरिसकेकाले अवको भविष्य अनैतिक र भ्रष्ट रहने कुरा प्रस्तुत कवितामा प्रस्तुत गरिएको छ ।

**'मलाई यतिमात्र थाहा छ' कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले संसारमा युद्ध र सन्त्रासले जरा गाडिरहेको छ । तर बाहिर-बाहिर भने ठूला देशका ठूला पद्का मानिसहरू संसार शान्त छ भन्ने कुरा गर्दछन् । उनीहरू भित्र-भित्र युद्धको सड्यन्त्र गर्छन्, युद्धको विजारोपण गर्छन् । तर बाहिर भने शान्ति सद्भावको कुरा गर्छन् भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । यहाँ विश्वलाई अशान्त बनाई आफ्नो स्वार्थ पूर्ति गर्नेहरू धेरै रहेका छन् । यहाँ महङ्गीले धुरी छोएको छ । तर ती अडिसान कुर्सिमा बस्नेहरू अझ महङ्गी बढाउन लागिरहेका छन् भन्दै कविले यस्तो जर्जर अवस्थामा विशाल जनआन्दोलनको भयानक तान्डव नृत्य ल्याई यस्तो अवस्थाको अन्त्य गर्नु पर्ने कुरा यहाँ व्यक्त गरिएका छन् ।

**'म हाँसेर पर्खिदिन्छु' कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले 'म' ले आफू यौवन अवस्था देखि उत्तरवस्थासम्म आइपुग्दा पनि यौवन अवस्थाकी साथी सङ्गीबाट जतिसुकै घात प्रतिघात पाएपनि पर्खिरहने कुरा यहाँ व्यक्त गरिएका छन् । यहाँ आफू जीवनमा वा जीवनभर आफ्नी प्रेमिकाको लागि समर्पित

भएको कुरा व्यक्त गरिएको छ । कविले 'म' लाई प्रेमको युद्धको योद्धा ठानेका छन् र भविष्यमा पनि त्यही योद्धा बनेर युद्धको प्रतिक्षा गरे जस्तै आफ्नी प्रेमिकाको प्रतिक्षा गर्ने कुरा व्यक्त गरिएको छ । यहाँ कवि 'म' ले आफ्नी प्रेमिका प्रिय तिमीलाई पर्खनकै लागि जीवनमा हाँस्न थालेको र हाँसिरहेको कुरा व्यक्त गरेका छन् ।

यसरी हेर्दा कविले प्रस्तुत कवितामा आफ्नो हाँसो खुसीको संसार नै आफ्नी प्रेमिका रहेको कुरा प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

**'फर्क दाजै फर्क' कविताको अध्ययन**

प्रस्तुत कविता राष्ट्रवादी भावले ओतपोत रहेको छ । प्रस्तुत कवितामा फर्क दाजै फर्क भन्दै आफ्नो राष्ट्र र राष्ट्रियताप्रति माया गर्नका लागि दाजै भनिने नेपाली दाजु-भाइलाई आग्रह गरेका छन् । यहाँ नेपालको धर्तीको माटो, यहाँको हावा-पानी, हिमालय जीवनका आनन्ददायी कुराहरू रहेकाले विदेशमा गएर बस्ने नेपालीहरूलाई कवि 'म' ले जसरी भएपनि आफ्नै देशमा फर्कन आग्रह गरेका छन् । नेपाल आमाका सन्तान हामी नेपालीले नै हाम्रो देशमा व्याप्त अत्याचार र शोषणको अन्त्य गर्नुपर्छ भन्ने कुरा कविले दाजैलाई सम्बोधन गर्दै व्यक्त गरेका छन् ।

नेपालले विश्वमा शान्ति स्थापनाका लागि अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैले आफ्नो देशमा पनि हामीले नै शान्ति, सद्भाव स्थापना गरि, देशलाई विकसित गराउनु पर्ने कुरा यहाँ व्यक्त गरिएको छ । त्यसैले प्रस्तुत कवितामा नेपाली माटो बन, पर्वत, खोला, हिमालय यहाँका सृष्टिभूमि, कला, सँस्कृति, रितिस्थिती नविर्सनका लागि कविले प्रत्येक विदेशी नेपालीहरूलाई आग्रह गरेका छन् ।

**'निमन्त्रणा' कविताको अध्ययन**

प्रस्तुत कवितामा कवि 'म' ले आफ्नो जीवनमा कुनै कुरा अधुरो, अपूरो रहेकाले तिमीप्रति सम्बोधन गरि तिमीलाई आफ्नो जीवनको अधुरा र अपूरा स्थान भरि दिनका लागि आग्रह गरेका छन् । यहाँ नैतिकता पनि अपूरो छ । त्यसैले कविले सारा नेपालीको व्यवहारमा नैतिकताको खाली ठाउँ पूरा गर्न आग्रह गरेका छन् । यहाँ हरेक स्थानमा वा हरेक ठाउँमा खाली स्थानहरू रहेका छन् । कविको आफ्नो जीवनमा पनि निकै खाली ठाउँ रहेको कुरा व्यक्त गर्दै कविले आफ्नी प्रेमिका तिमीलाई उक्त खाली ठाउँ भर्नका लागि आग्रह गरेका छन् । कवि 'म' को जीवनमा धेरै कुरा रिक्त अपूरा, अधुरा रहेकाले आफ्नी प्रेमीका तिमीलाई उक्त रिक्त स्थानको पूर्णकर्ता र पूराकर्ता ठानी उक्त स्थान भरिदिनका लागि नडराई आउन निमन्त्रणा गरेका छन् ।

**'आह्वान' कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले वर्तमानको अशान्त विश्वमा शान्तिको आह्वान गरेका छन् । कविले शान्तिलाई यो स्वच्छ धर्तीमा शोषण, अन्याय र जातिवादको धब्बा मेटाउन कथाको राजकुमार जस्तै भएर सुटुक्क आउन आह्वान गरेका छन् । कवि 'म' ले शान्ति तिम्रो प्रतिक्षा गर्दा र आउने बेलामा प्रतिक्षाको दियो बाली रहने कुरा व्यक्त गरेका छन् । यहाँ शान्ति आउँदा रणक्षेत्र रहेको पृथ्वी शान्त रहने र युद्धका घाउहरूमा खाटा बस्ने कुरा व्यक्त गरिएको छ । यहाँका घरहरू वेवारिसे लासहरूले भरिएका छन् । यहाँका मानिसको आयु अनिश्चित छ । त्यस्तो अवस्थामा शान्ति र सूरक्षाको चेतना तथा देश प्रेमको लहर लिएर आउनका लागि कवि 'म' ले शान्तिप्रति आह्वान गरेका छन् । शान्ति आउँदा कविले प्रत्येक व्यक्तिमा देश प्रेमको चेतना जाग्ने प्रत्येक व्यक्ति सहयोगी बन्ने हुनाले जसरी भएपनि नविर्सि उस धर्तिमा आउनका लागि कविले आह्वान गरेका छन् ।

**ज.'शब्दहरूको भूमि' फुटकर कविता सङ्ग्रहको प्रवृतिगत अध्ययन**

'शब्दहरूको भूमि' कविता सङ्ग्रहमा रहेका प्रवृत्तिपरक भावहरूलाई विभिन्न प्रकारले हेर्न सकिन्छ । तिनीहरू अन्तर्गत स्तुतिपरक भाव, प्रगतिवादी शब्दहरूको, समाज सुधार सम्बन्धी शब्दहरूको प्रमुख रहेका छन् । तिनीहरूलाई यस प्रकार देखाइन्छ :

**शब्दहरूको भूमिमा प्रतिविम्बत प्रशंसा वा स्तुतिपरक भाव**

प्रशंसामूलक रचनामा स्रष्टाले कसैले गरेको विशिष्ट कार्यको प्रशंसा गर्दछ । समाजमा विशिष्ट भूमिका निभाउने व्यक्ति वा संस्था समूहको विशिष्ट कार्यको प्रशंसा गर्दै कविता, आख्यान नाटक, निबन्ध लेखिन्छ । देशको निर्माणमा विशिष्ट व्यक्तिको विशिष्ट भूमिकालाई इतिहासले मूल्याङ्कन गरेको हुन्छ । देश र देशभक्तिको भावना जगाउनु यस्ता रचनाको उद्देश्य रहेको हुन्छ । यस्ता रचनामा देशको विकासमा आफ्नो जिउ ज्यान दिने शहीदहरूको उच्च मूल्याङ्कन गरिएको हुन्छ । विश्वमा अभिष्ट छाप राख्ने महामानवहरूको जीवनीलाई अमर बनाउन यस्ता रचनाले विशिष्ट भूमिका खेलेको हुन्छ ।

स्तुतिपरक भाव रहेका रचनामा स्रष्टाले आफ्नो रीतिरिवाज संस्कृतिका प्रधान देवताप्रति श्रद्धाभाव व्यक्त गरेको हुन्छ । स्रष्टाले आफूलाई सद्व्यवहार, सद्ज्ञान र सद्बुद्धिका लागि आफ्नो आराध्य देवको स्तुति गरेको हुन्छ । स्तुतिपरक रचनाको पूर्वीय र पाश्चात्य साहित्यमा लामो परम्परा छ । पूर्वीय साहित्यमा उसको विकास सबभन्दा बढी

मात्रामा भएको छ । यस्ता रचनामा स्रष्टाले आराध्य देवप्रति केही प्राप्तिको चाहना राखेको हुन्छ । त्यही चाहनामा धर्म, अर्थ, काम गौण रूपमा रहेको हुन्छ भने 'मोक्ष' प्रमुख रूपमा रहेको हुन्छ ।

दिनेश सेवाचार्यको 'शब्दहरूको भूमि' कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा त्यस्ता भावका कविताहरू पनि रहेका छन् । कविले शहीद र राष्ट्रका विभूतिहरूप्रति अगाध श्रद्धा व्यक्त गरेका छन् भने आफूलाई पनि अमरत्वको शक्ति प्राप्त होस भन्ने चाहना व्यक्त गरेका छन् ।

**शब्दहरूको भूमिमा प्रतिविम्बत राष्ट्रप्रेम**

मानिसको जन्म कुनै न कुनै परिवेशअन्तर्गत् नै हुन्छ । कविले पनि आफ्नो राष्ट्र प्रतिको भाव वा प्रेम कवितामार्फत् व्यक्त गरेका छन् । शब्दहरूको भूमि कविता सङ्ग्रहका अधिकांश कविताहरू राष्ट्रप्रेममा आधारित छन् । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा प्रकृतिप्रेम, देशप्रेम, कर्मप्रेम, जन्मभूमिको प्रेमको भावना व्याप्त छ भने शहीदप्रति श्रद्धा र बालकका भविष्य निर्माणको चिन्ता पनि अभिव्यक्ति रहेको पाइन्छ ।

**शब्दहरूको भूमिमा प्रतिविम्बत विकृति र विसङ्गति बोध**

मानिसले जीवन भोगाइका क्रममा विभिन्न मोड घुम्तीहरू पार गरिरहेको हुन्छ । मानिस जन्म र मृत्यको बीचमा बाँचेको हुन्छ । मानिस समाजमा बस्ने सामाजिक प्राणी हो । समाजमा विकृति र विसङ्गतिका पाटाहरू प्रसस्त हुन्छन् । मानिस चेतनशील प्राणी हो । ऊ चेतनशील भएकै कारणले उसका शब्दहरूको मार्फत् उसका जीवन भोगाइका आरोह अवरोध समाजका विकृति विसङ्गतिका पक्ष, मृत्युका छापहरू आउन थाल्छन् र मानिस त्यही विकृति र विसङ्गतिको सोचनामा आफूलाई विसङ्गत भएको ठान्छ । ऊ समय, समाज र मानवीय क्रियाकला प्रति केही गर्न सक्दैन र आफूलाई हीन सम्झन्छ । मानिसले इच्छा गरेको वस्तु प्राप्त नहुँदा पनि उसमा विसङ्गति पैदा हुन्छ । विसङ्गतिकै कारणले मानिसमा वितृष्णा, ग्लानि, निराशा, कुण्ठा, दुःख आदि उब्जिन्छन् । स्रष्टाले त्यही विसङ्गति बोधलाई आफ्ना रचनामा व्यक्त गर्दा विकृति /विसङ्गति बोधक रचना बन्दछ ।

दिनेश सेवाचार्यको **'शब्दहरूको भूमि'** कविता सङ्ग्रहमा पनि विकृति र विसङ्गति बोधक कविताहरू रहेका छन् । कवि सेवाचार्यले आफू जन्मेको समाज र त्यसको नराम्रा पक्षले आफूमा परेको प्रभावलाई प्रस्तुत कवितामा व्यक्त गरेका छन् । आफूले सोचेको

जस्तो समाज नभएको पीडा उनमा परेको छ । नेपालमा प्रजातन्त्रको पुनर्वहाली पछि जनताले जुन आशा र भरोसा राखेका छन् त्यो नपाएपछि उनमा विसङ्गति बोध भएको छ । कवि सेवाचार्यले यिनै विकृति र विसङ्गतिलाई आफ्नो कवितामा व्यक्त गरेका छन् । उनले आफ्ना कवितामा समयले पारेको असर र त्यसले कविमा जन्माएको विसङ्गतिलाई पनि व्यक्त गरेका छन् । प्रस्तुत सङ्ग्रहमा समाजले जन्माएको विसङ्गति, समयले जन्माएको विसङ्गति र राजनीतिक परिवर्तन पछिको विसङ्तिलाई प्रस्तुत गरिएको छ ।

**शब्दहरूको भूमिमा प्रतिविम्बत समाज सुधार**

समाजमा भएका परम्परित धारणाको विरोध गर्ने प्रवृति समाज सुधारको साहित्यमा हुन्छ । समाजको विकास समाजकै नागरिकबाट सम्भव छ । समाजका खराव कुराहरूको परिष्कार गरी सभ्य समाजको निर्माण गर्नु पर्छ भन्ने भाव समाज सुधार प्रवृत्तिका कवितामा हुन्छन् । समाजको सुधार गर्न कुनै क्रान्ति आवश्यक हुँदैन । भन्ने यस प्रवृत्तिको मान्यता हो । उसले समाजको खराव पक्षको विरोध गर्छ तर विद्रोह गर्दैन । उसलाई प्रगतिशील साहित्य पनि भनिन्छ । उसले न्याय, समानता, स्वतन्त्रताको पक्षमा वकालन गर्छ । उसले आफ्ना विचारमात्र सुनाउँछ तर विचारमा लाग्न र रूपवादी ढर्राबाट मुक्त हुन आग्रह गर्दैन । उसले समाजका प्रत्येक व्यक्ति सभ्य हुनु पर्छ उनीहरू सुसंस्कृत र परम्परालाई धान्दै अघि बढाउने हुनु पर्छ भन्ने विचार राख्दछ ।

दिनेश सेवाचार्यको **'शब्दहरूको भूमि'** कविता सङ्ग्रहका कविताहरूमा यस्तै किसिमका भावहरू रहेका छन् । कवि सेवाचार्य आफू जन्मेको समाजमा भएको विकृति र विसङ्गीतको विरोध गरी समाजलाई सभ्य बनाउने पक्षमा रहेका छन् । जबसम्म समाजका सुधारका रेखाहरू देखिदैनन् तबसम्म मानवको विकास हुँदैन । समाजमा भएका गरिबी, अशिक्षा, जस्ता कुराको अन्त्य गरी समाजलाई सभ्यतातर्फ डोऱ्याउनु पर्छ । नेपाली समाजमा नचाहिँदा खराव पक्ष प्रसस्त रहेका छन् । त्यसका लागि समाजको आमूल परिवर्तन गर्न शिक्षाको उज्यालो छर्नु पर्छ । प्रत्येकले आ-आफ्नो तुच्छ स्वार्थलाई छाडी समाज र देशको सेवामा लाग्नु पर्छ । प्रत्येक नेपालीले आपसी सहयोग र सद्भावको नातालाई फराकिलो पार्नु पर्छ । तबमात्र देशको विकास हुन्छ भन्ने भावना प्रस्तुत सङ्ग्रहमा पाइन्छ ।

**शब्दहरूको भूमिमा प्रतिविम्बत प्रगतिवादी चिन्तन**

प्रगतिवाद मार्क्सवादी चिन्तन नजिकको सौन्दर्य शास्त्रीय चिन्तन हो । समाजमा विद्यमान परम्परित रूडी मान्यता, अन्धविश्वास, कुसंस्कारहरूको विरूद्ध समाजको क्रान्तिकारी परिवर्तन गरी वैज्ञानिक मान्यताको स्थापना गर्ने साहित्यिक मान्यता हो । उसले समाजलाई प्रमुख आधार बनाउँछ । उसले मानवदित, मानव कल्याण र वर्गहीन तथा शोषणरहित समाजको निर्माण गर्ने उद्देश्य राख्दै लोक कल्याण राष्ट्र निर्माणलाई प्रमुख ध्येय बनाउँछ । उसले समाजका विद्यमान समाज व्यवस्थालाई बदली शोषणहीन समाजको निर्माण गर्न आग्रह गर्छ र साहित्यको उद्देश्य पनि त्यही मान्दछ । अन्याय तथा शोषण रहित भविष्यप्रति आस्था र विश्वास राख्दछ । उसले विश्वमानवतालाई महत्व दिन्छ । जनतालाई सीमित दायराबाट युक्त र स्वतन्त्र राख्दछ । जाति, वर्ग, वर्ण, व्यवस्थाबाट पनि समाजलाई मुक्त राख्दछ ।

**'शब्दहरूको भूमि'** कवितासङ्ग्रहका कविताहरूमा प्रयोगवादी भावावेगका क्रममा देखिएका समाजका अन्याय, रूढि मान्यता, अन्धविश्वास तथा कुसंस्कारहरूको प्रगतिवादी दृष्टिले हेरिएको पाइन्छ । प्रस्तुत कविता सङ्ग्रहका कवितामा प्रयोगवादी विचरणका क्रममा समाजलाई उन्नति र प्रगतिको बाटोमा लैजाने भावका कविता प्रस्तुत गरिएको छ । प्रगतिवादी शब्दहरूकोले भरिएका कविताहरूलाई निम्न लिखित किसिमले देखाउन सकिन्छ ।

# छैटौँ परिच्छेद

## ६.१ निष्कर्ष

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत दिनेश सेवाचार्यको जीवनी पक्षबारे चर्चा गरिएको छ । दिनेश सेवाचार्यको जन्म वि. सं. २०१६ पुसमा काभ्रे जिल्लाको बनेपा न.पा वडा नं. ६ मा भएको हो । बाबु विष्णुप्रसाद सेवाचार्य र आमा ज्वालादेवी सेवाचार्यका छोराका रूपमा यिनको जन्म भएको थियो । यिनको न्वारनको नाम दिनेश सेवाचार्य हो । यिनी बाल्यकालमा केही सरल र भद्र स्वभावका देखिए तापनि युवा अवस्थामा पुग्दा यो स्वभाव झन् गहन भएर गएको पाइन्छ । मध्यम स्तरीय परिवारमा जन्मेका सेवाचार्यको बाल्यकाल जन्मस्थानकै वातावरणमा सुखपूर्वक बितेको थियो । गाउँका सबै साथीभाइहरू पढ्न गएको देखेर आफू पनि पढ्न जान भनी झगडा गर्ने सेवाचार्य बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि र प्रतिभावान् व्यक्ति थिए । ५ वर्षको उमेरमा आजाद मा. वि मा शिशु कक्षामा भर्ना भएका सेवाचार्यले यसै मा. वि. बाट १६ वर्षको उमेरमा एस्. एल्. सी. उत्तीर्ण गरे पश्चात सेवाचर्यको उच्च शिक्षाको अध्ययन वणिज्यशास्त्रबाट अगाडि बढेको पाइन्छ र काठमाडौंको शङ्करदेव क्याम्पसबाट स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेको पाइन्छ ।

दिनेश सेवाचार्यको परिवारको आर्थिक अवस्था प्रारम्भमा सामान्य भए पनि वर्तमान केही सन्तोषजनक रहेको पाइन्छ । जीवनभर जनसेवा र साहित्यसेवामा समर्पित भएका सेवाचार्यको १५ वर्षको उमेरमा गृहनिवासमा केटादान संस्कार सम्पन्न भएको पाइन्छ ।

अत्यन्त सरल र मिजासिलो स्वभावका सेवाचार्य त्यत्तिकै इमान्दार, सहयोगी र उदार भावनाका पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी

साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा दार्शनिक ग्रन्थको अध्ययनका साथसाथै समाजसेवामा रुचि राख्दछन् । सेवाचार्य कार्यक्षेत्रका दृष्टिले मुख्यतः अध्ययन र साहित्यसेवामा संलग्न भएका व्यक्ति हुन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने सेवाचार्य विभिन्न सङ्घ संस्थाप्रति संलग्न रहेको पाइन्छ । उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । केही क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने सेवाचार्यले विविध उद्देश्यलाई लिएर स्वदेशका विभिन्न ठाउँका अतिरिक्त विदेशमा भारतको भ्रमण गरेका छन् । साहित्य साधना, सामाजिक कार्य नै सेवाचार्यका जीवनका मूल कार्यहरू रहन गएका छन् । धर्मलाई मान्नुपर्दछ भन्ने सेवाचार्य मानवसेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ । कसैको दास भएर मानवता गुमाउनु हुन्न । कुनै आशा नगरी कुनै पनि क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ र जीवनमा जस्ता अप्ठ्यारा आइपर्छन् तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा सेवाचार्यमा रहेका छन् । जीवनलाई सङ्घर्ष, क्रियाशील र परिवर्तनगामी रूपमा हेर्ने सेवाचार्य प्रतिभा सम्पन्न व्यक्तिका रूपमा देखिन्छन् । २०६४ सालमा क्यान्सर जस्तो भयनक रोगले ग्रस्त भई उनले उस संसारबाट बिदा लिएका छन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत दिनेश सेवाचार्यको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा ठीकै देखिने सेवाचार्य शारीरिक रूपले आकर्शक देखिन्थे । सेवाचार्यको स्रष्टा व्यक्तित्व कविका रूपमा फैलिएको छ भने साहित्येतर व्यक्तित्व अन्तर्गत समाजसेवक व्यक्तित्व रहेको छ ।

**चौथो परिच्छेद**अन्तर्गत सेवाचार्यको लेखनयात्रा र सङ्क्षिप्त कविता र निबन्ध सङ्ग्रहको सैद्धान्तिक परिचय दिइएको छ । बाल्यकालदेखिनै कृतिलेखनको कार्य प्रारम्भ गरेका सेवाचार्यको लेखनयात्रा कृतिलेखन र भाषाशैलीको परिष्कृत र परिमार्जित किसिमको देखापर्दछ । पहिलो चरण आभ्यासिक चरण हो भने दोस्रो चरण उनलाई निबन्धकार कविका रूपमा प्रतिष्ठापित गराउने चरण हो । कविता सङ्ग्रहको सैद्धान्तिक परिचय प्रस्तुत गर्ने क्रममा कविता सङ्ग्रहको स्वरूप, परिभाषा र नेपाली कविता सङ्ग्रहको विकास जीवन भोगाइको निरूपण पनि यसै परिच्छेदअन्तर्गत गरिएको छ ।

**पाँचौं परिच्छेद**अन्तर्गत दिनेश सेवाचार्यका **'मनस्विताको खोजी'** (निबन्ध संग्रह २०६४) **'अक्षर सम्मेलन'** (चिन्तन सङ्ग्रह २०६४) र एकमात्र प्रकाशित **शब्दहरुको भूमि** (२०५८) कविता सङ्ग्रहको विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

**छैटौं परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा अध्ययन र साहित्यको सेवा गर्दागर्दै जीवनलाई आहुति दिएका सेवाचार्य नेपाली साहित्यका कुशल स्रष्टा  छन् । केही क्षेत्रमा देखिएको उनको प्रतिभाले सेवाचार्य नेपाली साहित्यका क्षेत्रमा एक उच्च सेवी व्यक्तिका रूपमा चिनिएका छन् । साहित्यका अतिरिक्त सामाजिक क्षेत्रमा देखापरेका उनको योगदान महत्वपूर्ण रहेको पाइन्छ । यिनका जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको परिवर्तनकारी र विकासकारी भूमिकाले सेवाचार्य सशक्त साधक व्यक्तित्वका रूपमा स्थापित भएको पाइन्छ । अथक परिश्रम, निरन्तर साधना र समर्पणकारी भूमिकाद्वारा सेवाचार्यले नेपाली साहित्यको निबन्ध र कविता विधालाई उल्लेख्य योगदान दिन सफल देखिन्छन् ।

यसरी हेर्दा नेपाली साहित्यको क्षेत्रमा दिनेश सेवाचार्य एक उल्लेखनीय प्रतिभा हुन् । विभिन्न व्यक्तित्वका दृष्टिले सेवाचार्य धनी रहेका छन् । विभिन्न क्षेत्रमा सेवा पुऱ्याइसकेका सेवाचार्यका जीवनका विभिन्न पाटाहरु रहेका छन् । सेवाचार्यले विशेष गरी नेपाली साहित्यको कविता र निबन्ध विद्यामा कलम चलाएको पाइन्छ । सेवाचार्यले सानैदेखि साहित्य रचना गरेपनि २०६३ देखि आफ्ना रचना प्रकाशनमा ल्याएका छन् । **'शब्दहरुको भूमि'** कविताबाट आफ्नो साहित्यिक यात्रा थालेका सेवाचार्यको **'शब्दहरुको भूमि'** एउटा कविता सङ्ग्रह र '**मनस्विताको खोजी**' र **'अक्षर सम्मेलन'** निबन्ध सङ्ग्रहहरु प्रकाशित छन् । सेवाचार्यको '**शब्दहरुको भूमि'** कविता सङ्ग्रहमा रहेका कविताहरुमा पाश्चात्य समालोचनामा वर्णन गरिएको उत्तर प्रयोगबादी ढाँचालाई अपनाइएको छ । सरल भाषा, मुक्तक देखि फुटकर आयाम सम्मका लम्बाइ रहेका उनका कवितामा निरिश्वरवादी बैज्ञानिक, दार्शनिक दर्शनलाई मुख्य विषय बनाएको पाइन्छ । **'मनस्विताको खोजी'** पत्रात्मक निबन्ध सङ्ग्रहमा पाश्चात्य उत्तर प्रयोगवादी निबन्ध ढाँचामा विकसित निपत्रात्मक शैलीलाई अपनाइएको छ भने मानिसको चैतन्यको बन्धन र मुक्त

सम्बन्धी आध्यात्मिक, बैज्ञानिक आध्यात्म दर्शनलाई मुख्य विषय बनाइएको छ । उक्त कृतिमा पश्चिमी सम्बोधनात्मक ओज शैलीको प्रयोग गरिएको छ । **'अक्षर सम्मेलन'** चिन्तन सङ्ग्रह विशेष गरी चिन्तन परक निबन्ध सङ्ग्रह हो । उक्त कृतिमा पूर्वीय शिवद्वैतसँग मिल्ने भौतिक दर्शनलाई मुख्य विषय बनाइएको छ । प्रस्तुत कृतिमा सरलताभित्र जटिल भाषा र भावले गर्दा ओजपूर्ण रहेको पाइन्छ । उत्तर प्रयोगबादी नेपाली साहित्यसँग विशेष सम्बन्धित रहेर सिहित्य सिर्जना गर्ने सेवाचार्यले आफ्ना रचनाहरुलाई मुर्त रुप दिँदा दिदै यस संसारबाट बिदा भएको पाइन्छ ।

## ६.२ सम्भावित शोध शीर्षक

सेवाचार्यको बारेमा अझ गहन र व्यापक खोज अनुसन्धानको आवश्यकता रहेको छ । उनका बारेमा भविष्यमा अध्ययन तथा खोज गर्नका निम्ति निम्न लिखित शिर्षकहरु सम्भाव्य रहेका छन् :

(क) दिनेश सेवाचाार्यको निबन्धहरुको अध्ययन ।

(ख) दिनेश सेवाचार्यको **'शब्दहरुको भूमि'** कविता सङ्ग्रहको सङ्क्षिप्त अध्ययन ।

(ग) दिनेश सेवाचार्यको दार्शनिक कृतिहरुको अध्ययन ।

(घ) प्रयोगवादी नेपाली साहित्यमा सेवाचार्यको योगदान र स्थान ।